# अध्याय एक

# शोधको परिचय

## १.१ शोधको संक्षिप्त परिचय

नेपाल भौगोलिक, सांस्कृतिक र प्राकृतिक विविधतायुक्त सौन्दर्यले भरिएकोले पर्यटकीय सम्भावना बोकेको राष्ट्र हो । अनुपम प्राकृतिक सौन्दर्य, प्रचूर जैविक विविधता, बहुजातीय, बहुभाषिय, बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल, विश्व पर्यटन मानचीत्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । पर्यटन नेपालको आर्थिक क्षेत्रमा योगदान पुऱ्याउने मुख्य सम्भाव्य क्षेत्र हो । यसको तुलनात्मक फाइदा तिन शब्दमा व्याख्या गर्न सकिन्छ; प्रकृति, साहासिक क्षेत्र र संस्कृति । नेपालको भौगोलिक स्वरुप, जैविक विविधता र यहाँको सामाजिक तथा सांस्कृतिक प्रर्याप्तता अन्तराष्ट्रिय पर्यटनको मुख्य आकर्षण हुन् । नेपाल जस्तो विकासोन्मुख राष्ट्र, जस्को निर्यातको लागि प्रर्याप्त उत्पादन छैन, पर्यटन आर्थिक आयात गर्ने मुख्य क्षेत्र हुन सक्छ ।

नेपालमा औपचारिक रूपमा सन् १९५१ देखि अन्तर्राष्ट्रिय पर्यटकहरूको लागि आगमन खुल्ला गरिएको थियो । त्यस समय यता प्राकृतिक, सांस्कृतिक र साहासिक पर्यटकीय यात्रा गर्ने गन्तव्यको रूपमा रहेको छ । यस क्षेत्रमा नेपाल सरकारको ध्यान पहिलो पञ्च वर्षीय विकास योजना (१९५६-६०) देखि नै रहेको देखिन्छ, जस्ले पर्यटन क्षेत्रमा पुर्वाधार विकासको आवश्यकता पहिचान गरेको थियो । तेस्रो राष्ट्रिय विकास योजनाले नेपालमा पर्यटक सङ्ख्या बढाउने, पूर्वाधारहरूको विकास गर्ने र अर्न्तराष्ट्रिय बजार विस्तार गर्ने जस्ता लक्ष्य राखेको थियो । पर्यटन क्षेत्रको विकासमा नेपाल सरकार नियमित रूपमा लागि परेको देखिन्छ जसअनुरुप सन् १९५७ मा पहिलो पर्यटन संस्थाको रूपमा पर्यटन मन्त्रालयका रूपमा स्थापना भयो । अहिले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको नामले रहेको छ । नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक, क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुरयाउँदै आएको छ । देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण र विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ (Ministry of Culture, Tourism and Civil Aviation,2018, p-1)।

सुदूरपश्चिम पाकृतिक र सांस्कृतिक सुन्दरताले पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । यस क्षेत्रमा तराईदेखि हिमालसम्म भौगोलिक, पर्यावरणीय र सांस्कृतिक विविधता रहेका छन् । त्यस मध्ये कैलाली जील्ला पनि एक हो । यहाँ पर्यटकीय आकर्षणका विभिन्न किसिमका भौगोलिक र सांस्कृतिक पक्षहरू रहेका छन जस्तै घोडाघोडी सिमसार क्षेत्र, टीकापुर पार्क, कर्णाली नदी, गोदावरी, धनगढी र सुख्खड । कैलाली जिल्लाको घोडाघोडी क्षेत्र यी मध्येको पाकृतिक तथा सांस्कृतिक विषेशताले भरिएको

सुन्दर क्षेत्र हो । सन् २००३ अगस्ट १३मा यस क्षेत्रलाई रामसार सिमसार क्षेत्रअन्तर्गतको सूचिमा समेत सूचिकृत गरिएको थियो । (Khanal, 2010 p-12)। यसक्षेत्रसँग जोडिएका पीठ र यस क्षेत्रका मुख्य आदिबासी थारु जतिका आफ्नै रिति र संस्कारहरु रहेका छन् । घोडाघोडी क्षेत्र यस किसिमको पाकृतिक र सांस्कृतिक विविधताका कारण पर्यटकीय सम्भावना रहेको क्षेत्र हो । यद्धपि,सांस्कृतिक पर्यटनसँग सम्बन्धीत तथ्याङ्क प्रयाप्त रहेको पाइदैन । यसको अनुसन्धानात्मक विश्लेषण गरिनु आजको आवश्यक्ता देखिन्छ जुन यि बिषयबस्तुमा यो अध्ययनको प्रमुख खोज केन्द्रित छ ।

### **१.२ समस्याको कथन**

नेपाल वतावरण र संस्कृतिले भरिएको विकासोन्मुख राष्ट्र हो । समथर तराईदेखि हिउंले पोतिएको हिमाली क्षेत्रसम्म भौगोलिक, सामाजिक तथा सांस्कृतिक तथा पर्यावरणीय विविधताले भरिएको छ । नेपालको सन्दर्भमा पर्यटन आर्थिक रूपमा मात्र नभएर वातावरणीय र सांस्कृतिक रूपमा पनि महत्वपूर्ण रहेको देखिन्छ । वातावरणीय तथा सांस्कृतिक दुवैमा पर्यटनको सम्भावना नेपालमा रहेको देखिन्छ । पर्यटकीय आकर्षणका यथेष्ठ सम्भावनाका स्रोतहरु यहाँ रहेका छन् । यस सन्दर्भमा, सुदूरपश्चिम प्राकृतिक र सांस्कृतिक विविधताले आन्तरिक र बाह्य पर्यटकहरूको लागि गन्तव्य हो । पर्यटनको प्रयाप्त सम्भावना रहेको यो क्षेत्र जुन रूपमा पर्यटनको विकास भएको हुनु पर्ने हो त्यो हुन सकेको छैन । श्रोत र सम्भावना त्यति नै रहे पनि जति हिमाली र पुर्वी क्षेत्र पर्यटनमा अगाडि छ त्यति तराई तथा सुदुरपश्चिमि क्षेत्र रहेको देखिदैन ।

नेपालमा सांस्कृतिक विविधतासंगै सांस्कृतिक पर्यटनको सम्भावना रहेको छ । त्यसमध्ये, घोडाघोडी सिमसार क्षेत्र एक हो जुन कैलाली जिल्ला अन्तर्गत पुर्वपश्चिम राजमार्गको काखमा रहेको छ । रमणिय प्रकृतिक दृष्य हुनुका साथै यस क्षेत्र वरिपरिको धार्मिक पुरातत्व र संस्कृतिक विभिद्धता एक ठाँउमा रहेको देखिन्छ । यस्ता क्षेत्रहरु पर्यटकको मुख्य गन्तव्यको रूपमा अगाडि आउन सकेका देखिदैन । त्यसैले, घोडाघोडि सिमसार क्षेत्र अध्ययन तथा अनुसन्धानको लागि आवश्यक क्षेत्र हो । यो समस्याको आधारमा यस अध्ययनले निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने जमर्को गरको छ ।

क) घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको अवस्था कस्तो छ ?

ख) घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावनाका क्षेत्रहरु के के हुन् ?

ग) सांस्कृतिक पर्यटन विकासका मुख्य चुनौती के छन् ?

### **१.३ अध्ययनको उद्देश्य**

घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनमो सम्भावना अध्ययन गर्नेमा केन्द्रीत रहेको यो अनुसन्धानका निम्न प्रकारका विशिष्ट उद्देश्यहरू रहने छन् ।

क. घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको अवस्था विश्लेषण गर्नु ।

ख. घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावनाका क्षेत्रहरु विश्लेषण गर्नु ।

ग. सांस्कृतिक पर्यटन विकासका मुख्य चुनौती पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनमा घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको अवस्थालाई विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको क्षेत्र भौगोलिक रूपमा सानो भएपनि यसले सांस्कृतिक पर्यटनको एक सुक्ष्म अध्ययन गरिएको छ । साथै यस अध्ययनबाट सांस्कृतिक पर्यटनका विकासमा के कस्ता समस्याहरु पनि पहिचान गर्न सकिन्छ। अर्को शब्दमा भन्दा यस अध्ययनले घोटाघोडी क्षेत्रको सांस्कृतिक पर्यटनको वर्तमान अवस्थाका विषयमा जानकारी दिन यो अध्ययन भविष्यमा गरिने अनुसन्धानात्मक कार्यहरुका लागि समेत महत्वपूर्ण स्रोत हुन सक्छ । स्थलगत अध्ययन मार्फत उपर्युक्त शोधविधिको प्रयोग गरिको हुनाले यस अध्ययनले अरु अनुसन्धान कर्ताहरुलाई समेत सहयोग पुऱ्याउन सक्छ ।

## १.५ अध्ययनको सीमा

सीमित साधनस्रोत र  समयका कारणले गर्दा हरेक अध्ययनका केहि निश्चित सीमाहरू हुने गर्दछन् । यो अध्ययन पनि त्यो सीमाबाट सकेसम्म अछुतो रहको छैन ।यो अध्ययनको अध्ययन क्षेत्र घोडाघोडी क्षेत्र हो ।  यो अध्ययन क्षेत्रको सांस्कृतिक पर्यटनमा मात्र सिमित रहेको छ, । निश्चित विधिको प्रयोग गरि नमुना छनोट, तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

## १.६सन्दर्भ साहित्यको समीक्षा

शोधकार्यको लागी पूर्व साहित्य समिक्षा एक अत्यन्त महत्वपूर्ण पाटो हो । अग्रज बिद्वानहरुले गरेका कार्यको समीक्षाबाट भावि सोध तथा अनुसन्धानलाई मार्ग निर्देशन मिल्दछ । जसबाट बिभिन्न बिद्वानहरुका शोध खोजमा नसमेटिएका विषय र बस्तुलाई प्रकाशमा ल्याउन सकिन्छ । घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावनाको बारेमा अध्ययन यस शोधमा गरिएको छ । शोधसँग सम्बन्ध राख्ने लेख, रचना, पुस्तक, फरकफरक बिचार प्रकाशमा आएका छन । प्राप्त यस क्षेत्रसँग सबन्धित हुने पुस्तक तथा लेख, रचनाको समिक्षा यहाँ प्रस्तुत गरिएको छ ।

नेपालको प्राकृतिक, भौगोलिक, र सांस्कृतिक विविधताका कारण विभिन्न किसिमका पर्यटनको सम्भावना रहेको छ । तर थोरै प्रकृतिका पर्यटन संचालन भई रहेका छन् । नेपालमा रमाइलो गर्ने पर्यटक, व्यापार गर्ने पर्यटक, साहासिक पर्यटक, र सांस्कृतिक तथा धार्मिक पर्यटक आउने गरेको देखिन्छ । नेपाल जस्तो सांस्कृतिक विविधता रहेको र सास्कृतिक सम्पदाको खानि भएको देशको सन्दर्भमा सांस्कृतिक पर्यटन महत्वपूर्ण पर्यटन क्षेत्र हो । (Satyal, 2002, p-1) ।

यो शोधपत्रमा सांस्कृतिक पर्यटनमा भएका विविध पक्षबाट पर्यटनको व्यवसायलाई बढाउन सकिन्छ । जसका लागि संस्कृति महत्वपूर्ण आयम बन्न सक्छ भन्ने कुराको खोजी गरिएको छ । जुन शोधपत्र घोडाघोडी ताल क्षेत्रका लागी उपयुक्त मानिन्छ, किनकी यसको अध्यनबाट यस घोडाघोडी ताल क्षेत्रको सांस्कृतिक पक्षको पहिचान भई यिनिहरुलाई पर्यटकीय व्यबसायमा उपयोग गर्न सकिन्छ भन्ने

कुराको ज्ञान यस शोधबाट थाहा पाइन्छ । त्यसैले यो शोध घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको संम्भावना बृद्धिका लागि महत्वपूर्ण साबित हुन्छ ।

Mill and Morrison का अनुसार पर्यटन क्षेत्र अन्य क्षेत्रबाट अलगिएर रहन सक्दैन । तिन क्षेत्रहरु पर्यटनसंग जोडिएका छन ; पहिलो यातायात, दोस्रो सुविधा र तेस्रो आकर्षण पर्दछन् । पर्यटकलाई आकर्षण गर्न क्षेत्र विषेश विषेशता हुनु आवश्क हुन्छ (उधृत,Upadhyaya, 2008 p-7)।

यस शोधपत्रले पर्यटन क्षेत्रलाई चाहिने बिषयबस्तुको बारेमा उल्लेख गरेको छ । जुन पर्यटकीय क्षेत्रसँग नङ र मासुको सम्बन्ध रहन्छ भन्ने कुरा अबगत गराउँछ् यसरी घोडाघोडी ताल क्षेत्रमा पर्यटन आर्कषणको लागी यातायात लगायतका अन्य सेवासुबिधामा जोड दिनु पर्छ भन्ने कुरा यस शोधपत्र बाट थाहा पाईनेहुनाले अध्यनको लागि महत्वपूर्ण मान्निछ ।

विश्वमा पर्यटन नयाँ उद्योग क्षेत्र हो जुन फस्टाउँदो देखिन्छ । पर्यटनको औपचारिक इतिहाँस १६७ वर्ष भन्दा पुरानो छैन । पर्यटनको अवधारणा सन् १८४१मा थोमस कुकले विकास गरेका थिए जस्लाई यस्को सुरुवातकर्ता नै मनिन्छ । सुरुवातमा उनले एउटा पर्यटकीय कार्यक्रम व्यवस्था गरे र त्यो व्यापारिक प्याकेजको रूपमा ५७० जनालाई बेचे । उनले स्कटल्यान्डको चक्रिय पर्यटनको आयोजना गरि ५००० पर्यटक सन् १८४१ देखि १८६३ सम्म घुमाए । नेपालको सन्दर्भमा पनि यो एक नयाँ र सम्भावना रहेको क्षेत्र हो । यद्धपि यसका सकारात्मक तथा नकारात्मक असरहरु रहेका हुन्छन् । यस्ले आर्थिक अवसर सिर्जनासंगै स्थानिय श्रोत र साधनको बचाउ पनि गर्छ (Pradhananga,2009 p-31) ।

पर्यटनको इतिहासले फड्को मारेको बृतान्त यस पुस्तकमा पाइन्छन जुन पर्यटन उधोगको समयसँगै माग बढ्दै गएको, पहिलेको स्वरूपमा आएको परिबर्तन जस्ता कुराको प्रष्ट उल्लेख गरिएको छ । नेपालको पर्यटनको संम्भावनालाई सशक्त रूपमा नेपालका ग्रामीण भेगतिर उपयोग गर्न सकिन्छ भन्ने कुरामा जोड दिएको यस पुस्तकबाट घोडाघोडी ताल क्षेत्रमा पनि पर्यटकीय सम्भावनाका लाई बढाउन सकिन्छ भन्ने कुराको ज्ञान यस पुस्तकबाट पाइने हुनाले यस क्षेत्रका लागि यो पुस्तक महत्वपूर्ण ठानिन्छ ।

पर्यटनलाई विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । शाब्दिक अर्थ लगाउने हो भने पर्यटन ल्याटिन शब्द ‘टेमेर’ (tomare) र ग्रीक भाषाको ‘टोर्नोस’ (tornos) बाट लिएको हो जस्को अर्थ एक ठाँउबाट अर्को ठाँउमा जानु, घुम्नु वा आफ्नो क्षेत्रबाट टाढा जानु भन्ने रहन्छ । पर्यटनमा घुम्ने कुरा आउंछ तर सबै घुमाई पर्यटकीय नहुन सक्छ । पर्यटन भने पछि तिन कुरा आउछन्: पहिलो, व्यक्ति आफ्नो संधैको क्षेत्र देखि टाढा बस्छ, दोस्रो, बसाइ उद्धेश्य स्वरुप रहन्छ, र तेस्रो, त्यस्तो घुम्ने व्यक्ति एकवर्ष भन्दा धेरै बस्नु हुन्न (Ugurlu, 2010,p-2) ।

पर्यटनको परिभाषालाई चित्रण गरिएको यो पुस्तक यस शोधका लागि एक महत्वपूर्ण पुस्तक हो । सन् 2010 ताकाको पर्यटकको बसाई अबधि, उद्धेश्य प्रष्ट चर्चा गरिएको छ । यस पुस्तक बाट घोडाघोडी ताल क्षेत्रमा आउने पर्यटकहरु हुनका लागी चाहिने मापदण्डलाई तुलना गर्न सकिन्छ उद्धेश्य,

बसाईअवधिको सूचक निर्धारण गर्न यस ताल क्षेत्रका लागी सहयोग पुग्छ जुन पुस्तक अध्यनका लागि महत्वपूर्ण मानिन्छ ।

पर्यटनको परिभाषा जस्तै यसको वर्गीकरण सजिलो छैन । विभिन्न अध्ययनकर्ता यसलाई विभिन्न प्रकारमा व्याख्या गरेका छन् । विश्वमा हुने गरेका पर्यटनहरु साहासिक पर्यटन, व्यापारिक पर्यटन, सास्कृतिक पर्यटन, विपद पर्यटन, धार्मिक पर्यटक, पर्यावरणीय पर्यटन, खेल पर्यटन आदि रहेको देखिन्छ । उद्धेश्य जे रहे पनि घुम्न आउने पर्यटकसँगै त्यस क्षेत्रको आर्थिक आयआर्जन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएको हुन्छ(Pradhan, 2013,p-1) । पर्यटनको प्रकार र यो व्यवसाय आर्थिक उपार्जनसँग रहेको कुरा समाबेश यस पुस्तक बाट घोडाघोडी ताल क्षेत्रमा आउने पर्यटकहरुलाई बर्गीकरण गर्न सजिलोभई फरकफरक उद्धेश्य अनुरुपको पर्यटकीय व्यवसायको क्षेत्र निर्धारण गर्न सहज हुन्छ ।

सांस्कृतिक पर्यटनको परिभाषामा एक मत रहेको छैन । पर्यटनमा यस शब्दको प्रयोगले व्यापक रूपमा सांस्कृतिक अभिव्यक्ति जस्तै, पुरातत्व, कला, लोकवार्ता आदिलाई बुझाउँछ । यो यसकिसिमका भौतिक कुरामा मात्र नभएर अभौतिक कुरा जस्तै, स्थानीय समुदायको जीवनशैली र रितिथितिसँग पनि जोडिएको छ । विशेष गरि तीन किसिमका पहिचान ; राष्ट्रिय स्मारकको प्रवर्द्धन, सांस्कृतिक विकलपको वृत सिर्जना र समुदायको पहिचान हुनुमा यसको महत्वपूर्ण योगदान रहेको देखिन्छ (Seyed, 2016, p-74) ।

यो लेखमा सेयेदले सांस्कृतिक पर्यटनले भौतिक पक्षलाई मात्र नभई अभौतिक पक्षलाई पनि समाबेश गर्नु पर्छ जसले पर्यटनको आकर्षणमा महत्वपूर्ण योगदान रहन्छ भन्ने कुराको अध्यन गरिएको छ । जुन लेखको अध्यनबाट घोडाघोडी ताल क्षेत्रमा रहेको अभौतिक सांस्कृतिक पक्षको खोज, प्रस्तुतिमा मनोबल बढाउन ठूलो भूमिका खेल्ने हुनाले महत्वपूर्ण ठानिन्छ ।

नेपालको पर्यटनको वर्तमान स्थिति हेर्दा, पर्यटकीय गन्तव्य स्थल तथा पर्यटकीय सम्पदा संरक्षण, पर्यटकको सुरक्षा, सेवा सुविधाको संख्यात्मक र गुणात्मक वृद्धि, पर्यटकीय पूर्वाधार विकास सम्बन्धी विषयमा सरकार तथा निजी क्षेत्र वीच समन्वयात्मक भूमिका रहेको छ । पर्याप्त मात्रामा पर्यटकको आगमन भएमा पूर्वाधारको विकास गर्ने वा पूर्वाधारको विकास भएमा पर्यटकको सङख्यामा बृद्धि हुने विषयमा देखिएको अन्योलता यथावत रूपमा रहेको छ । पर्यटक स्थलमा पर्यटक, स्थानीय समुदाय र नागरिक वीच अपेक्षित समन्वय कायम हुन नसकेको कारणबाट यदाकदा विसँगति देखिने गरेको छ । द्वन्दकालमा क्षतिग्रस्त पर्यटन विकाससंग सम्बद्ध संरचनाको पुनर्निर्माण एवं विस्तारमा ध्यान केन्द्रित गर्नु पर्ने भएको छ।

यस मन्त्रालयको उध्रत सुझाब परिचय खण्डमा पर्यटन क्षेत्रको त्रिस्तारका लागि सरोकारवाला पक्षमा साझेदारी र स्थानीय पूर्वाधारको समेत विकास निर्माणमा सबैले विचार गर्नुपर्दछ भन्ने सन्देश यस

मन्त्रालयले दिएको छ । जुन पाठ घोडाघोडी ताल क्षेत्रमा दीर्घकालीन पर्यटन सेवा बिस्तारका लागि आवश्यक छ ।

पर्यटनसँगै सम्वन्धित नीतीहरुलाई हेर्दा, पर्यटन उद्योगको विकास एवंम् विस्तारको लागि क्षेत्रगत विकासका अवधारणा सहित गुरु योजना तर्जुमा गरी त्यसलाई आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी प्रवर्द्धन गर्ने,ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रूपमा अघि बढाउने, पर्यटकीय पूर्वाधारको विकास, निर्माण र सञ्चालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिई कार्यान्वियन पक्षलाई प्रभावकारी बनाउने, पर्यटन व्यवसायसँग सम्बन्धित विविध गतिविधिको सञ्चालन र यसका पूर्वाधारको विकास, निर्माण तथा विस्तार सम्बन्धित मन्त्रालय वा निकायहरुसँग समन्वय गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्ने, पर्यटन क्षेत्रको पूर्वाधार विकासमा प्रमुख भूमिका खेल्ने आदि जस्ता नीतिगत व्यवस्था रहेका छन् । यद्धपि यी कुरा नीतिमा मात्र सिमित रहेको र प्रभावकारी रूपमा कार्यन्वयन हुन सकेको देखिदैन । स्रोत र साधनको बाँडफाँड र उपयोग जस्ता नीतिगत विषय तथा सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता पूर्वाधार निर्माणमा प्रत्यक्ष रूपमा संलग्न निकाय र संस्था बीचको समन्वयमा अपेक्षित प्रभावकारिता देखिन सकेको छैन । पर्यटन पूर्वाधार विकास, सञ्चालन र प्राप्त लाभको बाँडफाँडमा स्थानीय समुदाय र नागरिकको भूमिका, मूल्य, मान्यता र स्वामित्वको विषय उचित रूपमा संवोधन हुन नसक्दा सरकारी लगानीमा निर्माण र विकास भएका पूर्वाधारको दिगो रूपमा उपयोग हुन सकेको छैन (संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, वि.सं २०६५, पृ-५) ।

नागरिक उड्डयनको प्रतिवेदन २०६५ को अध्ययन बाट पर्यटन बिकासको लागि पर्यटन पूर्वाधार निर्माणमा जनसहभागिता मुलक निर्माणमा जोड दिनु पर्दछ भन्ने कुराको अबगत हुन गई घोडाघोडी ताल क्षेत्रका पर्यटन पूर्वाधार निर्माणमा जनसहभागिताको आवश्यकताको महशुस यस प्रतिवेदन जनकारी प्राप्त हुने भएकोले घोडाघोडी क्षेत्रको लागी महत्वपूर्ण स्रोत मानिन्छ ।

यी सबै पुस्तक, लेख, रचनामा सांस्कृतिक, प्राकृतिक पर्यटनको सम्भावनाको बारेमा बिभिन्न ठाँऊको खोज अध्यन भएको पाईन्छ तर घोडाघोडी ताल क्षेत्रमा थुप्रै सांस्कृतिका क्षेत्र हुदा हुदै पनि कसैले पनि यहाँको सांस्कृतिक धरोहर, क्रियाकलापको बारेमा अध्यन गरेको देखिदैन । यसकारण यो शोध ति सांस्कृतिक बिषयबस्तुको खोजीमा केन्द्रित छ ।

## १.७ अनुसन्धान विधि

कुनै पनि घट्ना वा विषयवस्तुसँग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवंम् व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । अनुसन्धान विधि पनि यस अध्ययन कार्यको एउटा पाटो हो जसअन्तर्गत यो अध्ययन कहाँ र कसरि गरिएको छ भन्ने कुरा पर्दछ । यस अन्तर्गत अनुसन्धानको ढाँचा, तथ्याँकको स्रोत, तथ्याँक सङकलन विधि र तथ्याङ्क प्रस्तुतीकरण एवं विश्लेषणको सम्बन्धमा प्रस्तुत शोध घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावनाको विषयबस्तुमा केन्द्रित छ ।

### १.७.१  अनुसन्धान ढाँचा

मूलतः यो अनुसन्धान वर्णानात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरूको वर्णन गरिएको छ । घोडाघोडीको साँस्कृतिक पर्यटनसँग जोडिएका पक्षहरु र तथ्यहरूको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको मुख्य उद्देश्य घोडाघोडी क्षेत्रको सांस्कृतिक पर्यटनको अवस्था अध्ययन गर्ने भएकाले विभिन्न स्रोतहरुबाट सङकलित तँथ्याकलाई वर्णन गर्ने पद्धति अपनाइएको छ । यसैगरी प्राथमिक तथा द्धितीय स्रोतबाट प्राप्त परिमाणात्मक एवम् गुणात्मक तथ्यहरुको आधारमा सम्भावनाको मापन गरिने हुँदा वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रूपमा  अनुसरण गरिएको छ । जस अनुसार तथ्याँकलाई तालिकामा प्रस्तुत गरि हेर्ने, तुलना गरि हेर्ने, तथा प्राप्त तथ्यहरुको विस्तृत विवरण प्रस्तुत गर्दै अध्ययनको निष्कर्षमा पुगिएको छ ।

### १.७.२ तथ्याङ्कको स्रोत

यस अध्ययनमा अध्ययनको उद्देश्यानुरुप आवश्यकताअनुसार संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याँकहरु, प्राथमिक तथा द्धितियक दुवै स्रोतबाट सङकलन गरिएको छ । जसअनुसार प्राथमिक तथ्याङकहरु कार्यक्षेत्र अध्ययनको क्रममा अपनाइने विविध प्रविधिहरुको उपयोग गरि सङकलन गरिएको हो । यस क्रममा अध्ययन क्षेत्रको निरिक्षण, छनौट भएका उत्तरदातासँगको अन्तर्वाता अवलोकन, मुख्य जानकार व्यक्तिहरुसँग अन्तर्वार्ता जस्ता कार्यहरु गरिएको छ । द्धितियक तथ्याङकहरु विभिन्न अभिलेखहरु, प्रकाशित अप्रकाशित सामग्रीहरु, पुस्तक, रिपोर्ट, विद्धानका लेखहरु, गाउँपालिका तथा नगरपालिकाका प्रोफाइलहरु, सम्बन्धित मन्त्रालय, विभाग, कार्यालयबाट प्रकाशित तथ्याङकहरु, राष्ट्यि तथा अन्तर्राष्टिय कानुनहरु, विभिन्न योजना तथा कार्यक्रमहरु, पत्रपत्रिकाहरू, अनुसन्धान प्रतिवेदनहरू तथा संघसंस्थाका अनुसन्धान प्रतिवेदनहरूबाट आवश्यकताअनुसार सङकलन गरिएको छ ।

#### १.७.२.१ प्राथमिक स्रोतबाट सङकलन गरेको तथ्याङ्कहरू

यस अनुसन्धानमा कार्यक्षेत्रको आधारमा प्राथमिक तथ्याङक सङकलन गर्न र अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त अन्तर्वाता अनुसूची, अवलोकन, विशेष व्यक्तिसँगको अन्तर्वाता जस्ता तथ्याङ्क सङकलन विधिको उपयोग गरिएको छ । अन्तर्वार्ताका क्रममा अन्तर्वार्ता सूची र मुख्य सुचनादाता सँगको अबलम्बन विधिको प्रयोग गरिएको छ जुन निम्नअनुसार छ :

**क) अन्तर्वार्ता सूचि**

यस अध्ययनका क्रममा आवश्यक सूचना प्राप्त गर्नका लागि छनोटमा परेका अध्ययन क्षेत्रमा रहेका व्यक्तिहरुसंग  व्यक्तिगत रूपमा भेटी अन्तर्वार्ता सूचि भरिएको छ । यस मार्फत सांस्कृतिक पर्यटनको अवस्था र यस क्षेत्रमा उनिहरुको धारण सम्बन्धी सूचना संकलन गरिएको छ । यस्ता प्रश्नहरु आवश्यकता अनुसार खुल्ला प्रकृतिका राखिएको छ ।घोडाघोडी क्षेत्रको सांस्कृतिक पर्यटनको अवस्था र सम्भावनालाई विस्तारित रूपमा  अध्ययन गर्नको लागी अध्ययन क्षेत्रमा रहेर लामो समयदेखि नजिकबाट

बुझ्केका गाँउका बुज्रुक, विशिष्ट व्यक्ति, जन प्रतिनिधि तथा अन्य जानकार व्यक्तिहरुलाई मुख्य सुचनादाताको रूपमा  छनोट गरिएको छ । यस्ता व्यक्तिहरुको छनोट अध्ययन क्षेत्रको पुर्व अवलोकन र समुदायका अन्य व्यक्तिहरुको सिफरिसमा गरिएको छ ।

**ख) अवलोकन**

अवलोकन अनुसन्धानमा बढि प्रयोग भएको विधि हो । यसअन्तर्गत असहभागितामुलक अवलोकन विधिको प्रयोग गरिएको छ । यस पद्धति मार्फत तथ्याङ्क सङ्कलन गर्दा अध्ययन क्षेत्रमा स्पष्ट देखिने सूचनाहरू, सांस्कृतिक क्रियाकलापहरू, सम्भावित क्षेत्र, र वातावरण जस्ता कुराहरूको अवलोकन गरिएको छ । अवलोकन अनुसन्धानका प्रश्नहरूमा आधारित असंरचित प्रकृतिको छ । चेक लीस्ट तयार गरी त्यसका आधारमा अध्ययनसँग सम्बन्धित तथ्यहरु सङकलन गरिएको हो । अवलोकन गरिएका कुराहरुलाई नोट कपिमा टीपोट गरिएको छ ।

### १.७.२.२ द्वितीयक स्रोतबाट तथ्याङ्क सङकलन

साँस्कृतिक पर्यटनका बारेमा तथा अध्ययनसँग सम्बन्धित अभिलेख, पूर्व प्रकाशित पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि यस अध्ययनको द्वितीयक तथ्याङ्का स्रोत हुन् यसका साथै अन्य अनुसन्धानमूलक सामग्रीहरु पनि समावेश गरिएको छ । यसबाट यस क्षेत्रको अध्ययन पूर्वको अवस्था बुझ्निनुका साथै तुलनात्मक व्याख्या र तार्किक तथ्य प्रस्तुत गर्न सहयोग पुगेको छ ।

### १.७.३ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन तथा अनुसन्धानको सङकलित तथ्याङ्कहरूको विश्लेषण तथा प्रस्तुततीकरणमा निर्भर गर्दछ । सङख्यात्मक र गुणात्मक दुवै प्रकृतिको तथ्याङ्क अध्ययनद्वारा प्राप्त हुने भएकाले उपयुक्त तरिकाले प्रस्तुत गर्न आवश्यक हुन्छ । अन्तवार्ता सूचिद्वारा प्राप्त सङख्यात्मक तथ्याङकलाई आवश्यकतानुसार तालिका बनाई सङाख्यिकीय विधि प्रयोग गरी तथ्याँकको विश्लेषण गरिएको छ । सङकलन गरिएका गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्राप्त हुन आएका विभिन्न प्रकृतिका गुणात्मक तथ्याँकहरुलाई तथ्यगत प्राथमिकताका आधारमा स्तर निर्धारण गरि तथ्याँकहरुलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी प्रतिशत जस्ता वर्णनात्मक उपकरणहरु प्रयोग गरी तथ्याङक विश्लेषण तथा व्याख्या गरिएको छ । तथ्याँङक विश्लेषणको क्रममा आवश्यकता अनुसार अनुसन्धानबाट प्राप्त अनुभव क्षेत्रकार्यको क्रममा गरिएका मूल्याङकन तथा अवलोकन, अनुसन्धानका क्रममा प्राप्त सुझाव र अनुसन्धान विषयसँग सम्बन्धित अन्य तथ्याँकहरुलाई समेत समावेश गरिएको छ । साथै अध्ययनको विषयसँग सम्बन्धित विभिन्न विषयवस्तुहरुलाई आवश्यकतानुसार औंल्याई तिनीहरुको विश्लेषण समेत गरिएको छ ।

### १.७.४ प्रतिबेदन लेखन विधि

शोधलाई अन्तिम रुप दिने क्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले अबलम्बन गरेको A.P.A Formatमा प्रतिबेदन लेखिएको छ ।

# अध्याय दुई

# घोडाघोडी ताल क्षेत्रको परिचय

## २.१ भौगोलिक अवस्थिति

कैलाली जिल्लाको मध्यवर्ती क्षेत्रको गौरवको रूपमा रहेको घोडाघोडी ताल उष्ण तथा समशितोष्ण सदावहार बनजंगलले घेरिएको छ यो नेपालको तराई भूभागको सबैभन्दा ठूलो प्राकृतिक ताल क्षेत्र हो । पूर्वपश्चिम राजमार्गको पर्ने धनगढी बजारबाट करिव ५३ किलोमिटर पूर्वमा पर्ने यो ताल कैलाली जिल्लाको घोडाघोडी नगरपालिकाको सीमानामा रहेको छ (चित्र नं १ )। वृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डले प्रकाशित गरेको बुकलेट बि.सं २०७४ का अनुसार " २७२६ हेक्टर क्षेत्रफलमा फैलिएको यो ताल ८०°४१०३" उत्तर र ८०°५६४३" पूर्वमा अवस्थित छ ।" तालै तालले ओगटेको क्षेत्रफल मात्र २४८ हेक्टर क्षेत्रफल जमिन पर्ने यस घोडाघोडी ताल समुन्द्रि सतह देखि २०५ मिटरको उचाईमा अवस्थित छ (मसाल, वि.सं २०७४) । हत्केला आकारमा १.५ हेक्टर क्षेत्रफलमा फैलिएको यो तालको बीच बीचमा चार पाँच वटा थुम्का थुम्कीहरु छन् । वि.सं २०५२ मा यस मन्दिर नजिक योगी नरहरीनाथले कोटी होमयज्ञ गरी यस तालको नामकरण कपिल ताल भनि गरेका थिए ( पराजुली र रेग्मी , वि.सं २०७६, पृ-२३ )। घोडाघोडी क्षेत्र संरक्षण तथा जनजागरण मञ्चले प्रकाशित गरेको २०१५ का अनुसार यो क्षेत्रको तापक्रम न्युनतम ५° सेलसियस देखि अधिकतम ४३° सेलसियस सम्म हुन्छ भने औषत बर्षा बार्षिक १८४० मिलिलिटर सम्म हुने गर्दछ । करिव ४ मिटर औषत गहिराई रहेको यस तालको आसपासमा रहेका अन्य १३ वटा ससाना तालहरु समेत गरेर घोडाघोडी सिमसार क्षेत्र भएको हो । यो ताल हवाई दृश्यबाट अवलोकन गर्दा एउटा तालको मालाझैं यी क्षेत्र देखिने छ ।Baral and Kafle का अनुसार यो ताल क्षेत्र सिमसार महासन्धी (Ramsar Convention)द्वारा वि.सं २०६०।४।२८ (13 Aug 2003)मा अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्र रामसार मा मान्यता प्राप्त गरि सङकेत नं १३१४ मा सूचिकृत भएको हो (Khanal,2010,p-15) । घोडाघोडी ताल शिवालिक पर्वत श्रेणीको रामसार क्षेत्र हो । यस क्षेत्रमा जम्मा १३ वटा पोखरी र जंगल पर्दछन् । यस ताल क्षेत्रको भूबनौटको कुरा गर्दा निम्न अवस्थाको पाउन सकिन्छ ।

- बनजंगल ५२.५%
- हैशियत विग्रेको बन ३ %
- घाँसे मैदान १.८ %
- कृषि भूमि ३४.५ %
- राजमार्ग ०.५ %

* बलौटे भूमि १.६ %

तल क्षेत्र ६.१ %

स्रोत : वृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड, २०७४

संकटपूर्ण अवस्थामा पुगेका दर्जनौ माछाका प्रजाति,पुर्ताली तथा अन्य दूर्लभ मानिने चराचुरुङ्गीलाई यस तालले संरक्षण दिएको छ । मिति २०७६।०३।२७ गते घोडाघोडी क्षेत्र संरक्षण तथा जनजागरण मञ्चका अध्यक्ष दिपेन्द्र बहादुर शाही ज्यूसँग लिइएको अन्तर्वाता मा उहाँले बताए अनुसार यस क्षेत्रमा ४५० भन्दा बढी प्रजातीका वनस्पति,वनस्पति,संसारकै निकै वहुमुल्य मानिने सतिसाल,खयर,साजको रुख जंगली धान, अनला ,बेल लगायतका बनस्पति पाईन्छन् । उहाँकै अनुसार ३१ प्रजातिका माछा ,१४८ प्रजातिका चराहरु,३२ प्रजातिका पुतलिहरु,११ प्रजातिका गोही ,७ प्रजातिका घस्रने जन्तु पाइन्छन् । साथै संसारकै दुर्लभ र अन्यत्र कतै नभेटिने हरियो टाउके माछा,रातो टाउको भएको कछुवा, तीन धर्के बाघ,पाटे बाघ,विशेष जातिको चितुवा पाइने कुरा अनुसन्धानले बताउँछ । भौगोलिक बनौटका आधारमा निश्चित ठाउँ लाई छनोट गरी बनाइएको मन्दिर,धार्मिक पवित्र स्थलहरुमा ताल सोको दक्षिण पश्चिममा राजमार्ग किनारमा घोडाघोडी बाबाको प्रशिद्ध मन्दिर, बीच भागमा दुर्गा मन्दिर,गणेश मन्दिर,हवन कुण्ड,जानकी मन्दिर,राधाकृष्ण मन्दिर,बिष्णु गद्धी,सिताकुण्ड लगायतका भएको कुरा मेरो अवलोकनको आधार बाट थाहा भएको छ । त्यस्तैमिति २०७६।४।५ गते साधु जगत प्रसाद उपाध्यायसँग गरेको अन्तर्वाताबाट उहाँले बताए अनुसार सांस्कृतिक विशेष महत्व बोकेको श्री सनातन धर्म संस्कृति वेदविश्राम विद्यालय यस क्षेत्रको सास्कृतिक पर्यटन प्रवर्द्धनमा सघाउ गरेको छ । उहाँका अनुसार ३० जना बटुक बस्ने,कर्मकाण्ड ज्योतिष सबैमा यसले भाग लिन्छन । यस तालको भौगोलिक बनोटको इतिहास खोज्दै गयो भने सपना विजय उत्सबको किम्बदन्ती जोडिएको पाइन्छ ।

घोडाघोडी ताल भएको ठाउँमा प्राचीनकालमा एउटा सुन्दर गाउँ थियो कुनै दिन रातभर पानी परेकोले गाउँलाई तालमा परिणत गरायो । गाउँ नै ताल भएपछि त्यस समयमा राजाले एक जोडी घोडाघोडीलाई त्यस क्षेत्रको अनुगमनमा पठाए ती घोडाघोडी गनतब्यमा नपुगी मरेछन् । त्यसपछी ती राजाले त्यो ठाउँमा दैवी शक्ति रहेको भनि मन्दिर निर्माण गर्न लगाए अनि मृत घोडाघोडीको सम्झनामा त्यो मन्दिर र माललाई घोडाघोडी भन्न थालियो (मसाल,वि.सं २०७४, पृ-२) ।

वि.सं २०७६ साउन ५ गते मा गरिएको अन्तर्वाताका क्रममा जगतप्रसाद उपाध्यायले बताएअनुसार सत्ययुगको अन्ततिर उच्चैश्रावा नामको पाहनदार घोडा माथि तेजस्वी भाइ रेवन्तक वैकुण्ठतिर आउँदै गरेको देखेर लक्ष्मी आशक्ति भइछन । विष्णु भगवानले त्यसलाई सहन नसकेर लक्ष्मी लाई मृत्युलोकमा गएर घोडीको भेषमा विचरण गर्नु भन्दै श्राप दिएछन । त्यसपश्चात लक्ष्मी घोडीको रुपधारण गरी यही घोडाघोडी वरपर विचरण गर्न थालिन । केही समय पश्चात बिष्णु भगवान लक्ष्मी

लाई भेट्न घोडाको भेष धारण गरी आए । दुबै यही घोडाघोडी ताल वरपर विचरण गरेको कथा पाइन्छ ।

बि.सं २०७६।०४।६ गते मा गरिएको अन्तर्वाताका क्रममा जीवन राईले बताएअनुसार दाङका दङ्गेश्वर राजाले ईश्वरबाट शक्ति प्रदत्त घोडा पाएका थिए । त्यस घोडाकै कारणले दङ्गेश्वर राजाले युद्ध नहारेको र शत्रुलाई सधै हराई शासन गरेका थिए । जुन घोडाकै कारण युद्ध जित्ने कुरा शत्रुले ऋषी मुनी बाट थाहा पाएपछी चक्रब्यू रची युद्ध मैदानमा बोलाई राजाको घोडा खोसेको र युद्धमा राजालाई हराएका थिए । त्यसपछी राजा सँगसँगैं १००० प्रजा पनि घोडाघोडी ताल क्षेत्रमा आई बसोबास गरेका थिए । राजाकै ईच्छा बमोजिम उनको देहान्त पछी लाससगैं घोडा गाडेका थिए । त्यस ठाउँमा देवनिया थापन गरि पूजापाठ गर्न थाले । घोडीघोडी नामले पछी परिचित हुन थाल्यो । यसरी घोडाघोडी ताल क्षेत्रको भुगोलमा जैविक विविधताले प्रकृतिलाई सुन्दर बनाएका छ । प्रति ईकाई क्षेत्रफलमा पाईने जीवजन्तु तथा बनस्पतिको सङख्या तथा वंशाणुगत प्रजातीय परिस्थितिजन्य भिन्नता नै जैविक विविधता हो (शर्मा र रेग्मी, वि.सं. २०७६, पृ-१०) यस किसिमको दुर्लभ मानिएका विभिन्न प्रजातिका चराचुरुङ्गीको सुरक्षित बासस्थान हरियो हास, रैथाने हास, विभिन्न प्रजातिका रुख विरुवा,जडिबुटी को भण्डार भएको क्षेत्र जसले प्राकृतिक र सांस्कृतिक पर्यटनको संम्भावना बोकेको क्षेत्र बन्न सक्छ । जैविक विविधताकै कारण यस ताल क्षेत्रको प्राकृतिक सौन्दर्य बढि पर्यटन प्रवर्द्धन गर्न,वंशाणुगत नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बढाउन खोज तथा अनुसन्धानलाई बढुवा दिने पर्यटनलाई आकर्षण गर्न मद्धत गर्छ । त्यस्तै धार्मिक पर्यटनका सन्दर्भमा हेर्ने हो भने यहाँ पाइने खयर,पिपल,बर,बेल,आँप लगाएतका रुख पात धार्मिक प्रयोजनमा लाग्ने हुँदा यिनीहरुको खोज अनुसन्धानका लागि टाढाटाढाबाट आउने कुरा अनुसन्धान बाट थाहा पाइन्छ । यसरी विविधताकै कारण धार्मिक सांस्कृतिक पर्यटनको आर्कषणको केनद्रविन्दु बन्ने कुरामा शंका छैन ।

यस तालको हावापानी,माटो,सिमसार प्रकृति सर्वोच्च स्थानमा छ । घोडाघोडीमा दुर्लभ वनस्पति र चराहरूका प्रजाति संरक्षित क्षेत्रमा रहेका छन् । त्यस्तै रैथाने प्रजातिका दर्जनौ माछाहरू,दुर्लभ रातो टाउके कछुवा,दुर्लभ गोहीको प्रजनन स्थल बनेको कुरा अध्ययन अवलोकनबाट थाहा भएको छ । मिति वि.सं २०७६।४।५ को अन्तर्वाताका कममा जगतप्रसाद उपाध्यायले बताएअनुसार कछुवा र गोहीलाई क्रमश यमुना र गंगाको बाहनको रूपमा यस क्षेत्रका बासिन्दाहरुले पुज्ने गर्दछन् । यसरी विभिन्न धार्मिक परियोजनमा यहाँ भएका केही जीवजन्तुहरू आउनेहुदा यस क्षेत्रलाई धार्मिक पर्यटनको हिसाबले केन्द्रविन्दु मानिन्छ ।

माथि उल्लेख गरिएका यस क्षेत्रको उत्पति सम्बन्धीत विभिन्न स्वप्नहरु,विजय उत्सब र किम्बदन्तीहरुले समेत घोडाघोडी क्षेत्रको धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा दिएको पाइन्छ । यहाँ आउने कतिपय मानिसहरुले यस क्षेत्रको विभिन्न किम्बदन्तीहरू बारे आफूलाई रोचक लागेर अध्ययन अनुसन्धान गर्न आएको कुरा बताउँछन । तसर्थ यस क्षेत्रको पर्यटन बिस्तारमा धार्मिक प्रसङ्गहरू

लाई जोडेर पथप्रदर्शक, म्यागजिन लगाएतको व्यवस्था गर्न सकेमा पर्यटनको आगमनलाई अझ बृद्धि गर्न सकिने कुरा स्पष्ट हुन्छ ।

यस क्षेत्रमा रहेका धार्मिक सांस्कृतिक पवित्र स्थल मन्दिरहरु शिव (घोडाघोडी बाबाको मन्दिर) , दुर्गा , गणेश , नागेश्वर , राधाकृष्ण मन्दिर लगायतका स्थलसँग जोडिएका मान्यता आस्था इतिहास पर्यटन प्रवर्द्धनका सशक्त माध्यम बनेको कुरा अवलोकनबाट थाह भएको छ । थुप्रै मन्दिर कुण्डका कारण हिन्दू धर्मालम्वीहरू को लागी आकर्षित क्षेत्र बनेको छ । ऐतिहासिक धार्मिक महत्व रहेको यस घोडाघोडी ताल क्षेत्रमा योगी नरहरी नाथले यो तालबाट पौराणिक काललाई स्मरण गराउने केही चिन्ह पत्ता लगाएका थिए । योग नरहरीनाथ का अनुसार घोडाघोडी ताल महाभारत काल भन्दा पनि पहिले नै पवित्र तिर्थस्थल थियो (उधृत मसाल , वि.सं. २०७४, पृ-२) । यस्तो पहिचान बोकेको धार्मिक स्थल घोडाघोडी पर्यटन प्रबर्द्धनका थुप्रै अवसर बोकेको पाइन्छ ।

थारु समुदायसँग जोडिएको तालको भौगोलिक र मन्दिरको इतिहास अनुसार थारुहरुको पर्व (ल्वाङ्गी,माघी,फागु) रहनसहन (भेगुवा,धोति,लेहेंगा,फलामका गहनाहरु) मन्दिरमा चढाईने माटाका हात्ती,घोडा लगाएतका संस्कारबाट धनि बनेको छ । फलस्वरुप जसले विभिन्न टाढाटाढा बाट आनतरिक र बाह्य पर्यटनलाई आकर्षण गर्ने केन्द्र बनेको छ । यो क्षेत्र कम खर्चिलो बसाई, आत्मीय सत्कार अतिथि देवो भव बजेट तथा योजनामा पर्यटनलाई प्राथमिकता राखिएको जसले पर्यटन प्रवर्द्धन गर्नमा स्थानिय स्तरबाट पहल जस्ता कारणबाट धार्मिक साँस्कृतिक र प्राकृतिक पर्यटनको सम्भावना उच्च देखिने कुरो अवलोकनबाट थाह हुन्छ ।

थारु संस्कृति चरा अवलोकन, साहसिक पदयात्रा (चुरे),जंगल,पदयात्रा (घोडाघोडी देखी चुरे भाँवर जगंल) सम्मको भादागाउँको होमस्टे,माघी गाउँको होमस्टे र यहाँ पाईने विभिन्न थारु परिकार घोंघी,गंगटा,ढिकी, जाँड जस्ता विशिष्ट परिकार, कम खर्चिलो होटल लज रेस्टुरा लगायतका सेवा सुविधाले आन्तरिक र वाह्य दुवै सांस्कृतिक र प्राकृतिक पर्यटनहरूको प्रमुख आर्कषणहरुको केन्द्रविन्दु बनेको अध्ययनबाट थाहा हुन्छ ।

## २.२. सामाजिक जनजीवन

निश्चित ठाउँ वा देशमा भएका सबै बालबालिका युवायुवती तथा ज्येष्ठ नागरिकहरूको जम्मा सङ्ख्या नै जनसङ्ख्या हो (पराजुली र रेग्मी,बि.सं २०७६ पृ-११९ ) । यसरी नश्चित स्थानभित्र निश्चित समयमा एक अर्का प्रतिको सहयोग र सहकार्यको भावनाको गोलबद्ध जनसमूह नै घोडाघोडी क्षेत्रको जनसंख्या र बसोबासको स्थिति हो । यस क्षेत्रमा बि.सं २०६८ सालको जनगणनाको जनसख्यांलाई हेर्दा अहिले ८२४९ भन्दा बढी घरधुरी सहित ५७०६४ भन्दा बढी जनसङ्ख्या बसोबास गर्दछन । यसमा ३७.७प्रतिशत जनसङ्ख्या आश्रित रहेको छ (वृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड, २०७४)। यो क्षेत्रको जनसङ्ख्याको अवस्था, जीवन शैली, संङगीत, रहनसहन,कला, धर्म,मानिसहरू वीचको अन्तक्रियाको अवस्था नै वसोवासका पक्ष हुन ।

जनगणना २०६८ अनुसार “घोडाघोडी क्षेत्रमा ७५,९६५ जना जनसंख्या र जनघनत्व २१० वर्ग किलोमिटर रहेको उल्लेख छ ।” (स्रोत १)

घोडाघोडी ताल क्षेत्रले यस घोडाघोडी नगरपालिकाको दरख रामशिखरझाला र साँडेपानि लाई छोएको पाइन्छ ।

यस तिनवटा ठूला ठूला लाई छोएको २३८ हेक्टर क्षेत्रफलको घोडाघोडी तालमा स्थानीय स्तरबाट पर्यटन प्रवर्द्धन कार्यक्रमको प्रचारप्रसार भएको पाइन्छ । जसअनुसार, स्थानीय स्तरका सिप, कला, मनोरञ्जनका क्रियाकलाप प्रस्तुत गरी पर्यटन प्रबद्धनमा योगदान दिएको पाईन्छ ।

| क.स. | गाउँपालिकाको नाम | गाउँपालिकाकाको जम्मा घरधुरी | कैफियत |
|---|---|---|---|
| १ | दरख गाउँपालिका | ८५८ | |
| २ | साँडेपानी | ८५४ | |
| ३ | रामशिखरझाला | ४६० | |
| जम्मा | | २१७२ | |

स्रोत : जनगणना २०६८

- खेतियोग्य जमिन औषत १७.७१ %

यहाँ वसोवास गर्ने परिवारको साङगठनिक संरचनालाई हेर्दा आदिवासी जनजाति थारु समुदायले संयुक्त परिवारलाई आत्मसात गरेको र अन्यमा एकल, संयुक्त दुवै पाइन्छ । थारु समुदायले गर्ने एक अकाविचको मित्रवत व्यवहार पर्यटनलाई आकर्षण गर्ने एउटा कारण बनेको छ । मिति २०७६।४।६ गते गरिएको अन्तर्वाताको क्रममा जगत प्रसादले बताएअनुसार थारु जनजाति ५१.३ %,पहाडी ४७%,र अन्यमा १ % को बसोबास पाइन्छ । विशेष गरी थारु समुदायको बाहुल्यता रहेको यो ताल क्षेत्र वरिपरीको अवलोकन गर्दा घरहरुमा माटो, काठ र बाँसका सामग्रीको प्रयोग भएको पाइन्छ । सामान्य शैली द्वारा सुसुजित यस्ता एकनासे घरहरूको बनावटले यस क्षेत्रको सौन्दर्य थपेको छ । यस क्षेत्रका अधिकांश मानिसहरू कृषि पेषामा आबद्ध रहेका र कृषि पेशासँग सम्वन्धित विभिन्न जात्रा पर्व ( जस्तै अषाढ १५ मा मनाईने हिले जात्रा, धान रोप्दा गाईने गीतहरु लगायतका पेन्दिया पर्व ) हरुले कृषि पर्यटन लाई पवर्द्धन गर्ने कुरामा जोड दिएको छ । याहाका थारु समुदायमा नाचिने नाच जस्तै सखिया नाच, लठ्ठी नाच, होरी नाच, बडका ईतवार, गोरु बेल्ना पर्ब, माघी पर्ब, गुडिया पर्व लगायतका विभिन्न पर्वहरुद्वारा यस क्षेत्रको सांस्कृतिक पक्षलाई सवल बनाएको विभिन्न अवलोकन र अनुसन्धानबाट थाहा हुन्छ । यस क्षेत्रको अर्को सबल पक्षको कुरा गर्दा धार्मिक सहिष्णुतालाई नकार्न सकिदैन । अथिति देवो भव को मान्यता अनुरुप एकअर्काको धर्मप्रतिको उच्च सम्मान र सबैको धर्म, पर्व र साँस्कृतिक कार्यक्रममा मिलेर गरिने ब्यहार पनि यस क्षेत्रको सबल पक्ष हो । यस क्षेत्रको प्राकृतिक, सांस्कृतिक क्रियाकलापमा संग्लन्न भई २ % देखी १२ % सम्म घरपरिवार लाभान्वित छन, (Kafle and Karki, 2007 p-17) । मेरो अध्ययन, अवलोकनअनुसार यस भेगका मानिसहरु विभिन्न पेशाहरुमध्य कृषि, ब्यापार, पर्यटन व्यवसायमा

संग्लन रहेको देखिन्छ । पर्यटन पेशाका रूपमा Tourguide, tour and travel agency, होटेल, मोटेल, रेष्टुरा, घरबास जस्ता क्रियाकलापलाई आत्मसात गरि आय आर्जन बनाएका छन् ।

माथि उल्लेखित विभिन्न जाति र विशेष थारु जातिको कला, धार्मिक, सांस्कृतिक, धार्मिक आध्यात्मिक भावनाहरु लगायतका विविध त्रियाकलापहरूको कारणले गर्दा यस घोडाघोडी क्षेत्र पर्यटनको आर्कषणको केन्द्रबिन्दु बनेको छ ।

### २.२.१. भाषा

दुई वा सो भन्दा बढी पक्षहरुबीच सञ्चार सम्बन्ध स्थापित गर्ने माध्यम नै भाषा हो । विभिन्न सम्प्रदाय, जाति, वा स्थानअनुसार भाषामा विविधता पाइन्छ । नेपाल विविध भाषा बोलिने बहुभाषिक देश हो । यहाँ मुख्यतया भारोपेली भाषा परिवार, भोटबर्मेली भाषा परिवार, आग्नेय भाषा परिवार, द्रबिड भाषा परिवार गरी चार प्रकारका भाषा परिवार रहेका छन् । घोडाघोडी ताल क्षेत्रका वासिन्दाहरूले लिखित, मौखिक, साङकेतिक वा चित्रको प्रयोग मार्फत सञ्चारको आदानप्रदान गर्ने माध्यम नै यस क्षेत्रको भाषा हो । यस क्षेत्रमा थारु, डोटेली, बैतेडेली, अछामी, मगर, गुरुङ र नेपाली भाषा वोल्ने गरिन्छ । घोडाघोडी ताल क्षेत्रमा बोलिने थारु, डोटेली, बैतेडेली, अछामी, नेपाली भाषाहरु भारोपेली भाषा परिवारअर्न्तगत पर्दछन ।गुरुङ, मगर चाही भोट बर्मेली भाषा परिवार अन्तर्गत पर्ने भाषाहरु ।घोडाघोडी ताल क्षेत्रमा करिव ५१% थारु भाषा र ४९%अन्यभाषा बोल्ने गर्दछन, (Kafle, 2005 p-5) । मिति २०७६।४।७ गते गरेको अन्तर्वाताको क्रममा जगत प्रसादको अनुसार संस्कृत भाषाको उत्थानका हेतु बि.सं २०५७ साल देखी सनातन धर्म संस्कृति वेद विधाआश्रम सञ्चालित रहेको छ । उनकै अनुसार हाल टाढाटाढाबाट आई ३५ बटुकले अध्ययन गरि रहेका छन । यस क्षेत्रमा सांस्कृतिक भाषाको प्रबर्द्धन सम्वर्द्धन गर्नका लागि साधुसन्त देखि स्थायी बासीहरुले पहल गरिरहेका छन् ।

जनगणना अनुसार नेपालमा रहेका थारु भाषाभाषीको संख्या ५.८%, मगर भाषाको संख्या ३.० %, डोटेली भाषाको संख्या ३.० %, अन्य भाषाको संख्या १.२ % छन् । माथि उल्लिखित भाषाभाषीको सङख्याको प्रतिसत भित्र घोडाघेडी क्षेत्र भित्रका भाषाभाषीहरूको सङख्या पनि यसै अन्तर्गत समेटिएको छ । जसले यस क्षेत्रको भाषिक विविधतालाई प्रतिनिधित्व गर्दै हाम्रो मुलुकको भाषिक समृद्धि कायम गर्नमा योगदान गरेको छ । यसरी विविध भाषाभाषीको थलो रहेको घोडाघोडी ताल क्षेत्रमा टाढाटाढा बाट थारु भाषाको खोज अनुसन्धान गर्न आउने गरेको पाइन्छ जसले गर्दा आन्तरिक पर्यटनको बृद्धि भई सांस्कृतिक पर्यटनको आकषर्णको केन्द्रबिन्दु बनेको छ

### २.२.२. जाति

नेपाल बहुजाती विविधतायुक्त देश हो । यहाँ विभिन्न किसिमका जातजातिहरुको बसोबास रहेको छ । बि.सं २०६८ सालको जनगणना अनुसार १२५ जातजातिहरु बसोवास गर्छन् । राष्ट्रिय जनगणना अनुसार प्रमुख ५ जातजाति भित्र पर्ने क्षेत्री ब्राहमण, मगर, थारु लगायत गुरुङ, दलित, राजी, सुनवार, यादव जातिहरुको थलोको रूपमा रहेकोयस घोडाघोडी ताल क्षेत्र जातीय विविधताबाट ओतप्रोत रहेको

छ । यहाँ बसोबास गर्ने जनजातिहरु आआफ्नो धर्म, प्रथा, परम्परा, रितिरिवाज र संस्कृति प्रति प्रतिबद्ध छन । यिनीहरूको आआफ्नै तथा फरक फरक किसिमको भेषभुषा तथा रहनसहन रहेको पाइन्छ । आदिबासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ अनुसार १. विकसित समूह २. सिमान्तकृत समुह ३. सुबिधा बनचित समूह ४. अति सिमान्तकृत समुह ५. लोप उनमुख समुहहरु मा नेपालमा पाईने जनजातिहरुलाई अनुसुचित गरेको छ । यिनिहरूमध्ये यस घोडाघोडी ताल क्षेत्रमा सुबिधा बञ्चित समूह अन्तर्गत मगर, गुरुङ पर्दछन् भने राजी, सुनवार लोप उन्मुख समूहअर्न्तगत पर्दछन् ।

मिति २०७६।३।२७ गते लिइएको अन्तर्वाताको क्रममा दिपेन्द्र शाहीकाअनुसार जनसङख्याको ४१.३ % थारु जाति बाँकी अन्य जातिहरुको बसोबास रहेको छ भन्ने जानकारी प्राप्त भएको छ । यसरी सयौँ थुँगा फूलका हामी एउटै माला नेपालीको राष्ट्रिय गानलाई सार्थक वनाएको पाइन्छ । यहि कारणले यस क्षेत्रमा विभिन्न जातजातिको सांस्कृतिक प्रतिनिधित्व हुने हुँदा जातजातिअनुसारका सा.सकृतिक चालचलनबाट पयृटन प्रवर्द्धन गर्न सकिन्छ । विधिन्न जातजातिका आ-आफ्नै भाषा, धर्म, संस्कृति, मूल्य मान्यता, कला, साहित्य सङगीत, संस्कार छन् जसले यस क्षेत्रको साझा संस्कृतिको निर्माण गरेको छ । विशेषगरि आदिवासी जनजाति थारु जातिको संस्कार प्रशिद्ध छ । जसले पर्यटन प्रवर्द्धन गर्नका सघाउ पुऱ्याएको छ । जस्तै यस क्षेत्रमा थाारु जातिका पुरुषहरुले घुँडासम्म छोप्ने धोती भेगुवा लगाउने गर्छन भने महिलाले टाउको पटुकाले ढाक्ने, शरीर हुनियाले ढाक्ने, चोली घाँघर, चाँदीका गरगहनाहरु लगाउँछन् । यिनीहरुको प्रमुख पेशा कृषि र पशुपालन हो । गुरुवा, भर्रा, सोखा थारु जातिका परोहित हुन । यिनिहरुका प्रमुख चाडपर्वहरूमा बडका इतवार, माघी, फागु, रहेका छन् देउबा गण थारु समुदायका कुलदेवता हुन । विवाहमा दुलहीलाई विदाई गर्दा वत्ति र विषको प्याला दिने चलन लगायत माथि उल्लिखित कुराहरु विभिन्न अवलोकनबाट थाहा भएकोछ । मिति२०७६।४।८ गते लिइएको अन्तर्वाताका क्रममा मन्नु चौधरीकाअनुसार थारु समुदायका लोग्ने मानिसको लासलाई घोप्टो र स्वास्नी मानिसको लासलाई उत्तानो पारेर गाड्ने गर्छन् । महिलाले हसुली लट्ठी, महर्वा, सुखरात्री, तरबार, चाँचर, साखिया नाच नाच्ने गर्छन भन्ने थाहा भएको छ । अवलोकन र अध्ययनको क्रममा गुरुङ्ग र मगर जातिको संस्कारहरुले पनि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत गरेका छन जस्तै, यिनिहरुको समुदायका पुरोहित घ्याब्रे हुन, मान्छे विते १३ दिन जुठो बार्ने, मारुनी नाच, कौरानाच, सोरठी नाच जस्ता सुसंस्कृतिले समपन्न देखिन्छन ।यसै सन्दर्भमा ब्राहमण, क्षेत्रीका लगायतका अन्यजातिका भाषा, भेषभुषा, परम्परा संस्कृति मूल्य, मान्यता, सङगीत जसले यस क्षेत्रको साझा संस्कृतिको निर्माण गरेका र यस क्षेत्रलाई पर्यटनको आकर्षणको केन्द्रबिन्दु बनाएका छन् ।यसरी माथि उल्लिखित जातजातिहरुको संस्कृतिले यस क्षेत्रमा पर्यटन आगमनमा उत्साहजनक भूमिका निर्वाह गरेका छन् ।

### २.२.३.धार्मिक अलौकिक चराहरु

घोडाघोडी ताल चराकोलागि महत्वपूर्ण मानिन्छ । यस ताल क्षेत्रमा भुँडिफोर, गरुड, काग, सेतो गिद्ध सानो खैरो गिद्ध, ढुकुर, परेवा, राजधनेश आदि वसोवास गर्छन् । कैलाली भ्रमण वर्ष २०७५ को आधारमा, नेपालमा पाइने चराहरुमध्ये ३ वटा प्रजातिहरुले (हरिहाँस, वगाले सिमकुखुरा र नादुन हाँस),

घोडाघोडी ताल क्षेत्रमा मात्र प्रजनन गर्दछन् । त्यसैले घोडाघोडी ताल क्षेत्र चराकोलागी अति नै महत्वपूर्ण वासस्थान हो । यो क्षेत्रमा जाडो मौसममा साइबेरियाबाट पाहुना चराहरु आउने गर्छन् ।

माथि उल्लिखित चराहरुमध्ये ढुकुर र कागलाई यस क्षेत्रमा धार्मिक चराको रूपमा मान्ने प्रचलन छ । काग तिहारमा कागको पूजा र अन्य ग्रह शान्तिमा परेवा, ढुकुर उडाउने चलन जस्ता सांस्कृतिक परम्पराहरुले गर्दा सांस्कृतिक पर्यटन र अन्य पर्यटनको सम्भावना उच्च रहेको देखिन्छ ।

### २.२.४.धार्मिक र प्राकृतिक उष्ण सदावहार वनस्पती र जडिवुटी

विभिन्न साल, सिसौ, खयर, बेल, पिपल, बर, आँप, जाम लगायतका उष्ण सदावहार वनस्पति पाइने यस ताल क्षेत्रले जैविक र धार्मिक महत्व ओगटेको छ ।

- वनजंगल - ५२.५ %
- घासे मैदान - १.८ %
- ताल क्षेत्र - ६.१ %

स्रोत : ( कैलाली भ्रमण वर्ष, बि.सं २०७५, पृ-१ )

विभिन्न अध्ययन अबलोकनको क्रममा प्राप्त जानकारीका अनुसार निम्नलिखित प्रयोजनका लागी बनस्पति जिबजन्तुको उपयोग गर्ने पनि देखियो जुन निम्न अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.स. | नाम | औषधि/आर्थिक महत्व | धर्मिक महत्व |
|---|---|---|---|
| १ | अमला | औषधि / फल | |
| २ | बेल | फल | वेलपत्र चढाउन, घरमा नराम्रो नजर बाट जोगाउछ |
| ३ | पिपल | अक्सिजन | पुजापाठमा चढाइने |
| ४ | खयर | औषधी | |
| ५ | घोघी | घाँमबाट बचाउँछ | पूजा लक्ष्मीको रूपमा |
| ६ | कछुवा | मधुमेहबाट बचाँउछ | |
| ७ | सिमल | सलाइकाटी | |

यसरी खयर, साललाई धार्मिक प्रयोजनमा लगाउने, पिपल, वर लगायतका रुखका पातहरु धार्मिक अनुष्ठानमा चढाउने र धार्मिक आस्थाको प्रतीकका रूपमा यीनलाई पुजीने कारणबाट पनि विभिन्न धर्मकर्मका आस्थावान व्यक्तिहरू यहाँ आई पूजाआजा गर्ने गर्दछन् । जसले गर्दा धार्मिक आस्थाको केन्द्रविन्दु बन्ने आधार यहाँका वोटविरुवा जिवजन्तुले समेत प्रष्ट पार्छन् ।

यस अध्यायमा उल्लिखित विभिन्न भौगोलिक अवस्थिति, यहाँको सुन्दर दृश्य यस क्षेत्रभित्रका मानब बसोबासका सामाजिक, धार्मिक र सांस्कृतिक क्रियाकलाप, आफ्नो सुहाउँदो वातावरण भित्र हुर्किएका वनस्पति, विविध प्रजातिका जिवजन्तु लगायतका सम्रग पक्षहरुले गर्दा प्राकृतिक तथा सांस्कृतिक पर्यटनको आकर्षणको केन्द्रबिन्दु बन्ने आधार प्रष्ट हुन्छ ।

यसरी यहाँको विशेष विशेषता बोकेको काललाई स्थानीय स्तरदेखि केन्द्रीय तहबाट भएको पर्यटन विस्तारका थुप्रै पहलहरु कार्यक्रमहरु, योजनाहरुले थप पर्यटनको सम्भावना बोक्ने कुरामा शंका छैन ।

## अध्याय-तीन

## घोडाघोडी क्षेत्रका सांस्कृतिक सम्पदा

नेपाल सांस्कृतिक, धार्मिक र प्राकृतिक विविधताको रोचक संगमस्थल हो । अतिथि देवो भव संस्कार र सांस्कृतिमा अभ्यस्त नेपालीको जिवनस्तर उकास्न पर्यटन बरदान साबित हुनसक्छ । नेपाली समाजको सुमधुर संरचना विभिन्न जातजाति, धर्म, संस्कार र संस्कृतिको अनुपम समझदारी र सहकार्यमा जीवन्त रहेको छ । सम्पदा त्यसता वस्तु वा स्थल हुन जुन मानिसका अमूल्य सम्पतिका रूपमा  रहेका हुन्छन् । त्यस्ता सम्पदाहरुले आर्थिक फाइदा दिने मात्र नभएर कुनै पनि मानिस वा समुदायको गौरब बोकेको तथा परम्पराको परिचायक पनि हुन सक्छन् । घोडाघोडी ताल क्षेत्रमा दुई प्रकारका सम्पदाहरु पाइने गर्छन् । यहाँको सुन्दरताल, बनजंगल, माटो, प्राकृतिक विशेषता बोकेका विभिन्न चिजवस्तुहरु प्राकृतिक सम्पदा हुन् । यँहाको सांस्कृतिक सम्पदा भने यँहाका मानिस तथा समाज र संस्कृतिसँग सम्बद्ध रहेका पुरातात्विक र ऐतिहासिक स्थलहरु, मानब निर्मित मन्दिरहरु, कलात्मक वस्तु, विभिन्न जात्रा, पर्व, उत्सब र परम्पराहरु पर्दछन् । यँहाका प्राकृतिक सम्पदा भित्रमा घोडाघोडी ताल, यँहा पाईने सूचक प्रजाति, हरिहाँस, मगर गोही, बनधान लगायतका पर्दछन् । मिति २०७६।४।१५ गते डि आर चौधरीसँग लिएको अन्तर्वाताका क्रममा उहाँका अनुसार ४५० भन्दा बढी प्रजातिका बनस्पति, ३१ प्रजातिका माछा, २९९ प्रजातिका चरा, ३२ प्रजातिका पुतली पाईन्छन । त्यस्तै बनजंगल ५२.५%, ताल क्षेत्र ६.१% रहेको समेत जानकारी प्राप्त । मिति २०७६।४।०५ गते जगत प्रसाद उपाध्याय संग लिइएको अर्न्तबार्ताका अनुसार घोडाघोडी बाबाको मन्दिर शिब मन्दिर, दुर्गा मन्दिर, महोन्याल मन्दिर, राधाकृष्ण मन्दिर लगायतका थुप्रै मुर्ति, शालिक पाईन्छन् । साथै थारु समुदायको बिभिन्न नित्य, मयुर नाँच, सखिया नाँच झल्किन्छन । त्यस्तै थारु समुदायको ल्वाङ्गी पुजा, गरुवा देबता, झाँकी यस क्षेत्र संग गासिएका थुप्रै किवंदन्ती बिश्वास झल्किने कथाहरु पाईने कुराहरुबिभिन्न अध्ययन अबलोकन बाट थाहा हुन्छ ।

धार्मिक आस्था र विश्वास झलकिने संस्कृतिलाई सांस्कृतिक सम्पदा भनिन्छ । अर्को अर्थमा पुर्खाहरुले छाडेर गएका धार्मिक तथा साँस्कृतिक सम्पत्तिलाई सांस्कृतिक सम्पदा भनिन्छ । भौतिक र अभौतिक सांस्कृतिक सम्पदा गरि यसलाई दुइप्रकारमा विभाजन गरिन्छ ।त्यस्तै घोडाघोडी ताल क्षेत्र परिसरभित्र रहेका धार्मिक आस्था, विश्वास झल्किने वापुर्खाहरुले छोडेर गएका धार्मिक तथा सांस्कृतिक सम्पत्तिलाई घोडाघोडी ताल क्षेत्रका सांसकृतिक सम्पदा हुन् । यहाँ पनि भौतिक र अभौतिक गरि दुई प्रकारका सांस्कृतिक सम्पदाहरु प्रशस्तै छन् जुन पर्यटकीय आकर्षणका लागि उपयुक्त सम्पदाहरु हुन । यसरी यस ताल क्षेत्रमा विभिन्न प्राकृतिक, सांस्कृतिक सम्पदा भित्र पनि भौतिक र अभौतिक दुबै संस्कृति पाईने यस क्षेत्र पर्यटनका लागी सर्वोत्कृष्ट आकर्षणको केन्द्र बनेको र बन्न सक्ने देखिन्छ ।

### ३.१.मूर्त सँास्कृतिक सम्पदा

मानिसको लागि निर्मित गरिएका जसलाई छुन र देख्न सकिने भौतिक वस्तुको रुप मूर्त सांसकृतिक सम्पदा हुन् । UNESCO (2003) का अनुसार मूर्त सास्कृतिक सम्पदा भित्र

१. मानव वसोबास क्षेत्र वा वस्ती

२. कला सामाग्री

३. स्मारक

यी तीनवटा पर्दछन् र यी मध्य घोडाघोडी ताल क्षेत्रमा कला सामाग्री र स्मारकहरु पाइन्छन् जसको वर्णन निम्नानुसार छ ।

पौराणिक मठमन्दिर, मूर्ति शालिक, दरवार, गुम्बा स्तुप, ताम्रपत्र, शिलालेख, अभिलेखहरु, लोकवाजा, चित्रकला, वस्तुकला, गुफा तथा धार्मिक स्थलहरु प्राचीन हातहतियार ऋषिमुनिको तपोभूमिका रूपमा  पहाड, हिमाल तथा नदि ताल आदि यस अर्न्तगत पर्ने देखिन्छ ।

यसरी यस घोडाघोडी ताल क्षेत्रभित्र भौतिक वा मूर्त सांस्कृतिक सम्पदाभित्र घोडाघोडी ताल, बिभिन्न मन्दिरहरु, (जस्तै घोडाघोडी बाबा मन्दिर, बिष्णु मन्दिर..आदी ) शालिक, जात्रा, मेला, सामाजिक क्रियाकलाप, चाडपर्व, नाचगान लगायतका अन्य धेरै क्रियाकलापहरु पर्दछन् जसले पर्यटक आकर्षणको एउटा सशक्त माध्यम बनेका छन् ।

### ३.१.१. घोडाघोडि बाबाको मन्दिर

घोडाघोडी दक्षिण पश्चिम राजमार्ग किनारमा घोडाघोडी बाबाको मन्दिर रहेको छ । थारु भाषामा यस मन्दिरलाई घोडीघोडा वा बाबाको मन्दिर भनिन्छ । यो मन्दिरको निर्माणको सम्बन्धमा कुनै पनि लिखत स्रोत अभिलेख नपाएपनि लोक जीवनमा विद्यामान किंवदन्तीलाई विचार गर्दा यो मन्दिरको निर्माणको कथा पाइन्छ जसअनुसार मिति २०७६।३।२७ गते लिइएको अन्तर्वाताका क्रममा दिपेन्द्र शाहीका अनुसार पहिलो चरणको निमार्णका सन्दर्भमा थारु समुदायका एक पूर्वजले सेतो घोडामा मानिसहरु वसेको सपना देखेपश्चात त्यहाँ एउटा थानजस्तो निर्माण गरि सेता घोडा चढाउन थालेपछि यसको शुरुवाती स्थापना भएको थियो । सुरुमा यस थानलाई ध्वजा र माटाका घोडाबाट मात्र श्रृङ्गारिएको थियो । उल्लेखितअहिलेको स्वरुपको मन्दिरको निर्माण भने त्यो थान भत्काउदा नागहरु आएर डोजरको दाँत भाँचिदिएपछि सडकविभागले वि.सं. २०५२ एकतले सामान्य शैलीमा एक तहको आधारपेटी भएको दाँयाँवाँयाँ ध्वजा घण्टाद्वारा सुसुजित बनाइएको छ । ढुङ्गा ईटाद्वारा निर्मित यस मन्दिरमा प्रयोग गरिएको मन्दिर माथि ध्वजा राखिएको छ । (चित्र नं. २)

यो मनिदरमा विवाह पञ्चमीको दिन स्थानीय थारु समुदायले धुमधामसँग पूजागर्ने गर्छन् । परेवा, हाँस, कुखुरा, बोका र वंगुरको वलि चढाउने गरिन्छ । मन्दिरमा पुजारीका रूपमा  थारु समुदायकै व्यक्ति रहने गर्दछन् । ल्वाङ्गी पूजाका दिन यो क्षेत्रमा टूलो धार्मिक मेला लाग्दछ

(मिश्र, वि.सं. २०७६, पृ-१) धार्मिक आस्थाबाट भरिएको मेला पुजापाठ जस्ता गतिविधि हुने माथि लेखबाट प्रष्ट भएका कारण धार्मिक पर्यटनका लागी आकर्षण केन्द्र मानिन्छ । जुन यस मन्दिरले पर्यटनको सम्भावना वोकेको छ ।

### ३.१.२. दुर्गा मन्दिर

यो मन्दिर घोडाघोडी तालको पश्चिम पट्टी पर्दछ । घोडाघोडी मन्दिर समिति वि.स. २०७० निर्माण गरिएको यस मन्दिर भूतप्रेतबाट मुक्ति पाउने विश्वास छ । शिखर शैलीमा दुई तहको आधार पेटी भएको यस मन्दिरमा सिंगरमरमरको प्रयोग गरिएको छ । ( अवलोकन र चित्र नं ३ बाट थाहा हुन्छ ) सामान्य इँटा, वालुवा, सिमेन्टको प्रयोग गरिएको मन्दिरमा ज्वरो, भूतप्रेतबाट मुक्ति पाउने ऐतिहासिक मान्यता छ । शिखर शैलीमा निर्मित यस मन्दिर को टुप्पोमा वालुवा सिमेन्टद्वार वनाईएका सामान्य गजुर जस्तो राखिएको छ ।

दशैंमा ठूलो मेला लाग्ने यस मन्दिरमा टाढा - टाढाबाट यहाँ आई अष्टमिमा वली चढाइन्छ । धार्मिक सहिष्णुता बोकेको मन्दिरमा दुर्गाको मूर्ति र ध्वजाले सिङ्गारिएको यस क्षेत्रको सुन्दर र आकर्षक मन्दिर हो । मन्दिरमा पुजिने प्रमुख देवी महिसासुर मर्दिनी नव दुर्गा भवानी हुन ।

माथि उल्लिखित विशेषता वोकेको यस मनिदरमा जनविश्वास बोकेर टाढा टाढाबाट दर्शन गर्न आउने भक्तजनको घुइचो लाग्ने गर्दछ । अतः जुन पर्यटन आकर्षणको केन्द्रविन्दु मानिन्छ ।

### ३.१.३. गणेश मन्दिर

घोडाघोडी क्षेत्रको मध्यभागमा अवस्थित छ । सानो आकारमा श्रि सनातन धर्मसंस्कृति सम्बर्द्धन प्रतिष्ठानको सहकार्यमा बनेको मन्दिर हो । वि.सं २०७६।४।५ गते जगतप्रसाद उपाध्यायसँग लिइएको अन्ततर्वाता अनुसार एकतले सामान्य शिखर शैलीमा र तलको पेटी माथि सिमेन्ट, ईटाको सामान्य प्रयोगद्वारा निर्माण गरिएको छ । मन्दिरको टुप्पोमा सिमेन्ट ढुङ्गाकै शिखर वनाइएको पाइन्छ । गणेश भगवानको मूर्ति सुसुजित गरिएको मन्दिरमा दिन शुभ बन्ने काम वन्ने विश्वास छ भन्ने कुरा थाहा हुन्छ । कर्ममा फल दर्शनवापत पाइने मान्यता वा विवाह पञ्चमीको दिन विशेष मेला लाग्ने गर्दछ् । यहाँ मन्दिरमा आई पूजा आजा आरधना गरे आफूले सोचेको कुरा पुरा हुने विश्वास पाइने कुरा थाहा हुन्छ ।

यस घोडाघोडी तालक्षेत्र भित्र पर्ने यस मन्दिर धार्मिक आस्थाको केन्द्र मानिन्छ । अतः यो धार्मिक पर्यटनको विस्तारमा सघाउ पुऱ्याउनेछ ।

### ३.१.४.नागेश्वर मन्दिर

घोडाघोडी परिसरमा रहेको बुट्टेदार यस मन्दिर थारु समुदायद्वारा निर्माण गरिएको हो । विभिन्न अध्ययन अवलोकन र अन्तर्वाताका क्रममा मिति २०७६।४।५ गते जगतप्रसाद उपाध्यायका अनुसार वि.सं. २०७१ तिर थारु समुदायवाट निर्मित यो मन्दिर एक तले माथि शिखर शैलीको प्रयोग गरिएको मन्दिरको टुप्पोमा सामान्य सिमेन्टद्वारा शिखर/गजुर वनाइएको छ । ईटाको प्रयोग गरि बनाइएको यस मन्दिरमा

विभिन्न रंगको मिश्रण छ यि विभिन्न रङ्गल रंगाइएको एउटा सुन्दर मन्दिर हो । मन्दिरको अगाडी माथिल्लो भागमा कलश राखि नाग चारैतिर बनाई सुन्दर कलात्मक शैलीको प्रयोग गरिरहेको छ । यो मन्दिर अन्य मन्दिर भन्दा सुन्दर छ यसलाई रंगरोगन गजुर सजाइएको आकर्षक मन्दिर मानिन्छ । चित्र नं ५ बाट प्रष्ट हुन्छ । नागपञ्चमीकादिन ठूलो मेला लाग्ने यस मन्दिरमा टाढाटाढाबाट भक्तजनहरु आउने गर्छन यहाँ र पूजाआजा गरेमा ज्वरो निको हुने भनाई र विश्वास रहेको पाइन्छ ।

यो मन्दिर यस क्षेत्रको आकर्षणको केन्द्र मानिन्छ । यो धार्मिक पर्यटनलाई आकर्षण गर्ने महत्वपूर्ण सम्पदा हो ।

### ३.१.५. महोन्याल मन्दिर

मिति २०७६।४।११ गते यस मन्दिरका पुजारी डिल्लीराज जोशीसँग लिइउको अन्तर्वाता अनुसार महेन्द्र राजमार्गको उत्तरपट्टी यस तालको पश्चिममा अवस्थित यो मन्दिर वि.सं. २०६३ मा सम्पूर्ण भक्तहरुको दान समितीद्वारा निर्माण गरिएको हो । एक तले सामान्य शैलीमा निर्मित यो मन्दिर सिमेन्ट र ढुङ्गाबाट बनेको ध्वजा घण्टी पीठहरुबाट पूर्ण छ । ( चित्र नं ६ )

माटोको हेरचाह गर्ने देवताका प्रतिकका रूपमा  चिनिने यस महोन्याल बाबाको मन्दिर महत्वपूर्ण मानिन्छ । विभिन्न महामारी अनिकालबाट मुक्त पाउने जनविश्वास पाइन्छ । चैत्र शुक्ल पक्षका दिन ठूलो मेला लाग्ने यस मन्दिरलाई स्थानीय भाषामा जात भन्ने गरिन्छ । जुन दिनरात यस मन्दिरमा जम्मा भई भजन किर्तन गरी आरधना गर्ने गर्छन् । यस मन्दिरमा टाढाटाढाबाट पुजापाठ गर्न आई आफ्नो आस्था विश्वास राख्ने गर्छन् । यसतो आस्था र विश्वासको केन्द्र मानिने यस मन्दिर पर्यटनको आकर्षणको केन्द्रविन्दु मानिन्छ ।अतः यो देवस्थल धार्मिक पर्यटकको आकर्षणको केन्द्र हो ।

### ३.१.६.राधाकृष्ण मन्दिर

घोडाघोडी  परिसरमा पर्ने यो मन्दिर तीन तले शिखर शैलीमा निर्मित छ । २०७२ सालमा स्थानीय समुदाय र समितिद्वारा निर्माण गरिएको हो । पँहेलो रंगबाट श्रृङ्गारिएको यस मन्दिर सामान्य ईटा वालुवा सिमेन्टबाट निर्माण गरिएको पाइन्छ । एक पेटी माथि निर्मित मन्दिरको माथि टुप्पोमा सिमेन्ट कै शिखर वनाई गजुर राखिएको छ । (चित्र नं. ७)

विशेष अध्यनकै क्रममा यस मन्दिरको विशेषतामा विवाहको लागि उत्तम मानिन्छ । जहाँ सम्बन्ध अटुट रहिरहने मान्यता छ जसस्वरुप टाढा टाढाबाट विवाह सम्पन्न गर्नको हेतुले यहाँ आउने गर्छन । होम व्रर्तवन्ध, होली जस्ता पुजा चलिरहने यो मन्दिर विवाह जोडीका लागि आकर्षण केन्द्रविन्दु मानिन्छ जसले धर्ममा आस्था विश्वास राख्ने जोडी भक्तजनलाई आकर्षण गर्ने यस क्षेत्रको थलोको रूपमा  परिचित छ । घुईचो लाग्ने यस मन्दिर पर्यटनका लागी उपयुक्त स्थान मानिन्छ ।

### ३.१.७. हवनकुण्ड

मिति २०७६।०४।११ गते पुजारी डिल्लीराज जोशीसँग लिइएको अन्तर्वाता अनुसार योगी नरहरिनाथले कोटीहोम वनाउनका निम्ति त्यहाँ खन्दा साढे सात फिटमा हड्डी फेला परेको र त्यहाँ हवनकुण्ड वनाइएको भन्ने इतिहास छ । त्यहाँ कपिल मुनी आई कोटी होम गर्नुभएको विश्वास गरिन्छ । एक पेटी यो देवस्थल एउटा मात्र माथी चारैतिर काठका खम्बा र जस्ताको छानाद्वारा निर्मित छ चित्र नं ८ र अन्तर्वाता बाट थाहा पाईन्छ । भूतप्रेतबाट छुटकारा मिल्ने विश्वास रहेको पाईन्छ । अलौकिक शक्तीद्वारा लगभग हराएर जाने विश्वासका साथ भक्तजनहूको दर्शनका लागी टाढा टाढाबाट घुइँचो लाग्ने गर्दछ । यो हवन कुण्ड आफ्ना धार्मिक भक्तजनलाई आकर्षण गर्ने माध्यम वनेको छ ।

### ३.१.८. विष्णु गद्धी

विष्णु गद्धी यस घोडाघोडी परिसरको ठीक बीचमा अवस्थित छ । यो स्मारक सामान्य इँटाको चिनाईमा छाना जस्ताले छोपि सानो घर जस्तो निर्माण गरिएको छ । थारु महन्तको प्रयासमा निर्मित यस गद्धी महन्तहरूको लागी बनाइएको हो जुन अवलोकनका क्रममा थाहा हुन्छ । यस क्षेत्रको यस विष्णु गद्धी थारुहरुको लागि महत्व वोकेको पाइन्छ जस्तो थारु समुदायका व्यक्तिहरुलाई आकर्षण गरी आन्तरिक पर्यटनमा योगदान दिएको हो ।

### ३.१.९. हनुमान मूर्ति

मिति २०७६।०४।११ गते पुजारी डिल्लीराज जोशीसँग लिइएको अर्न्तबार्ता अनुसारथारु भक्तहरुको प्रयासमा सिमेन्टद्वारा निर्माण गरिएको यो मूर्ति खुल्ला ठाउँमा राखिएको छ । उचाई करिव ९ फिट जति छ । यस क्षेत्रलाई आकर्षण वनाउनमा यसले पनि ठूलो योगदान दिएको पाइन्छ । माया, स्नेहको प्रतिक मानिन्छ जुन मूर्तिमा फोटो खिच्न टाढाटाढाबाट धार्मिक पर्यटक आएको पाइन्छ यसले पर्यटनको सङख्यामा बढोत्तरी गरेको छ । (चित्र नं.

### ३.१.१०. सीताकुण्ड

मिति २०७६।०४।११ गते पुजारी डिल्लीराज जोशीसँग लिइएको अन्तर्वाता अनुसार सीता घोडाप्रति आशक्ति भएपछि यो क्षेत्रको सीताकुन्डमा आइ स्नान गरि घोडाघोडी ताल क्षेत्रमा भक्ति गर्न जाने इतिहास पाइन्छ । घोडाघोडी क्षेत्रदेखि करिव १० किलोमिटरमा पर्ने सीता कुण्ड धार्मिक हिसावले मत्वपूर्ण मानिन्छ । यहाँ माघे सङक्रान्तिको दिन ठूलो मेला लाग्दछ । सधैं पानीको मूल रहिरहने यस कुण्डमा आई स्नान गरेमा पापबाट उन्मुक्ति पाइने हुनाले टाढाटाढाबाट दर्शन स्नान गर्न आउने गर्छन। यो धार्मिक पर्यटकीय सम्भावनाको दृष्टिकोणले महत्वपूर्ण सम्पदा हो ।

## ३.२.अमूर्त संस्कृतिको परिचय

संस्कृति मानिसको जीवनयापन गर्ने पद्धतिलाई भनिन्छ । संस्कृतिकर्मीहरुले संस्कृतिलाई विभिन्न तरिकाले परिभाषित गरेतापनि संस्कृतिसम्बन्धी सर्वमान्य परिभाषा गर्न सकिएका छैन । नेपाल सरकारको

राष्ट्रिय संस्कृति नीतिअनुसार विवेकशील मानव जातिले. आफ्नो ज्ञानसिप र क्षमताको उपयोग गरी निर्माण गरेका यावत सिर्जना अनुरुपको जीवनशैली नै मानव संस्कृति हो । (नेपालपरिचय, वि.सं २०६७ पृ-१)

संस्कृतिको भौतिक स्वरुपलाई सम्पदा भनिन्छ भने त्यो सम्पदा तथा मानव जीवनसँग सम्बन्धित अदृश्यमान कला, विश्वास, प्रथा, सङगीत, नाच, गान, पर्व, जात्रा जस्ता ती सम्पदाका अनैतिक रुप हुन जसलाई अमूर्त संस्कृति पनि भनिन्छ । सम्पदाहरुको दिगो संरक्षणको लागि अमूर्त स.सकृतिको संरक्षण र त्यस्को पुस्तागत हस्तान्तरण हुने गर्दछ । यो अमूर्त संस्कृति नै हुन जसले एउटा समुदाय वा समाजलाई एउटा अलग पहिचान प्रदान गर्दछ । वास्तवमा संस्कृतिको स्वरुप अमूर्त हुन्छ । मानिसले आफ्ना मन मस्तिस्कमा दमति हर्ष, आँसु, कुण्ठा र विस्मात आदि भावबिव्यक्ति गर्नको लागि अपनाउने क्रियाकलापहरु नै अमूर्त संस्कृति हुन् । मानिसले आफ्ना पूर्खाहरुको आंशिकलाई वयाख्या गर्ने क्रममा कल्पेका लोककथा, लोक आख्यान, श्रुति वा मौखिक परम्परामा आधारित काव्य - महाकाव्य, गीतिकथा लोकनाटक, अभिनय र प्रतिकात्मक रूपमा  प्रस्फुटित स.गीत, नृत्य, गायन, पराम्परागत उपचार पद्धति व्रिश्व जगतप्रति हेर्ने उसको लौकिक र दार्शनिक दृष्टिकोण र चिन्तन प्रणाली पर्व परम्परा र प्रहसन, स.स्कार जन्मदेखि मृत्युसम्मका लौकिक र अभिचारिक पद्धति, ऐतिहासिक तथा स्थानीय घटना र स्मरणहरु समेत अमूर्त संसकृतिका धोतक हुन । ग्लभक्क्रइ ९द्दण्णघ० अनुसार अमूर्त संस्कृति भित्र ५ वटा विधा पर्दछन्

१. मौखिक परम्परा एवम् अभिव्यक्ति

२. प्रर्दशनकारी कला र धार्मिक विश्वास

३. सामाजिक परम्परा, रीतिरिवाज तथा चाडपर्व

४. पृथ्वी तथा ब्रहमान्ड सम्बधि ज्ञान

५. परम्परागत कला सीप र प्रविधि

यी पक्षहरु मध्ये घोडाघोडी ताल क्षेत्रमा प्रर्दशनकारी कला र धार्मिक विश्वास र सामाजिक परम्परा, रीतिरिवाज तथा चाडपर्व पर्दछन जुन निम्नानुसार छन् ।

घोडाघोडी ताल क्षेत्र कैलाली जिल्लाको संस्कृतिका दृष्टिकोणले चर्चित ठाउँ हो । यहा मनाइने कयौं संस्कृति तथा यहाँका सम्पदाले यस क्षेत्र मात्र नभई सम्पूर्ण सुदूरपश्चिमलाई नै गौरवान्वित पारेको छ । यस क्षेत्रका सा.साँस्कृतिक स्थल र त्यससँग सम्बन्धित पूजा, जात्रा, स.स्कार, विश्वास, किंवदन्त कथाले पर्यटन सम्भावनामा खेलेको भूमिकालाई यहाँ अध्ययन गरिउको छ ।

### ३.२.१.महाशिवरात्री मेला

मिति २०७६।०४।११ गते महोन्याल मन्दिरका पुजारी डिल्लीराज जोशीसँग लिइएको अन्तर्वाता अनुसार घोडाघोडी वावा मन्दिर शिवलिङ्ग निर्माण गरेपश्चात शिवरात्री मनाउन थालिएको छ ।

भक्तजनहरको भिड हुने यस शिवरात्री मेलामा महिला र पुरुष आई पूजापाठ गर्ने गर्दछन् । पूजा अराधाना गरेमा भूतप्रेतबाट मुक्ति पाउने जनबिश्वास रहेको पाइन्छ ।यहाँ दिनरात गरी एक दिनसम्म मेला लाग्ने गर्दछ । कैलाली जिल्लाको मध्यवर्ती क्षेत्रमा रहेको घोडाघोडी मन्दिरमा भक्तजनहरु पूजापाठ तथा मेला आउने गर्छन । यस मेलामा लगभग २०७५ सालमा १००००० भक्तजन मेला हेर्न आएको घोडाघोडी संरक्षण तथा जनगणना मञ्च ले जनाएको छ । यसरी करिव लाखौ भक्तजनलाई समेट्ने यस मेलामा आन्तरिक तथा वाह्य पर्यटक आई पूजापाठ, रमाइलो गर्ने गर्छन् । धार्मिक आस्थाबाट ओतप्रोतभई आउने यस मेलामा आउने मनले इच्छाको पुरा हुने विश्वासका साथ लाखौ पर्यटक आकर्षणको केन्द्रविन्दुमा यस मेलाले ठूलो भूमिका खेलेको छ ।

### ३.२.२. महोन्याल जात्रा

मिति २०७६।०४।११ गते महोन्याल मन्दिरका पुजारी डिल्लीराज उहाँका पुजारी जोशीसँग लिइएको अन्तर्वाता अनुसारमाटोको रक्षाका लागि महोन्याल मन्दिर निर्माण भएपछी चैत्र शुक्ल पक्षमा लाग्ने यस जात्रा दिनरात गरि विभिन्न भजनकीर्तनका साथ मनाइन्छ । यो जात्रामा दिनरात जुनसुकै समयमा भक्तजनहरु टाढा टाढाबाट धार्मिक पुण्य पाउने विश्वासका साथ आई धर्मकर्ममा लिप्त भएको देख्न सकिन्छ । आन्तारिक र वाह्य दुवै धार्मिक आस्था वोकेका मानिसहरुको घुइचो लाग्ने गर्छन् । विहान नुवाइधुवाइ गरि प्रसाद चढाई धार्मिक पुण्य पाउने जनमानसमा विश्वास पाइन्छ यस मेलाले पनि धार्मिक प्रवर्द्धन गर्न ठूला महत्व राख्दछ । साँस्कृतिक पर्यटन, धार्मिक पर्यटनको विस्तारमा महत्वपूर्ण भूमिका खेली यस क्षेत्रको आकर्षणमा थप टेवा पुऱ्याउने सम्पदा हो ।

### ३.२.३. ल्वाङ्गी पूजा

मिति २०७६।०४।१६गते मख्खन चौधरीसँग लिइएको अन्तर्वाता अनुसार चौधरी समुदायको विशेष पूजाका रूपमा मंसिर महिना विवाह पञ्चमीका दिन ल्वाङ्गी पूजा गरिन्छ । विभिन्न वलिमा कुखुरा, सुङ्गुर, हाँस दिइ १ दिन भरि पूजाआजा गर्ने गर्दछन् । विशेष थारु समुदायको यस पूजामा धनगढी, बर्दिया, दाङका थारु जातिको उपस्थिति हुने । आ-आफ्नो भेषभुषाले सजिएर यस दिन आउने थारु समुदायले कोभाइबन्धुत्वको विचार आदानप्रदान गर्ने गर्छन । लाखौ थारु जातिको उपस्थिति हुने यस पूजामा विभिन्न भेषभुषाको आकर्षक पनि देख्न सकिन्छ । यस क्षेत्रको आकर्षणलाई बढोत्तरी प्रदान गर्न यो पर्व महत्वपूर्ण छ ।

यो पर्व लाखौं आन्तरिक धार्मिक पर्यटनलाई आकर्षण गरि पर्यटकीय सम्भावानालाई उच्च बनाउन सघाउ पुऱ्याउँछ ।

### ३.२.४. सख्खा नाच

हरेक वर्ष दशैतिर यस क्षेत्रमा सखिया नाचको अलग्गै रौनक हुने गर्छ । संस्कृतिको धनि थारु समुदायमा दशै ताका नाचिने नाचको विविधताले नै सांस्कृतिक समृद्ध देखिने गर्छ । विभिन्न सांस्कृतिक

सभा समारोह आयोजनामा गर्दा यो पनि यस ताल क्षेत्रमा देखाउने गरिन्छ ।जुन विभिन्न अध्ययन र अवलोकनबाट थाहा पाईन्छ। मिति २०७६।०४।१६ गते मखखन चौधरीसँग लिइएको अन्तर्वाता अनुसार यस लाई नाच र पैया गरी दुई चरणमा नाचिन्छ । गीतमा महाभारतको श्लोक गाइन्छ भने पैयामा मादलको तालमा शास्त्रीय नृत्य नाचिन्छ । टीकाको दिन (दशैं) भने गाउँगाउँमा गएर नाच्ने चलन छ । थारु साँस्कृतिको जानकार अनुसार टीका लाउन आउन तथा सभा समारोहमा आउने पाहुनालाई स्वागत गर्न सखिया नृत्य नाच्ने गरेको बुझिन्छ ।

यस क्षेत्रका थारु संस्कृतिका विद्वान अशोक थारुका अनुसार, "कान्हा र गोपिनीहरु बीच गायन र नृत्य रास भए जस्तै थारु गोप-गोपिनीहरुबीच हुने यो लोकनृत्य कुनै सतही नृत्य होइन । यस नृत्यले उक्त सम्पूर्ण तत्वतर्फ सङकेत गर्छ । तृत्यरुपी रासको माध्यबाट यो सङख्या र पैयाँ यस विराटको एउटा आणविक प्रतिविम्ब मात्र हो ।

यस नाचले सम्पूर्ण थारु जातिको सुन्दर कलाको प्रतिनिधित्व गर्ने हुँदा घोडाघोडी ताल क्षेत्रको सभा समारोह पाहुनालाई स्वागतमय वनाउँदै हुँदा पर्यटन पाहुनाको आकर्षणलाई थप्ने सम्भावना देखिन्छ ।

### ३.२.५. लाठी नृत्य

कैलाली अनलाईन बि.सं २०७५ माघ १० अनुसार यो नृत्य थारु समुदायमा प्रचलित अत्यन्त प्राचीन एवम् कलात्मक नृत्य हो । दुवै हातमा एक नासका लठ्ठी लिई १०-१२ जनाको समूह वनाएर नाचीने यो नृत्यसँग उनीहरुको आत्मसुरक्षाको इतिहास गाँसिएको छ । विभिन्न जंगली जनावरबाट वच्न प्रत्येक थारु जातिमा लठ्ठी समात्ने प्रचलन छ । मादल, डम्फू र खैजेडीसँग लठ्ठीबाटै समेत प्याटप्याट गर्दै श्रृखलितक आवाज गुञ्जिने भएका कारण यो नृत्य अझ बढि साङ्गीतिक एवम् रोमाञ्चकारिक प्रतित हुन्छ । पुर्खाले आत्मसुरक्षाका लागि प्रयोग गरेको यो उपायले कालन्तरमा थारु संस्कृतिमा नृत्यको रुपधारण गर्‍यो । घोडाघोडी ताल क्षेत्रमा यस नृत्यलाई सभा समारोहमा देखाइन्छ । यो सांस्कृतिक नाँचले पर्यटन आकर्षणमा सहज पुर्‍याई यस क्षेत्रकै संस्कृतिको जगेर्ना गर्नमा थप सहयोग पुर्‍याएको छ ।

### ३.२.६. फागु पर्व

हरेक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन चलन चल्तीको भाषामा फागु पुर्णिमा वा फागु मनाइन्छ । चौधरी समुदायले यसलाई होली भन्ने चलन छ । घोडाघोडी ताल क्षेत्रमा थारु पहाडी सवै समुदायको जम्मा भई आ-आफ्नो संसकृतिअनुरुप खेल्ने गरिन्छ ।

नेपाली वृहत शब्दकोष अनुसार पनि फागु, होली अथवा फागु भनेको फागुन शुक्ल अष्टमी देखी पूर्णिमासम्म परस्प रंग छ्यापेर वा अविर दलि आनन्दका साथ मनाइने उत्सव हो । किंवदन्तीअनुसार हिरण्यकश्यपकी बहीनी होलिकाले आगोमा नजल्ने वरदान पाएकी थिइन। तर उनले आफ्नो भदालाई केही नभएको खुशियालीमा यस पर्व मनाउने गरिन्छ ।बिभिन्न अध्यन र अवलोकन अनुसार,

घोडाघोडी क्षेत्रमा चौधरी, पहाडी समुदाय एक आपसमा जम्मा भई रंग हानाहान, रंग साटासाट गरि संगोलमा मनाउने गर्छन् । यो पक्की जसका माध्यमले धार्मिक सहिष्णुता पनि झल्किन्छ ।

वढि रमाइलो सँग खेलिने यस पर्वमा टाढाटाढाबाट पर्यटक आउने गर्दछन् ।

**३.२.७. विश्वास /आस्था/किंवदन्ती**

घोडाघोडी ताल क्षेत्र निर्माणको रहस्य लक्ष्मी घोडाप्रति आशक्ति भएपछि नारायण भगवानले श्राप दिदा लक्ष्मी यस घोडाघोडी ताल क्षेत्रमा आएकी उनले रोएका आशुले ताल बनेको र उनी घोडाकी रूपमा आई लामो समयपछि विष्णु पनि यहाँ आई घोडाका रुप लिएका घोडाघोडी भएको कथा छ, जुन बिभिन्न अध्ययन र अवलोकन बाट थाहा पाइन्छ ।

चौधरी समुदायका पूर्वजले राती सपनामा सेतो घोडीमा मान्छे चढेको सपना देखेको र पछि माटाका घोडा बनाई त्यस ठाउँमा चढाएर थान निर्माण भएको मनिन्छ स्थानीय किंवदन्तिअनुसार यो ताल सात वटा थारु जातिको वसोवास रहेको गाउँ डुवेर वनेको हो । यस तालको आकार मानिसको हात जस्तै छ ( मिश्र, वि.सं. २०७६, पृ-१) ।

सडक विभागले वाटोनिर्माण गर्दा नागहरु उत्पत्तिभई डोजरका दाँत भाचेको र पछि रोड विभागले मन्दिर निर्माण गरिदिएको इतिहास पनि भेटिन्छ ।

यस क्षेत्रले मानिसमा कौतुहलता प्रदान गर्ने र मानिसहरुलाई आउन वाध्य वनाउन ठूलो भूमिका खेलेकोछ । यो क्षेत्र पर्यटकको लागि आकर्षणको केन्द्र छ ।

**३.२.८ माघी मेला**

मिति २०७६।४।१७ गते डम्मर चौधरी सँग लिइएको अन्तर्वाता अनुसार पुस ३० गते रातिबाट शुरु भई माघ १ गते समापन हुने यस मेलामा थारु र पहाडी दुवै समुदायको उपस्थिति हुन्छ । यो मेला दुई चरणमा शुरु भई समाप्त हुन्छ । पहिलो चरण पुस ३० गते काठ वटुली आगो वाली रात कटाउने र दोस्रो चरणमा तालमा विहान स्नानसँगै पूजापाठ गरि फर्कने चलन विद्यामान रहेको छ ।

यस प्रकारका धार्मिक क्रियाकलाप गरेमा छालासम्बन्धी रोग हटेर जाने जनविश्वास रहेको छ । यस दिन टाढाटाढाबाट मानिसहरु मेलामा उपस्थितभई धार्मिक आस्था साटासाट गर्ने गर्दछन । त्यसैले ताल क्षेत्रमा माघी मेलाले पर्यटन आकर्षणमा टेवा पुऱ्याएको छ ।

**३.२.९. विश्व वन्यजन्तु दिवस, २०७५**

कैलाली अनलाईन, बि.सं २०७४ माघ १५ गतेका अनुसार“प्रकृति र मानव जीवनको आधार” भन्ने मूल नाराका साथ विश्व वन्यजन्तु दिवस घोडाघोडी क्षेत्रमा धुमधाम मनाइयो । यो दिवस सम्पूर्ण जलथल जीवजन्तुको संरक्षण गर्ने उद्देश्यका साथ मनाइएको हो । यस किसिमका दिवस मनाउँदा जनचेतनामा अभिवृद्धिभई जीवजन्तुको आवश्यकता महसुस हुने, संरक्षणको पहल खोजिने र संरक्षण हुन

गई यस्ता थुप्रै जीवजन्तुको अन्वेषण, खोज, अवलोकन गर्न यस क्षेत्रमा मानिसहरू टाढा टाढाबाट आउने सम्भावना बढेर जान्छ् ।

### ३.२.१०.विश्व सिमसार दिवस, २०७४

कैलाली अनलाईन, बि.सं २०७४ माघ २० गतेकाअनुसार सिमसार क्षेत्रको संरक्षण सम्वर्द्धन गर्ने उद्देश्यका साथ २०७४ माघ १९ गते विश्व सिमसार दिवस सम्पन्न गरियो । प्रशासनदेखि जनस्तरको सहभागितामा सम्पन्न यस कार्यक्रमबाट वनजंगल, तालको संरक्षण भई सुन्दरतामा ह्रास ल्याउने क्रियाकलापको अन्त्य भई पर्यटन आर्कषणका क्षेत्रहरुको पहिचानमा सघाउ गरेको छ ।

### ३.२.११. ४५ औं विश्व वातावरण दिवस

कैलाली अनलाईन, बि.सं २०७५ जेठ २० का अनुसार “प्लाष्टिक प्रदुषण न्यूनीकरण गरौ पुन : प्रयोग गर्न नसके वहिष्कार गरौ” नाराका साथ २०१८ जुन ५ मा विश्व वातावरण दिवस मनाइएको जुन वातावरण संरक्षणका लागी चेतना स्तर वढाउने कार्यकम भएको जसले घोडाघोडी ताल क्षेत्रको सफा संरक्षणमा हौसला दिई स्वच्छ बाताबरण ले पर्यटनलाई आर्कषित गर्ने देखिन्छ ।

### ३.२.१२. घोडाघोडी महोत्सव

गेदावरी न्यूज, वि.सं. २०७६ भदौ २० गते अनुसार बि.सं २०७५ माघ १४ गते देखी २३ गते सम्म सञ्चालन भएको घोडाघोडी महोत्सवमा उल्लेखनीय मानिसको उपस्थिति थियो । उद्योग वाणिज्य संघले “कला, संस्कृति, कृषि; पर्यटन र व्यापार, समृद्ध घोडाघोडी विकासको आधार” भन्ने मूल नाराका साथ मनाइएको छ । आयोजक समितिका संयोजक नन्तुराम सापकोटाकाअनुसार महोत्सवमा ९ लाख ६१ हजार २० रुपैंया आम्दानी भएको बुझिन्छ ।

ताल क्षेत्रको प्रचारप्रसारमा घोडाघोडी महोत्सव जस्ता कार्यकमले वृहत योगदान पुऱ्याउने हुँदा यस किसिमको कार्यक्रमले पर्यटन सम्भावनाका क्षेत्र पहिचान गरी आकर्षणको केन्द्र वन्नमा पूर्ण सघाउ पुऱ्याएको छ ।

## ३.२.१३. लोक बाजा

नेपालमा बिभिन्न पर्व, जात्रा, मेला जस्ता अवसरमा गीत तथा धार्मिक भजनहरुको साथमा परम्परागत रूपमा  बजाउदै आएको बाजालाई लोक बाजा भन्ने गरिन्छ ।लोक बाजा कुनै पनि समाजको संस्कृतिलाई संरक्षण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस्ता बाजाहरू विभिन्न स्थान, जाति, पर्व तथा धर्मका आधारमा फरक फरक किसिमका हुन्छन् ।

घोडाघोडी ताल क्षेत्रमा पनि विभिन्न किसिमका वाजाहरु रहेका छन् । ती बाजा यहाँ भएका जातजातिहरुको प्रतिनिधित्व छन् । विभिन्न जाति, पर्व तथा धर्मका आधारमा फरकफरक किसिमका मौलिक बाजा हुन्छन । बि.सं २०७६।४।१८ गते पुजारी डिल्ली राज जोशीसँग लिइएको अन्तर्वाता अनुसार

यहाँ पाईने लोकबाजामा दमाह, टयाम्के, नरसिङ्गा, सहनाई, मादल, ढोलक, खैजडी, बाँसुरी, शंख आदि महत्वपूर्ण हुन् ।

दमहा : यो बाजा तामाको घेरामा गोरुको छालाले मारेर बनाइन्छ । यसको आकार अर्ध गोलाकार हुन्छ । एउटा छोटो र माटो लट्ठीले हिर्काएर यो बाजा यहाँ बजाईने गरिन्छ । जसले यस क्षेत्रको सांस्कृतिक पक्ष लाई झल्काउँछ । यो दलित जाति द्धारा बिशेष बजाइन्छ ।

ट्याम्के: यसको आकार झण्डै तबलाको जस्तो हुन्छ । तामा र छालाबाट बनाइएको यो बाजा एक जोडी हुन्छ । दुईवटा छोटा लट्ठीले हिर्काएर यो बाजा बजाउने गरिन्छ । जुन यस क्षेत्रमा जात्रा, पर्वमा यसको प्रयोग गरी रितिरीवाज झल्काउने कुरा अवलोकनबाट थाहा पाइन्छ ।

नरसिङ्गा : यो लामो, ठूलो र घुमेको आकारको हुन्छ । तामाबाट तयार गरिन्छ । मुखमा राखेर जोड्ले बजाउने गरिन्छ । बिशेष बैबाहिक संस्कारमा प्रयोग हुने यस ताल क्षेत्रमा प्रयोग हुने महत्वपूर्ण बाजामा पर्ने कुरा अवलोकनबाट थाहा हुन्छ ।

सहनाई : यो बाजा एकातिर सुकेको र अर्कोतिर फुकेको हुन्छ । यसलाई पित्तलबाट बनाइन्छ । मुखले फुकेर औलाको सहायताले बजाउने गरिन्छ । घोडाघोडी क्षेत्रको महत्वपूर्ण लोकबाजा हो ।

मादल/मद्रा : थारु समुदायले यस क्षेत्रमा मादललाई मद्रा भन्ने गर्छन । काठको ढुङ्ग्रोमा छालाले मोडेर यो बाजा बनाइन्छ । यो नेपाली जनजीवनमा अत्यन्तै लोकप्रिय बाजा हो । यस क्षेत्रमा सबै जातजातिको बिशेष महत्व बोकेको लोक बाजाका रुपमा यसलाई लिइन्छ अवलोकन बाट थाहा पाईन्छ ।

बाँसरी : बाँसमा साना साना प्वाल पारेर यो बाजा बनाउने गरिन्छ । यस ताल क्षेत्रमा बाँसुरीको धुन सुन्न पाईने कुरा अवलोकनबाट थाहा पाइन्छ ।

खैजेडी : यो काठलाई छालाले मोडेर बनाइन्छ । ताल क्षेत्रमा बिभिन्न भजन, किर्तन, वालनमा बजाई धार्मिक कियाकलाप गर्ने गरिन्छ जुन अध्यन र अबलोकन बाट थाहा हुन्छ ।

घोडाघोडी ताल क्षेत्र वरिपरी यस किसिमका लोकबाजा प्रयोग गरिने हुँदा विभिन्न पर्व, जात्रा, भजन, किर्तनमा साङगितिक रङ्ग थपेका हुन्छन । उक्त बाजाले पर्यटनहरुको मनोरञ्जन, धार्मिक आस्थाका क्रियाकलापमा थप सहज गरी आकर्षित गर्ने गरेको पाइन्छ ।

## अध्याय - चार

## घोडाघोडी क्षेत्रको साँस्कृतिक पर्यटन

### ४.१. पर्यटनको अर्थ

शब्दकोषहरुमा पर्यटनको अर्थ चारैतिर घुम्ने काम घुमफिर र 'भ्रमण' भन्ने दिएको पाइन्छ । तसर्थ सामान्य अर्थमा आफ्नो वासस्थान छोडी कतै गएर घुम्ने. कार्यलाई पर्यटन मान्न सकिन्छ । शाब्दिक अर्थमा समय विताउन आनन्द गर्न र व्यापार वयवसायका सिलसिलामा गरिने यात्रालाई पर्यटन भन्ने गरिन्छ । विभिन्न अध्ययन अनुसार पर्यटनका लागि प्रयोग हुने शब्द tourism, फ्रेन्च भाषाको 'Tourisme' बाट बनेको बुझिन्छ जुन शब्द ईशाको उन्नाईसौँ शताब्दीदेखि प्रचलनमा आएको हो । तर यसको ख्याति भने सन् १९३० पछि मात्र बढेको देखिन्छ । प्रारम्भमा यसलाई सामान्य यात्राका रूपमा लिने चलन थियो । तर आज आएर भने पर्यटनलाई यात्रासँग सम्बन्धित विस्तृत गतिविधियुक्त विषयवस्तुका रूपमा लिइएको छ ।

पर्यटनलाई विभिन्न शब्दकोषहरुमा आमोद प्रमोदका लागि गरिने यात्रा पनि भनिएको पाइन्छ । यस्तो यात्रालाई अस्थायी र स्वयच्छिक हुनुपर्ने तथा तलबी हुन नहुने भनिएको छ । ग्रीक भाषामा tornus को अर्थ घुम्ने चक्रका नामका आधारमा नै घुमाई या यात्रालाई पर्यटन भन्ने गरिएको हो । यो शब्दको प्रचलन सन् १९९२ देखि भएको देखिन्छ ( खतिवडा र दाहाल, बि.सं २०७५ पृ २७१)। यसैगरी यात्राबाट पर्यटन सम्भव हुने वताउदै यात्रासंग सम्बन्धित गतिविधिलाई पर्यटन भनिने पनि वताइन्छ । पूर्वीय साहित्यमा प्राचीन कालमा यात्रा गर्ने परम्परा रहेको भए पनि यसको नाम भने पर्यटनका वदलामा अन्य विभिन्न शब्दहरु प्रयोग भएका पाइन्छन् । यसका लागि प्राचीन संस्कृति साहित्यका ग्रन्थहरुमा देशाटन, तीर्थाटन, आखेट र विहार जस्ता शब्दहरु प्रयोग भएका देखिन्छन् । तीर्थहरुको उद्धेश्य जे भएता पनि यी सवै शब्दहरु यात्रासँग नै सम्बन्धित छन् । यता फ्रान्समा भने वृहत्तर यात्राको प्रचलन पाईन्छ । जसअन्तर्गत फान्स, जर्मनी, इटाली र स्वीट्जरल्यान्डको यात्रा गर्ने कार्य पर्दथ्यो ।

वास्तवमा पर्यटन यात्रासँग सम्बन्धित विषयवस्तु हो । यात्रुले यात्राका क्रममा गर्ने क्रियाकलाप उसले पाउने सेवा र सेवा दिने तथा लिने कार्यबाट पर्यटनको प्रार्दुभाव हुने गर्दछ । पर्यटन हुनका लागी यात्रुले आफ्नो वासस्थान छाडी अन्यत्रै भ्रमणमा गएको हुनुपर्दछ । पर्यटन विदेशीको होईन । कुनै मुलुकबाट हुने आगमनबाट मात्र सम्भव हुने कुरा होईन । कुनै व्यक्ति आफ्नो देशभित्र एउटा ठाउँबाट अर्को ठाउँमा केही समयका लागि जाने र यात्रा गर्ने गर्दछ भने यसबाट पर्यटन सम्भव हुने गर्दछ । हाल आएर पर्यटन आर्थिक गतिविधिसँग सम्बन्धित हुन थालेको छ । तसर्थ यात्रीले यात्रा गर्दा आर्थिक गतिविधि सिर्जना भएमा मात्र त्यसलाई पर्यटनका रूपमा लिने गरिन्छ । यात्रीको उद्देश्य जे भएपनि ऊ स्वेच्छिक रुपम यात्रामा निस्किएको हुन आवश्यक छ । यस अर्थमा विहान कतै गएर वेलुका घर फर्कनुमात्र पर्यटन होइन । तलव खाएर कतै काम विशेषले जानु तथा स्थायी रूपमा वसाई गर्नु पनि पर्यटन होइन । पर्यटन ज्ञान प्राप्तिसँग सम्बन्धित हुने भए पनि कुनै स्थानमा शैक्षिक उपलब्धी प्राप्त गर्ने

उद्देश्यले विद्यार्थीहरु जान्छन् र त्यहिँ वसेर अध्ययन गर्दछन् भने उनीहरुको गतिविधीवाट पर्यटनका अभ्यूदय हुन सक्नदैन । आनन्द, प्रमोद, तिर्थ यात्रा व्यापार व्यवसाय, मनोरञ्जन, समय व्यति तगर्न तथा विदा विताउन गरिने स्थायी वसोवास स्थानभन्दा अन्यत्रको यात्रावाट उत्पन्न हुने अवस्था पर्यटन हो । यसरी पर्यटन यात्रा यात्रीसँग सम्बन्धित विषय हो ।

घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको अर्थमा समाज र सांस्कृतिकसँग सम्बन्धित छ । मानवको वर्तमान र विगतको क्रियाकलाप धारणा, सोच र परामपरा देखि लिएर मानव निर्मित वस्तुहरु समेत पर्दछन् । वर्तमान समाजका नृत्य, हस्तकला, मेला पर्व, उतसव, जात्रा संस्कार लगायतका सम्बन्धित विषयवस्तु पर्दछन् । मानवले निर्माण गरेका मन्दिर, मूर्ति पनि पर्दछन् । यस्ता समाज र संस्कृतिसँग विषयवस्तु हेर्न, वुभ्न र तिनीहरुको अध्ययन गर्न कैयौं विदेशी तथा, आन्तरिक पर्यटकहरु घोडाघोडी क्षेत्रको भ्रमणमा आउने गर्छन् । यसरी घोडाघोडी प्राकृतिक रूपमा  मात्र नभई साँस्कृतिक पर्यटनको सम्भावना वोकेको क्षेत्र हो ।

## ४.२. परिभाषा

पर्यटनलाई आनन्दका लागि तथा उत्सुकता पूर्तिका लागि घुम्ने विषयवस्तुका रूपमा  लिदै प्रारम्भमा घुम्ने व्यक्तिलाई पर्यटक मानिएको पाइन्छ । यसरी उत्सुकता पूर्ति र भ्रमणका आनन्दका लागि तथा भ्रमणको आनन्द अरुलाई सुनाउन यात्रा गर्ने व्यक्तिलाई पर्यटक र उनी यात्राबाट उत्पन्न हुने गतिविधिलाई पर्यटन भन्ने चलन थियो । ईशाको उन्नाइसौ शताब्दीसम्म पनि मोजमस्ति, आनन्द र दृश्यावलोकनका लागि घुम्ने वा यात्रा गर्ने घुमन्तेहरुलाई पर्यटक तथा उनीहरूका क्रियाकलापलाई पर्यटन मान्ने चलन थियो । कालन्तरमा पर्यटनलाई एउटा व्यवसाय र उद्योगको रूपमा  लिन लागियो । यसले गर्दा पर्यटनको परिधि पनि विस्तार हुँदै गयो । विभिन्न विद्वानहरुले पर्यटनको परिभाषा विभिन्न ढंगमा दिएका छन् । हर्मनभोन सुलाईका अनुसार कुनै विदेशीले कुनै देश, शहर र क्षेत्रभित्र र वाहिर पस्ने रहने, र चल्ने आर्थिक गतिविधिसँग सम्बन्धित क्रियाकलापलाई पर्यटन भनिन्छ (उधृत, दहाल र खतिवडा, बि.सं २०७५, पृ-४) । यस परिभाषामा देशभित्र र वाहिर जहाँसुकै घुमे पनि गरिने क्रियाकलाप आर्थिक गतिविधिसँग सम्बन्धित भएमा त्यसलाई पर्यटन भन्न सकिनछ । सन् १९४१ मा हन्जिक र कुर्तका अनुसार पर्यटन भन्नाले विभिन्न क्रियाकलापबाट उत्पन्न हुने गतिविधि  हो । यसरी कुनै पनि व्यक्तिको यात्रा पर्यटन हुनका लागि उसले यात्रा गर्ने स्थानमा घर वनाएर स्थायी वसोवास गरेको हुनुहुदैन । घोडाघोडी ताल क्षेत्रमा स्थायी घर वनाएर वस्ने मानिसलाई यिनिहरुका अनुसार पर्यटन मादिदैन । बेलायतको पर्यटन समाजले दिएको परिभाषा अनुसार, त्यस्तो यात्रा मानिसहरूले वस्ने र काम गर्ने स्थानभन्दा वाहिर हुन आवश्यक छ भन्ने कुरा अध्ययन बाट थाहा हुन्छ । यस परिभाषाबाट घोडाघोडी ताल क्षेत्रमा व्यापारका सिलसिलामा आउने क्रियाकलापलाई पनि पर्यटन मानेको छ ।

लिग अफ नेशनकाअनुसार पर्यटन भन्नाले आफू वसेको देशभन्दा अन्यत्रै गएर २४ घण्टाभन्दा वढी वस्ने मानिसलाई पर्यटक भनेको छ (उधृत, पराजुली र रेग्मी बि.स २०७६, पृ-४२३ ) । यस परिभाषामा अन्तर्राष्ट्रिय पर्यटकको चर्चा छ र निम्नानुसारको व्यक्तिलाई पर्यटक मानिएको देखिन्छ ।

(क) स्वास्थ्योपचार, आनन्द प्राप्ति र घरायसी कामले विभिन्न स्थानहरुको यात्रा गर्ने व्यक्ति ।

(ख) सेमिनार, गोष्ठि, वैठक, कार्यशाला छलफल र खेलकुदका सिलसिलामा यात्रा गर्ने व्यक्ति ।

(ग) व्यापार, व्यावसाय गर्ने, विभिन्न स्थानहरुको यात्रा गर्ने व्यक्ति र

(घ) समुद्री यात्राबाट आउने मानिसहरु चाहि कुनै स्थानमा २४ घण्टा भन्दा कम समय नै यात्रा गरे भने पर्यटक वन्न सक्दछ । यसरी घोडाघोडी क्षेत्रमा आनन्द प्राप्ति, सेमिनार गोष्ठी, छलफल व्यापार व्यवसाय गर्न, विभिन्न स्थानबाट आएका पाइन्छन् जसलाई यस परिभाषाअनुसार पर्यटन मानिन्छ । कुनै व्यक्ति अर्को मुलुकमा गएर वसेमा ६ महिनासम्मको अवधिका लागि मात्र पर्यटक वन्ने संयुक्त राष्ट्रसंघीय अधिवेशन सन् १९६३ का अनुसार कुनै व्यक्ति आफू वसेको स्थानभन्दा अन्यत्र जुनसुकै कारणले गएर भ्रमण गरे पनि यात्रा गरेवापत पारिश्रमिक पाउँदैन भने ऊ पर्यटक बन्दछ । यस परिभाषामा पर्यटकको यात्रा तल दिइएका विषयवस्तुमध्ये कुनै एक हुन आवश्यक छ ।

(क) फुर्सदको सदुपयोग गर्न : यसमा आमोद प्रमोद, विदाको उपयोग शिक्षा ग्रहण, स्वास्थ्य परीक्षण, धार्मिक यात्रा र खेल खेल्ने तथा हेर्ने क्रियाकलाप हुन् ।

(ख) व्यापार गर्न, परिवार भेट्न, भेला र मिटिङ्गमा भाग लिन गएको त्यसैगरी नयाँ ज्ञानको खोजीको लागि विभिन्न स्थानमा जाने व्यक्ति पर्यटक मानेका छ ( उधृत, खतिवडा र दहाल वि.सं. २०७५पृ-४२५) ।

यसरी माथिको परिभाषालाई मनन गर्दा घोडाघोडी ताल क्षेत्रमा धार्मिक यात्रा, विदाको उपयोग, व्यापार, मेला, नयाँ ज्ञानको खोजीका निमित्त थुप्रै मानिसहरू आउने गरेको पाइन्छ जुन यस क्षेत्रको पर्यटन विस्तारमा सम्भावना मानिन्छ ।

सन् १९८१ मा विशेषज्ञहरुको अन्तर्राष्ट्रिय सँगठनले पर्यटनसम्बन्धी परिभाषामा यात्रीले आवास वाहिर गएर आफ्नो रुचीअनुसार गर्ने क्रियाकलाप नै पर्यटन हो । यसमा बाहिर रात बिताउने र नबिताउने कुरालाई महत्व दिदैन । संयुक्त राष्ट्रसंघले सन् १९९४ अनुसार पर्यटनलाई आन्तरीक पर्यटन, प्रवासी पर्यटन र आप्रवासी पर्यटन गरी ३ भागमा वर्गीकरण गरेको छ (उधृत खतिवडा र दहाल,वि.सं. २०७५पृ-४२५) । यस परिभाषाअनुसार आन्तारिक पर्यटनको सन्दर्भमा घोडाघोडी ताल वरिपरिका बासिन्दालाई समेत जनाउँछ ।

घोडाघोडी ताल क्षेत्र प्राकृतिक वा सांस्कृतिक रुपले सुन्दर ठाउँ हो जहाँ आन्तारिक र वाह्य पर्यटक आई फुर्सद व्यतित, संस्कृतिको अध्ययन, वनस्पतिको खोज, जीवजन्तुको अवलोकन लगायतका क्रियाकलाप, सांस्कृतिक सम्पदाको अवलोकन र धार्मिक क्रियाकलापमा आवद्ध हुन आउने गर्छन् । यो क्षेत्र

धार्मिक पर्यटन र अन्य पर्यटनको लागि उच्च सम्भावित क्षेत्र बन्ने देखिन्छ । अर्को अर्थमा भन्ने हो भने सरकारको पन्धौ योजनामा नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकिय गन्तब्य बनाउने सोच अनुसार विश्व पर्यटन बजारमा नेपाललाई अग्रणीय स्थानमान स्थापित गर्ने लक्ष्य रहेको छ (पन्धौ योजनाको आधार पत्र, बि.सं २०७६, पृ-१७१) । पन्धौ योजनाको अपेक्षित उपलब्धिलाई हेर्ने हो भने आगमन सङ्ख्या ३५ लाख बनाउने, विदेशी पर्यटकको सरदर बसाई अवधि १५ दिन बनाउने जस्ता लक्ष्य रहेको देखिन्छ, (पन्धौ योजनाको आधार पत्र बि.सं २०७६, पृ-१७४) । नेपाल भ्रमण वर्ष २०२० २० लाख पर्यटन आगमन गराउन पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म नेपालको पर्यटकीय महत्वपूर्ण गन्तब्य स्थलको पहिचानमा नेपालको सुदूरपश्चिम प्रदेशको घोडाघोडी ताल क्षेत्र पनि परेको हुँदा यो क्षेत्र पर्यटनको आर्कषणको केन्द्रबिन्दु हो भन्ने कुरामा दुईमत छैन् ।

## ४.३. पर्यटनको वर्गीकरण

पर्यटन पर्यटकसँग सम्बन्धित विषयवस्तु हो । पर्यटकहरु विभिन्न उद्देश्यहरुराखी विभिन्न स्थानहरुको भ्रमणमा निस्किएका हुन्छन् । उनीहरुलाई अल्पकालीन यात्री, अस्थायी यात्री, आधुनिक तीर्थयात्री, सांस्कृतिक यात्रीका नामले चिनिन्छन् । वास्तवमा पर्यटनकोप्रकार पर्यटकको यात्राको उद्देश्यमा भर पर्ने गर्दछ । पर्यटक जुन उद्देश्यबाट भ्रमणमा निस्कने गर्दछ त्यसै अनुरुपको पर्यटनको सिर्जना हुन्छ । तीर्थ यात्रा पर्यटन तीर्थयात्री पर्यटकँग सम्बन्धित छ भने औषधोपचार स्वास्थ्य पर्यटन सँग सम्बन्धित मानिन्छ । व्यवसाय गर्ने गरिने यात्रा व्यावसायिक पर्यटनँग मानिन्छ । पर्यटनका मुख्य मुख्य प्रकार निम्नअनुसार छन् । (खतिवडा र दहाल, बि.सं २०७५, पृ-२६) ।

साहसिक पर्यटन

साहसिक पर्यटन त्यस्तो पर्यटन हो जुन अप्ठ्यारा र दुर्गम स्थलहरुको यात्रासँग सम्बन्धित छ । यस्तो पर्यटनमा जोखीम पूर्ण कार्यहरु गर्नुको साथै नयाँ स्थलको खोजी गर्ने कार्य हुन्छ । ज्ञान प्राप्ति र अन्वेषण कार्यसँग पनि साहसिक पर्यटन निकट छ । पर्वतारोहण लामो पदयात्रा, शिकार, पौडी खेल्ने जस्ता पर्दछ अध्यनबाट थाहा हुन्छ ।

यस किसिमको साहसिक पर्यटन घोडाघोडी ताल क्षेत्रमा फस्टाउन नसकेपनि पौडी खेल्ने, तैरने क्रियाकलाप चाँही हुने गर्दछ । जसले केही मात्रामा पर्यटनलाई आकर्षण गर्ने काम गरेको छ ।

कृषिपर्यटन

कृषि पर्यटन त्यस्तो यात्रासँग सम्बन्धित छ, जसमा पर्यटकहरु कृषि कार्य, कृषि गरिने जमिन तथा खेतीपातीतर्फ आकर्षित हुने गर्दछन् । अमेरिकामा कृषि पर्यटनलाई बढुवा दिएको छ । त्यस्ता कृषि कार्महरुमा पर्यटकहरु फलफूल र सागसब्जी टिपोट, मह चाखेर रमाउने गर्दछन् ।

घोडाघोडी ताल क्षेत्रमा रहेका आँप, कमलको फूल, मौरी पालन, माछा लगायतका चिजवस्तु कृषि पर्यटनका लागि प्रयोगमा ल्याई पर्यटन सम्भावनाको क्षेत्र वनाउन सकिन्छ ।

पुरातात्विक पर्यटन

खतिवडा र दहाल,(बि.सं २०७५, पृ-३४) का पुरातात्विक अनुसार त्यस्तो पर्यटन हो, जुन पुराना विषयसँग सम्बन्धित छ । ऐतिहासिक र पुरातात्विक स्थल र वस्तुहरु हेरेर रमाउने तथा त्यस्ता विषयवस्तुहरुका वारेमा ज्ञान लिन चाहाने मानिसहरु स्थलमा आउन रुचाउँछन् ।

घोडाघोडी ताल क्षेत्रमा वि.सं. २०५२ योगी नरहरीनाथद्वारा हवनकुण्ड बनाउँदा साढे सात फिटको कंकाल भेटिएको थियो । यो वर्तमानमा पुरातात्वक विभागमा राखिएको छ । उक्त अवशेषले क्षेत्र पुरातत्वको हिसावले पनि महत्व भएका कारण खोजअनुसन्धानका लागि यस क्षेत्रमा आउने हुँदा पर्यटन सम्भावाना क्षेत्र हो ।

पर्यावरणीय पर्यटन

पर्यावरणीय पर्यटन शब्दको प्रयोग सर्वप्रथम सन् १९८३ मा दक्षिण अमेरिकी अर्नेष्ट ह्याकलले गरेका हुन् । पर्यावरण पर्यटन त्यस्तो पर्यटन हो जुन कुनै पनि प्रकारको नकरात्मक प्रभाव र असर नभएको ठाउँमा सम्भव छ । स्थानीय संस्कृति, प्राकृतिक अवस्थाका विषयवस्तु, वनजंगल र वन्यजन्तु आदि पर्यटनका विषयवस्तु वन्न सक्दछन्  (खतिवडा र दहाल, बि.सं २०७५, पृ-३५)।

घोडाघोडी ताल क्षेत्र पर्यावरणीय पर्यटनका हिसावले चर्चित मानिन्छ । यहाँ आफ्नै विशेषता वोकेको ताल, ४५० भन्दा बढी प्रजातीका चरा, बनजंगल जडिवुटि आदि विद्यामान छन् जसले विभिनन उद्देश्य लिएर पर्यावरणीय पर्यटक आउने गर्छन् पर्यावरणीय पर्यटनको लागि आकर्षण यो महत्वपूर्ण यहाँ केन्द्र मानिन्छ ।

सांस्कृतिक पर्यटन

मानव समाज र संस्कृतिसँग सम्बन्धित पर्यटनलाई सांस्कृतिक पर्यटन भन्ने गरिन्छ । इसाको विसौं शताब्दीमा पर्यटनलाई आकर्षण गर्ने मुख्य विषयवस्तु संस्कृति थियो । संस्कृति, सांस्कृतिक सम्पदा र कला पर्यटकलाई आकर्षण दिने प्रमुख विषयवस्तु हुन् । आज आएर सम्पदा र कलामा चासो राख्ने पर्यटकहरुको विशिष्टीकरणको मुख्य माध्यम संस्कृति नै रहेको छ (खतिवडा र दहाल, बि.सं २०७५ पृ-४१ )।

कुनै पनि स्थानका मानिसँग समपर्क र छलफल गर्ने उनीहरुका चालचलन र परामपरा बुझ्ने इतिहास र पुरातत्व वुझ्न चाहाने तथा तिनीहरुबाट रमाउने पर्यटकको सङ्ख्या हाल बढेको पाइन्छ । सांस्कृतिक सम्पदाले विश्वसामु परिचित गराउन सहायोग गरेको मानिस मानिसवीच सम्बन्ध र सम्पर्क बढाउने तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने कार्यमा पनि सांस्कृतिक पर्यटनको महत्वपूर्ण योगदान रहेको छ ।

घोडाघोडी ताल क्षेत्रमा रहेका मन्दिरहरु, विश्वास, अन्धविश्वास, चाडपर्व, जात्रामेला, किंवदन्ती, नाँचगान लगायतका सम्बन्धित विषयवस्तु कियाकलापले गर्दा सांस्कृतिक पर्यटनको आकर्षणका केन्द्र मानिन्छ ।

व्यवसायिक पर्यटन

विभिन्न व्यवसायीक व्यापारको उद्देश्य बोकेर एक स्थानबाट अर्को स्थानमा गई व्यापार व्यावसाय गर्ने उद्देश्यबाट प्रेरित हुने पर्यटन व्यवसायिक पर्यटन हो । होटल व्यवसाय, रेष्टुरा, किराना पसल आदि पर्दछ ।

घोडाघोडी ताल क्षेत्रमा किराना सामग्री पूजापाठका सामाग्री रेष्टुरा आदि खोलेर वसेका थुप्रै मानिसहरु देखिन्छ जुन पर्यटनको आकर्षणको माध्यम बनेको छ ।

खेलकुद पर्यटन, अन्तरीक्ष पर्यटन, स्वास्थ्य पर्यटन यौन पर्यटक, डरलाग्दो पर्यटन, लागु औषध पर्यटन, कालो पर्यटन जस्ता पर्यटनहरु विद्यमान छन् । विभिन्न उद्देश्य राखी पर्यटक आउने जाने हुँदा यसको क्षेत्र व्यापक वन्दै गएको कुरा

## ४.४. पर्यटन संञ्चालन हुने मुख्य आधार

घोडाघोडी ताल क्षेत्रमा पर्यटन आकर्षणका मुख्य आधारमा प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदा पर्दछन् । प्राकृतिक सम्पदामा आधारितपर्यटनः हिमाल, पहाड, तराई, उपत्यका, खोंच, गल्छी आदि जस्ता भौगोलिक नदि, ताल, झरना, पोखरी, हिमताल, जंगली जनावर र चराचुरुङ्गी तापक्रम, वर्षा र अन्य विविध प्रकारका परिवेशहरु प्राकृतिक सम्पदा हुन् जुन पर्यावरण र पर्यटन दुवैसँग सम्बन्धित छन् । प्राणयुक्त र प्राणविहिन गरी दुई प्रकारका प्राकृतिक सम्पदा भित्र पर्दछन् । पहाड, हिमाल, नदी ताल, पोखरी आदि प्राण विहिन र चराचुङ्गी तथा जिवजन्तु आदि प्राणयुक्त प्रकृतिमा पर्दछ । नेपालमा विभिन्न १४ वटा हिमश्रृङ्खलाका विभिन्न हिमटाकुराहरुले विश्वका पर्यटकहरुलाई लोभ्याउने गरेको छ । यी टाकुराहरुमा पर्वतारोहण पदयात्रा गर्न र हिमालहरु हेरेर रमाउने विश्वका लाखौ पर्यटक प्रत्येक वर्ष नेपाल आउने गरेका छन् । यी हिमश्रृङ्खलाहरु प्राकृतिक वातावरणसंग सम्बन्धित छन् । हिमाल जस्तै नेपालका नदीहरु पनि यहाँको पर्यावरणीय पर्यटनको माध्यम मानिन्छन् । नेपालका मुख्य नदिहरु हिमावबाट उत्पत्तिभई दक्षिणतर्फ वगेका छन् । सालैभर निरन्तर वगरिहने यस्ता नदि महाभारत पर्वत र चुरे पर्वतबाट निस्किएका नदि भन्दा बढि महत्व छ । कोशी, गण्डकी र कर्णाली नेपालका प्रमुख र ठुला नदीहरु हुन ( पराजुलीर रेग्मी, बि.सं २०७६, पृ -१६०) । यिनीहरुमध्ये कोशी सवैभन्दा ठूलो, गण्डकी सवैभनदा गहिरो र कर्णाली सवैभन्दा लामो हुन् । यी तीनै वटा नदीका ७/७ वटा सहायक नदी हुन् यीनीहरुको पनि महत्वपूर्ण भूमिका छ । नेपालका नदिहरु जलयात्रा तथा जलक्रिडाका लागि महत्वपूर्ण मानिन्छन् । जलविहार गर्नका लागि विदेशी पर्यटकको घुइँचो, छाँगा र नदि धार्मिक दृष्टिले पनि महत्व मानिने नेपालका वराहक्षेत्र, रुरुक्षेत्र, देवघाट यसका उदाहरण हुन् यहाँ भारतीय र नेपाली पर्यटनको जमघट हुने गरेको पाइन्छ । नेपालका तालतलैया र

हिमतालहरु पनि पर्यटकका आकर्षणका माध्यम मानिन्छन् । ज्वालामुखी र भुकम्प ताल निर्माणका मुख्य माध्यम हुन् । नेपालमा यस्ता ताल तलैया प्रशस्तै छन् ।

रारा, फोक्सुन्डो, फेवा, रुपा, वेगनास, कुभिण्डे दह, तिलिचो ताल, सत्यवती , स्यार्पु, सुरमा र कल्छुमन यहाँका प्रमुख तालहरु हुन् । नेपालका तालहरु पर्यावरणलाई सुन्दर बनाउने महत्वपूर्ण माध्यम हुन् । कास्कीको पोखरामा रहेका फेवा, रुपा र वेगनासको पोखरालाई पर्यटकीय स्थलका रूपमा स्थापित गरेका छन् । नेपालको पर्यावरणीय पर्यटनमा यहाँको जैविक विविधाताको पनि अग्रणी भूमिका रहेको पाइन्छ । नेपालको तराईदेखि हिमालसम्म विविध प्रकारको हावापानी र तापक्रम रहेको छ । तापक्रमा हावापानी अनुसार वनस्पति र जीवजन्तुमा विविधता रहेको पाइन्छ । यस्ता वनस्पति र जीवजन्तुले समेत प्राकृतिक सुन्दरतामा वृद्धि गरेको छन् । नेपालका विभिन्न भागमा पाइने जीवजन्तु र पशुपन्क्षी पनि यहाँको पर्यावरणीय पर्यटनका आधारभूत पक्ष वस्तुमा मानिन्छन् । चितवन र वर्दियामा पाइने गैंडा, कोशीटप्पु अर्ना, हिमाली भागमा डाफे, हिमचितुवा, कस्तुरी, गिद्ध, हरीण, वाघ, भालु विभिन्न प्रकारका चराचुरुङ्गी र पुतलीहरु समेतले यहाँको आकर्षण वढाएको छन् ।

घोडाघोडी ताल क्षेत्रको प्राकृतिक विषयवस्तुको बारेमा चर्चा गर्दा यो ताल उष्ण तथा समशितोष्ण सदावहार वनजंगलले घेरिएको छ यो नेपालको तराई भू-भागको सवैभन्दा ठूलो प्राकृतिक ताल हो । चुरेबाट वग्ने पूर्वमा डोडा नदी र पश्चिममा कन्द्रा नदीको वीचमा फैलिएको जैविक विविधताले भरिपूर्ण यो क्षेत्र तराई र चुरे क्षेत्र जोड्ने जैविक मार्गको रूपमा रहेको छ । यो क्षेत्र सन् २००३ अगष्ट १३ मा रामसार सूचीमा सूचिकृत भएको हो । यस क्षेत्रमा ८२४९ भन्दा वढी घरधुरी ५७०६४ भन्दा वढि जनसंख्या वसोवास गर्दछन् । यस तालको क्षेत्रफल २७२६ हेक्टर छ । यो ८०°४१'०३ उत्तर र ८०°५६'४३" पूर्वमा अवस्थित २०५ मिटर उचाईमा फैलिएको सुन्दर ताल हो । तापक्रम न्यूनतम् ५ र अधिकतम ४३ सम्म पुग्ने यस क्षेत्रमा वार्षिक १८४० मिलिमिटर सम्म वर्षा हुने गर्दछ । (कैलाली भ्रमण वर्ष, बि.सं २०७५, पृ-१) ।

यस ताल पंक्षीको लागि महत्वपूर्ण मानिन्छन् विश्वकै दुर्लभ चराहरु भुँडिफोर, गरुड, सेतो गिद्ध, साने खैरो गिद्ध, राज लहाँचे, राज धनेश यहाँ पाइन्छन् र यीनीहरु वसोवास गर्दछन् । नेपालमा पाइने चराहरुमध्ये ३ वटा प्रजातिका हरिहाँस, वगाले सिमकुखुरा र नादुन हाँस । घोडाघोडी ताल क्षेत्रमा प्रजनन गर्दछन् त्यसैले घोडाघोडी ताल क्षेत्र चराको लागि अति महत्वपूर्ण मानिन्छन् फलस्वरुप यो क्षेत्र पर्यटनको आकर्षणको माध्यम वन हो । (कैलाली भ्रमण वर्ष बि.सं २०७५ पृ-१ ) विश्वकै दूर्लभ प्रजाति अजिङ्गर, सालक, पानिओत, कछुवा लगायतका विभिन्न वन्यजन्तु चितुवा, रतुवा, घोरल, वंदेल, चित्तल, खरायो, बाँदर, सुन गोहोरो, सर्प पाइने जैविक महत्व बोकेको क्षेत्र पर्यटनको सम्भावनालाई उच्च वनाउने अर्कोमाध्यम मानिन्छ । यहाँ पाइने प्राणी वनस्पति यस प्रकारका छन् :

- वनस्पती - ४५० जाति
- माछा ३१ प्रजाति

- चरा - २९९ प्रजाति
- घोघीहरु - ११५ प्रजाति
- स्तनधारी - ३४ प्रजाति
- घस्रने जनावर - ७ प्रजाति

स्रोत : (कैलाली भ्रमण वर्ष बि.सं २०७५, पृ-२)

माथि उल्लिखित भौगोलिक आकर्षणमा अवस्थित ताल र विभिन्न जातजातिका वोटविरुवा र जिवजन्तुले भरिएको ताल प्राकृतिक रूपमा  सुन्दर छ । फलस्वरुप पर्यटनको आकर्षणमा महत्वपूर्ण टेवा पुऱ्याउँछ ।

**सांस्कृतिक विषयवस्तुः** सांस्कृतिक पर्यटन समाज र संस्कृतिसँग सम्बन्धित हुन्छ । मानवको वर्तमान र विगतको क्रियाकलाप धारणा, सोच र परम्परादेखि लिएर मानव निर्मित वस्तुहरू समेत संस्कृतिसँग सम्बन्धित विषयवस्तु हुन् । वर्तमान समाजमा नृत्य हस्तकला, मेला पर्व, उत्सव जात्रा, अमूर्त संस्कार लगायतका विषयवस्तु अमूर्त संस्कृति अन्तर्गत पर्दछन् । विगतको मानवले निर्माण गरेका मठ मन्दिर, स्तुप, चैत्य, मूर्ति लगायतका मूर्त कलावस्तुहरु हेर्ने वुझ्ने र अध्ययन गर्न कैयौं विदेशीहरू नेपालको भ्रमणमा आउने गर्दछन् । यी क्रियाकलाप साँस्कृतिक पर्यटनका गतिविधीहरु हुन् । यस्ता सम्पदा पर्यटन आकर्षणको महत्वपूर्ण आधार मानिन्छन् ।

जातीय विविधताको भूमिका जातजाति तथा तिनीहरुको क्रियाकलाप सांस्कृतिक पर्यटनको महत्वपूर्ण आधार हो किनकी धेरै जसो पर्यटकहरु विभिन्न प्रकारका जाति जनजातिसँग वोल्ने भेट्ने विचारहर बुझ्ने तथा उनीहरुको संस्कृति वुझ्ने मनसायले आउने गर्छन् । जाति जनजाति आ-आफ्नै प्रकारका संस्कार, पर्व उत्सव, मेला, परम्परा रहेका हुन्छन् । खानेकुरा र रहनसहन गीत र नृत्य आफ्नै प्रकारका छन् । तिनीहरु अध्ययन अनुसन्धानका लागि महत्व मानिन्छन् । जोन फोस्टर, भ्याकिन र डिचका अनुसार आदिवासीका हस्तकला वस्तुहरु पर्यटकीय प्रयोजनबाट समेत उत्पादन गर्नाले परम्परागत हस्तकलाको पुर्नजागरण भई पर्यटन प्रबद्धनमा सघाउ पुगेकोछ । (उधृत, दहाल र खतिवडा बि.सं २०७५, पृ-२३३) हुने । वास्तवमा पर्यटन प्रवर्द्धनका लागि जातीय विविधता ज्यादै महत्वपूर्ण विषयवस्तु हो । सामाजिक तथा सांस्कृतिक पर्यटनका दृष्टिले नेपालजस्तो वहुवर्ग जात जाति, जनजाति र आदिवासी वसोवास गरेको मुलुक ज्यादै महत्वपूर्ण मानिन्छ । नेपालमा मान्ने धर्महरु मूलतः हिन्दु, किँराती, ईस्लाम प्रकति र तिनीहरुका शाखा तथा प्रशाखा छन् ।  यहाँका धेरैजसो जाति, जनजातिले भूत, प्रेत, वोक्सी धामीझाँक्री बायु, मष्टो, रिम्दी, सर्प आदिलाई मान्दछन् । यी पक्ष  साँस्कृतिक वहुरुपी पर्यटकका लागि आगमनको केन्द्र बनेका छन् ।

घोडाघोडी ताल क्षेत्रको सांस्कृतिक पक्षको सन्दर्भमा कुरा गर्दा यो ताल क्षेत्र धार्मिक रूपमा प्रशिद्ध र घोडाघोडीको मन्दिरमा स्थानीय थारुहरुले ल्वाङ्गी पुजा गर्ने तथा शिवरात्री, माघी, संस्कृति

मनाउने गर्दछन् । शिव मन्दिर, गणेश मन्दिर, दुर्गा, राधाकृष्ण, कालिका, हवनकुण्ड जस्ता मठमन्दिर संस्कृतिका धरोहर हुन् । यो क्षेत्र विभिन्न सभा समारोहमा प्रस्तुत हुने झाँकी, मयूर नाच, सोरठी नाच, सखिया नाच आदि हिन्दुधर्मको प्रशिद्ध नाचगानबाट । यो क्षेत्र विभिन्न व्राहम्ण क्षेत्रीका हिन्दू देविदेवतालाई पूजा गर्नु, परम्परागत पेशा, सोह्रवटा संस्कार तिनीहरुमा गर्भाधान पुरावन, सिमन्तोनयन, जातकर्म, निष्कमण, नामकरण, अन्नप्रासन, कर्णभेदन, चुडाकर्म, उपनयन, वेदारम्भ, केशान्त विवाह र अन्त्येष्टी प्रमुख छन् । त्यस्तै आदिवासी जनजाति थारु समुदायका परम्परा र संस्कारले महत्वपूर्ण योगदान दिएको पाइन्छ । यीनीहरुमा शिशु जन्मेको तेस्रो दिनमा भिड (मकैको सातु र सख्खर) देवतालाई चढाएर सुत्केरीलाई खान दिने र छोरी जन्मे नौ दिनमा र छोरा जन्मे दश दिनमा चोख्याउने चलन पाइन्छ । अन्य व्राहमण क्षेत्रीमा जस्तो थारुहरुको ब्रतवन्ध हुदैन । बालविवाह अनमेल विवाहलाई प्राथमिकता दिने यो जातिमा हतियार पठाई केटी माग्ने चलन विद्यमान छ । थारु समुदायको भेगुवा पुरुष र लेहङ्गा महिलाको प्रमुख पहिरनमा पर्दछ ।

मिति २०७६।४।५ गते जगत प्रसाद उपाध्यायँग लिइएको अर्न्तााताका कममा थारु समुदायले देवतालाई परेवा, हाँस, वंगुर, पाठी दिएर पुजा गर्ने चलन माटाका घोडा चढाउने प्रथा विद्यमान छ। यी परम्परा यस क्षेत्रका थारुका धर्म साँस्कृतिमा पर्दछन् । यी पर्यटन विकासका महत्वपूर्ण सम्पदा हुन् सम्भावित क्षेत्रभित्र पर्दछ । विभिन्न किंवदन्ती, इतिहास जोडिएको यस तालको प्रमुख पर्यटकीय गन्तव्यको क्षेत्र मानिन्छ मानिन्छ । लक्ष्मी घोडाप्रति आशक्ती हुँदा विष्णुको सरापले घोडी बनि यस क्षेत्रमा भक्ति गर्न आएकी र पछि नारायण पनि यसै क्षेत्रमा आई घोडाको रूपमा ध्यान गरि वसेको देवी भागवत १८-२२ अध्यायमा उल्लेख छ । यसरी सांस्कृतिक विषयवस्तु त्यस ताल क्षेत्रमा पर्यटन आकर्षणको प्रमुख माध्यम बनेको छ । यो आन्तरिक र वाह्य पर्यटनको लागि उच्च संभावित क्षेत्र हो ।

### ४.५ घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटन प्रवर्द्धनको संम्भावना

विभिन्न अध्ययन अनुसार ईशाको सोह्रौ शताब्दीमा ग्रायण्ड टुरको अवधारणा सुरु भएपछी यात्रुहरुलाई आकर्षण गर्न विभिन्न प्रकारका विषयवस्तुहरु पत्ता लगाउने कार्यको थालनी भयो । पर्यटकलाई आकर्षण दिने विभिन्न प्रकारका विषयवस्तु मध्ये मानव उसको समाज र संस्कृति पनि प्रमुख हो । ईशाको विसौं शताब्दीमा पर्यटकलाई आकर्षण गर्ने मुख्य विषयवस्तु संस्कृतिलाई मानियो । संस्कृति, साँस्कृतिक सम्पदा र कला पर्यटकलाई आकयर्षण दिने प्मुख विषयवस्तुहरु हुन् । यसले कुनै पनि स्थानका मानिसलाई विश्वसामु परिचित गराउन सहयोग गरेको छ । मानिस मानिस बीचमा सम्बन्ध र सम्पर्क बढाउने तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने कार्यमा सांस्कृतिक पर्यटनको महत्वपूर्ण योगदान रहेको छ । कुनै पनि स्थानमा सांस्कृतिक सम्पदा हेर्ने तिनीहरुका बारेमा जानकारी पाउन तथा अवलोकनबाट रमाउन पर्यटकहरू आवत जावत गर्न थाले। यसपछि त्यस्ता मानिसहरुले विश्वमा नै पर्यटनको माध्यमबाट आम्दानी गर्न सफल भएका छन् । दहाल र खतिवडा २०७५, पृ-२२४ का अनुसार सन् १९६० पश्चात नेपाल पर्यटकहरुको प्रमुख गन्तव्य स्थल वन्नुको पछाडी सांस्कृतिक विषयवस्तु पनि रहेका छन् । यहाँका रैथाने जाती जनजाति र उनीहरुका संस्कृति हुन् । यहाँका अलगअलग जनजाती

रहनसहन, पराम्परा, पर्व, उत्सव र विवेशता हुन् । भाषा, लुगाफाटा, गरगहना, मेला, चाडपर्व धामी, झाँकी र वोक्सीसम्बन्धी धारणाहरु, संगीत जडिवुटिका परम्परा पनि स्थान जात र वर्गअनुसार अलगअलग र विशिष्ट प्रकारका छन् । तसर्थ कतिपय पर्यटकहरु यस्ता विषयवस्तु हेरेर तथा तिनको अभिनय गरेर रमाउने तथा यिनीहरका बारेमा खोज अनुसन्धान गरेर रमाउनका लागी नेपाल आउने गर्दछन् । कतिपय धार्मिक गतिविधि र धार्मिक स्थलका कारणले नेपाल पर्यटकहरुका गन्तव्य स्थलका रूपमा  परिचित छ हिन्दू र वौद्ध पर्यटकका लागी नेपाल गन्तव्य स्थलका रूपमा  परिचित छ । पशुपति गुह्येश्वरी, मुक्तिनाथ गोसाइकुण्ड रुरुक्षेत्र र वराहक्षेत्र प्रमुख हुन् । विश्व सम्पदा सूचीमा परेका नेपालका स्थान लुम्विनी र काठमाण्डौंमा७ स्थान छन्  जुन पर्यटनका आकर्षणको महत्वपूर्ण क्षेत्र हुन (पराजुली र रेग्मी, बि.सं २०७६, पृ-३०८) ।

नेपालको कैलाली जिल्लामा पर्ने घोडाघोडी क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावना उच्च मानिन्छ । यस क्षेत्रमा रहेका धार्मिक स्थललाई प्रमुख कारणका रूपमा  सम्भावित पक्ष मा राखिन्छ । विशेष गरि हिन्दू पर्यटकका लागी घोडाघोडी क्षेत्र गन्तव्यको रूपमा  परिचित छ । अवलोकनबाट थाहा भए अनुसार घोडाघोडी ताल छेउमा भगवान शिवको मन्दिर लगायत वीचमा दुर्गा मन्दिर, गणेश मन्दिर, हवनकुण्ड, जानकी मन्दिर, राधाकृष्ण मन्दिर लगायत थुप्रै यहाँ मन्दिर देवालय छन् । फलस्वरुप धार्मिक दृष्टिले सम्भावित पर्यटकीय क्षेत्र मानिन्छ ।

बिभिन्न अध्ययन बाट के थाहा हुन्छ भने त्यस्तै सांस्कृतिक पर्यटकीय सम्भावनामा पर्नुको कारण त्यहाँको रैथाने जाति थारु तथा पहाडी जातिका आ-आफ्नै रहन सहन, परम्परा, पर्व उत्सव र भाषा लुगाफाटा, गरगहना मेला चाडपर्व धामी झाँक्री र बोक्सी पर्दछन् । थारु समुदायको वच्चा जन्मेपछि ३ दिनमा चोख्याउने पहाडीमा ९ दिनमा चोख्याउने चौधरी समुदायले लासलाई गाड्ने, पहाडी जातीले जलाउने थारुको ल्वाङ्गी पूजा, पहाडीको सत्यनारायण पुजा, थारु जातीको सखिया, मयुर नाँच, पहाडी जातीको निजको नाँच थारु जातिले घोडाघोडी मन्दिरमा माटाका घोडा, वंगुर, परेवा, हांस वलि दिने पहाडी जातीले घण्टा ध्वजा आदि चढाउने, थारु जातिको खानपानमा घोघी, माछा भात भने पहाडी जानकी रोटी भात दाल तरकारी, पहिरन पहाडी जातिको टोपी, दउरासुरुवाल, सर्ट आदि लुवाई खुवाई पर्दछ यसरी विभिन्न रहनसहन, कला संस्कृतिबाट ओतप्रोत भएको यस क्षेत्र सांस्कृतिक पर्यटनका लागि अध्ययन अनुसन्धान, रमाइलोका लागि संस्कार साटासाटका लागी प्रमुख गन्तव्य स्थलको रूपमा  हुने कुरामा दुईमत छैन । समग्रमा यस घोडाघोडी क्षेत्रको साँस्कृतिक पर्यटक विकासको सम्भावनाका आधारहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

### ४.५.१. मठ मन्दिर एवम् अन्य स्मारकका कारणले विकास हुने सम्भावाना

सांस्कृतिक पर्यटनको एउटा महत्वपूर्ण माध्यम मन्दिरहरु पनि हुन् । मठ मन्दिर देवस्थललाई नेपाली सांस्कृतिको अभिन्न अंग मानिन्छ । विभिन्न जातजातिले आ-आफ्नो प्रथा परम्परा अनुसार मन्दिरमा पुजाआजा गर्ने गर्छन् ।

घोडाघोडी तालक्षेत्रमा विभिन्न शैलीका मन्दिरहरु हुन् । विभिन्न ठाउँक्षेत्रका मानिसहरु धार्मिक आस्था राखेर आउने क्रम प्रत्येक वर्ष बढिरहेको छ ।

**घोडाघोडी बाबाको मन्दिर :**मिति २०७६।४।५ गते जगत प्रसाद उपाध्यायसँग लिइएको अन्तर्वाता अनुसार वि.सं. २०५२ मा निर्मित यस मन्दिरमा आएर मनोकामना पुरा हुने विश्वास थारु समुदायले मोटोका घोडा हात्ती, बाघ चढाई मन्नत माग्ने र पहाडी समुदायले अक्षता, फलफूल घण्टा, ध्वजा चढाई आफ्नो ईच्छाप्रकट गरी मनोकामना पुरा हुने जनविश्वसका कारण टाढाटाढाबाट धार्मिक आस्था बोकेर आउने पर्यटन धेरै देखिन्छ । वार्षिक कतिको सङख्यामा पर्यटक आउँछन् भन्ने आंकडा नराखिएतापनि वर्षेनी थपिने क्रम जारी छ । धार्मिक आस्थाको केन्द्र मानिने यस मन्दिरका कारणले सांस्कृतिक पर्यटनको सम्भावनाको उच्च छ ।

**दुर्गा मन्दिर :**अन्तर्वाताका क्रममा मिति २०७६।४।५ गते जगत प्रसाद उपाध्यायका अनुसार उत्कृष्ट सिंगरमरमरत प्रयोग गरि वि.सं २०७० यो मन्दिर बनेको हो । यो ताल परिसरभित्रको आकर्षक मन्दिर मानिन्छ । भूतप्रेतबाट मुक्ति पाउने विश्वासमा भक्तजनको आगमन वढ्दो गतिमा पाइन्छ । दशैको अष्टमीका दिन बलि चढाउनेदेखी ध्वजा भण्टा चढाउन टाढाटाढाबाट आउने हुँदा यस मन्दिर पनि पर्यटन आकर्षणको कारण वन्न सक्ने जसको समयमै व्यवस्थित तरिकाले मन्दिरको संरक्षण सम्वर्द्धनमा ध्यन दिएमा यो सांसकृतिक पर्यटनको सम्भावित क्षेत्र हुनेछ ।

**गणेश मन्दिर :**अन्तर्वाताका क्रममा मिति २०७६।४।११ गते पुजारी डिल्ली राज जोशीसँग लिइएको अन्तर्वाताका अनुसार हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र मानिने यस मन्दिरमा गणेशको मूर्ति राखिएको छ । गणेशको जसको दर्शन गरेवापत साइत वन्ने, गरेको काम पुरा हुने, भन्ने विश्वास व्याप्त छ । अतः धार्मिक आस्था बोकेर टाढा टाढाबाट आउने मानिसको संख्या वढेको पाईन्छ । जुन सांस्कृतिक पर्यटनको व्यवस्थित गर्न सके उच्च सम्भावनाको कारण बन्न सक्ने छ ।

**राधाकृष्ण मन्दिर :**सामान्य ईटाबाट शिखरशैलीमा वनेको यो मन्दिरको विवाह लागि प्रशिद्ध मानिन्छ । यहाँ विभिन्न क्षेत्रबाट विवाह सम्पन्न गर्न आउने जोडीको सङख्या उच्च देखिन्छ । अटुट सम्बन्ध रहिरहने भन्ने विश्वासका कारण यो मन्दिर प्रशिद्ध छ जुन सांस्कृतिक पर्यटन विकासको सम्भावित स्थल हुन सक्दछ ।

**महोन्याल मन्दिर :** यस मन्दिरमा आई पूजाआजा गरेमा माटोको हेरचाह हुने जनविश्वास व्याप्त छ । अतः धेरै टाढाटाढाबाट मानिसहरु पूजाआजाका लागि आउने गर्दछन् ।यो पर्यटन विकासको सम्भावित केन्द्र वन्न सक्नेछ ।

**नागेश्वर मन्दिर :** मिति २०७६।४।११ गते पुजारी डिल्ली राज जोशीसँग लिइएको वि.सं. २०७१ मा निर्मित यस मन्दिरमा आइ पूजा गरे ज्वरो निको हुने विश्वास छ । विभिन्न रङ्गको मिश्रणवाट वनेको यस मन्दिरमा आई पूजाआजा गर्ने मानिसको भीड देखिन्छ । जुन मन्दिरका कारण यस क्षेत्रका पर्यटन विकासको सम्भावना छ ।

(७) **जानकी मन्दिर** :अन्तर्वाताका क्रममा मिति २०७६।४।५ गत जगत प्रसाद उपाध्यायका अनुसार वि.सं. २०६५ मा निर्माण भएको यस मन्दिर सौम्य, शान्त मन्दिरका नामले चिनिन्छ । यहाँ आई पुजाआजा गर्नाले मनले आँटेको पुरा हुने विश्वास रहेको छ । त्यसैले मानिसहरु मनलाई शान्त पार्ने हेतु अन्य क्षेत्रबाट आउने गर्दछन् र यो मन्दिरका कारण पर्यटन विकासलाई उच्च पार्न सकिनेछ ।

### ४.५.२. जात्रा पर्व कारणले विकास हुने सम्भावाना

सांस्कृतिक पर्यटनको एउटा पाटो जात्रापर्व पनि हो । वास्तवमा जात्रा पर्व नेपाली संसकृतिको अभिन्न अंग मानिन्छ । नेपालमा मनाउने जात्रा पर्व र उतसवहरु धार्मिक महत्वका र मनोरञ्जनात्मक छन् ।

घोडाघोडी क्षेत्रमा मनाउने पर्व मुलतः जात्रा पुजा शिवरात्री, माघे संक्रान्ति, ल्वाङ्गी पूजा लगायत छन् र यस क्षेत्रमा मनाउने मेला पुजा पर्व पर्यटन सम्भावनालाई कत्तिको उच्च वनाउने छ भन्ने वारे चर्चा गरिनेछ ।

**कृष्ण अष्टमी :** मिति २०७६।४।११ गते पुजारी डिल्ली राज जोशीसँग लिइएको अन्तर्वाताकाअनुसार कृष्ण अष्टमी पर्व भाद्र शुक्ल अष्टमीका दिन मनाइने यस क्षेत्रको महत्वपूर्ण पर्व मानिन्छ । धार्मिक पर्वमा ब्रत वस्ने र कृष्णको पुजाआजा गर्न घोडाघोडीको राधाकृष्ण मन्दिरमा आउने मानिसको संख्या यस दिनमा उच्च मानिन्छ जुन साँस्कृतिक पर्यटनको माध्यम बनेको छ । यस दिन यस क्षेत्रमा ठूलो मेला लाग्ने धार्मिक आस्था बोकेको मानिसको जमघट टाढाटाढाबाट आउने हुँदा महत्वपूर्ण पर्व मानिन्छ ।

**नववर्ष :** मिति २०७६।४।११ गते पुजारी डिल्ली राज जोशीसँग लिइएको अन्तर्वाताका अनुसार वैशाख १ गते : यो साल वैशाखबाट सुरु हुने हुँदा नववर्ष मनाउने चलन यस क्षेत्रमा रहेको छ । यस दिनमा नाचगान गर्ने, मिठोमिठो खानेकुरा खाने, शुभकामना आदनप्रदान गर्ने हुने हुँदा पर्यटन विकासको आधार मान्निछ ।

**माघेसंकान्ती :** अवलोकन र अध्ययन अनुसार माघ १ गते यो पर्वमा यस क्षेत्रमा ठूलो मेला लाग्ने, तालकिनारामा स्नान गर्न धार्मिक आस्था वोकर आउने मानिस सालसालै बढ्दो छ । सांस्कृतिक पर्यटनको विकासका लागि यो राम्रो पक्ष हो ।

**ल्वाङ्गी पूजा :** अर्न्तवार्ताका क्रममा जगतप्रसाद उपाध्याय अनुसार ल्वाङ्गी पूजा प्रत्येक वर्ष मंसिर महिनाको सिता विवाह पञ्चमीका दिन भव्य रूपमा  मनाउने चलन छ । थारु समुदाय यस दिन टाढाटाढाबाट मानिस आई वंगुर, परेवा वलिदिई पुजा गर्छन् । अतः यो पर्व सांस्कृतिक पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने आधार हो ।

**शिवरात्री मेला :** घोडाघोडी मञ्चका अध्यक्ष दिपेन्द्र शाही संग मिति २०७६।३।२७ गते लिइएको अनुसार शिवरात्री पर्व फाल्गण कृष्ण चर्तुदशीका दिन मनाइन्छ यस दिन घोडाघोडी क्षेत्रमा ठुलो मेला लाग्दछ ।

वि.सं २०७५ मा लगभग एक लाख भक्तजन मेला आएका थिए अतः कारणबाट सांस्कृतिक पर्यटनको वृद्धिमा मेलाले पनि ठूलो सहयोग गरेकोछ ।

**महोन्याल जात्रा** :विभिन्न अध्ययन अनुसार चैत्र शुक्ल पक्षमा लाग्ने महोन्याल जात्रामा धार्मिक पुण्य कमाउने आस्थाका साथ टाढाटाढा जिल्लाबाट आउने क्रम प्रत्येक वर्ष बढ्दै छ अतः यो पर्वका माध्यमबाट यहाँ सांस्कृतिक पर्यटन विकास हुने सम्भावना देखिन्छ ।

**होली पर्व** : यस घोडाघोडी क्षेत्रमा फागुन पुर्णिमाको दिन फगुवा होली पर्व को मेला लाग्ने अनेक रङ लगाउन र हर्षउल्लास मनाउन टाढाटाढाबाट जम्मा हुने हुँदा यस पर्वको उत्तिकै महत्व मानिन्छ ।

### ४.५.३. जनजातीय संस्कृतिका कारणले विकास हुने सम्भावाना

जात जनजाति तथा तिनीहरुको क्रियाकलाप सँस्कृतिक पर्यटनको महत्वपूर्ण पाटो हो। धेरै जसो पर्यटकहरु विभिन्न प्रकारका जाति जनजातिँग बोल्ने, भेट्ने, विचारहरु वुझ्ने तथा उनीहरुको संस्कृति वुझ्ने मनसायले नेपाल आएका हुन्छन् । जाति जनजातिका आफ्नै प्रकारका पर्व उत्सव मेला र परम्परा रहेका हुन्छन् । खानपीन, लुगाफाटा र गरगहना आफ्नै प्रकारका हुन्छन् । तसर्थ यस्ता विषयवस्तु हेर्न वुझ्न जान्न र तिनीहरुको अध्ययन गर्न गन्तव्य स्थलनमा जाने गर्छन् ।

घोडाघोडी ताल क्षेत्रमा विभिन्न जात जातिका वसोवास गर्ने भएता पनि थारु संस्कृति अरु भन्दा भिन्न र धनि भएको कारण यस जातिको संस्कृतिको अवलोकन अध्ययन गर्न आउने कुराअध्ययन बाट थाहा पाइन्छ । थारु सांस्कृतिका निम्न पक्षको अवलोकन र अध्ययन गर्न आउने गर्छन् ।

**थारु जातीः** नेपालका प्राचीत जातिहरुमा थारु पनि पर्दछ । थारु जाति मूलतः तराईका वासिन्दा हुन् ।

अवलोकनका क्रममा यिनीहरुको मत्वपूर्ण संस्कारलाई हेर्न आउने मानिसको संख्या यस क्षेत्रमा दिननुदिन वढ्दो छ ।

**संस्कार** :मिति २०७६।४।८ गते मन्न ुचौधरीसँग लिइएको अन्तर्वाता अनुसार सर्वप्रथम वच्चा जन्मेको तेस्रो दिनमा भिउ (मकैको सातु र सख्खर) देवतालाइ चढाएर सुत्केरीलाई खानदिने र छोरी जन्मे ९ दिनमा र छोरा जन्मे १० दिनमा चोख्याउने र नामकरण गर्ने चलन ५/६ वर्षमा मामाद्धारा छेवर कार्य गर्ने चलन जस्तो सांस्कृतिक विविधतालाई अवलोकन र अध्ययन गर्न यस क्षेत्रमा आउने हुँदा सांस्कृतिक पर्यटनका लागी उच्च वनाउन सकिने छ ।

**विवाह संस्कार** : २०७६।४।१३ गते मन्नु चौधरीसँग लिइएको अन्तर्वाता अनुसार केटीतर्फबाट केटा खोज्ने काम हुन्छ । केटा र केटीलाई देखाएर कुरा मिलेपछि १६ वटा सुपारी साटासाट गरि विवाहको टुङ्गो लगाईन्छ । विवाहको दिन पुरोहित गुरुवाले केटालाई तेल छर्केर आर्शिवाद दिन्छ । विवाह सम्पन्न हुन्छ । साझमा वेहुली अन्माउँदा विषको कचौरा राखिदिने चलन छ । वाटामा कुनै ठूलो समस्या आइपरेमा सो पिएर आत्मदाह गर्नु भन्ने अभिप्राय हो । यस्तो वैवाहिक संस्कारको अध्ययन अवलोकनमा मानिस आउने हुँदा यस क्षेत्रमा सांस्कृतिक पर्यटनको वैवाहिक संसकार पनि वनन सक्ने देखिन्छ ।

**पहिरन** :२०७६।९।३० गते भलमन्सा डम्मर चौधरीसँग लिइएको अन्तर्वाता अनुसार यस क्षेत्रमा वस्ने थारुहरको धोती, कमिज, भेगुवा र ईटकोट लगाउँछन् भने स्वास्नी मान्छेहरु लेगा र चोलो लगाउँछन् । स्त्रीहरुका गहनाहरु अनेक प्रकार्का हुन्छन् । घाटीमा विभिन्न थरीका माला, हातमा बाजु, नथुनी कानमा मुन्द्री प्राय चाँदिको लगाउने, कानमा ठूलाठूला प्वाल पारेर कर्णफूल लगाउने, गोदना खोपाएर आफ्नो शरिरमा नाम लेख्ने जस्ता पहिरन गरगहनाको अवलोकनका लागी केन्द्र वन्न सक्ने जसका कारण सांस्कृतिक पर्यटनका लागी अध्ययन अवलोकनको राम्रो स्थल वन्नेछ ।

**चाडपर्व** : २०७६।९।३० गते भलमन्सा डम्मर चौधरीसँग लिइएको अन्तर्वाता अनुसार यिनीहरुले 'वडका इतिवार' ल्वाङ्गी पूजा माघी पर्व, होली जस्ता पर्वहरु मनाउने गर्दछन् । वडका ईतिवारमा भाद्र महिनाको अन्तिम आईतवार मनाउछन् । देवीदेवताको पूजा गर्ने, नयाँ लुगा लगाउने, माघी माघे संक्रान्तिका दिन सकैको घरमा हली वा कमैया वसेको मान्छेले यसै दिन अर्को वर्ष पनि वस्ने नवस्ने निर्णय गर्दछन् । छोरा छोरीको विवाह निश्चित गर्ने पर्व सांस्कृतिक रुपले महत्वपूर्ण मानिन्छ । यस किसिमका पर्व चाडको अनुसन्धानका निमित्त रमाइलो साटासाटका लागी साँस्कृतिक पर्यटक यस क्षेत्रमा आउने गर्छन। अत या धार्मिक आस्था वोकेका पर्यटनका लागि उत्तम केन्द्र बन्नेछ ।यसरी यस क्षेत्रमा थारु जातिको विशेष अध्ययनका लागी टाढा टाढा बाट आउने गर्दछन । बिशेषत यिनीहरुको सांस्कृतिक पक्षको अध्ययन, अवलोकन गर्नका लागि सहजका हेतु विशेष क्षेत्रमा सांस्कृतिक संग्रहलय खोलेर पनि पर्यटन आकर्षण गर्न सकिने देखिन्छ ।

घोडघोडी ताल क्षेत्रका सांस्कृतिक तथा धार्मिक पक्षको अवलोकोन अध्यन गर्न आउने कुरा थाहा हुन्छ । यिनिहरुको आ-आफ्नै लक्ष्य र उद्देश्य रहेको हुन्छ जसले यस क्षेत्रको सांस्कृतिक पर्यटनको सम्भावना लाई उजागर गर्दछ ।

### ४.६ घोडाघोडी ताल क्षेत्रको साँस्कृतिक पर्यटनका चुनौती

साँस्कृतिक पर्यटन समाज र सँस्कृतिसँग सम्बन्धित रहन्छ । मानवको वर्तमान र विगतको क्रियाकलाप धारणा सोच र पराम्परा देखि लिएर मानव निर्मित वस्तुहरु समेत सँस्कृति सँग सम्बन्धित विषयवस्तु हुन । यस्ता समाज र सँस्कृति सँग सम्बन्धित विषयवस्तुहरु हेन बुझ्न र तीनीहरुको अध्ययन गर्न आउने पर्यटनलाई साँस्कृतिक पर्यटन भनिन्छ । मेरो अध्ययनबाट यस ताल क्षेत्रमा साँस्कृति पर्यटन प्रर्वद्धनका चुनौतीहरु देहाय बमोजिम प्रस्तुत गरेकोछु ।

### ४.६.१ मठ मन्दिर एवम् अन्य स्मारको संरक्षण र संवर्द्धनमा आउने चुनौती

यस ताल क्षेत्रमा घोडाघोडी बाबाको मन्दिर, बगेश्वर मन्दिर, दुर्गा मन्दिर, राधा कृष्ण मन्दिर लगायत हनुमान मूर्ति विष्णुगढी, हवनकुण्ड को समय समयमा जिर्णोद्धर नगरिनु अस्तित्व उत्थानका लागि प्रचार प्रसारका माध्यमको भरपुर प्रयोग नहुनु, जनस्तरबाटै समय समयमा मठ मन्दिरको सरसफाई रङ्गरोगनमा

ध्यान नदिनु, मठ मन्दिरमा हुने जात्राका लागि आवश्यक ठाउँहरु व्यवस्थित तरिकाले चाजोपाजो मिलाउन नसक्नु जस्ता चुनौती रहेका छन् ।

### ४.६.२ चाडपार्व जात्रामा देखिएका चुनौती

चाडपर्व जात्राका लागि चाहिने आर्थिक मानवीय स्रोतको जोखो नगर्न सक्नु, जात्रापर्वमा हुने मानवीय घट्ना लाई न्यूनिकरण गर्न नसक्नु, स्थानिय सरकारबाट सरकोकारवाला पक्षलाई उत्प्रेरणा नगरिनु, टाढा टाढाबाट आउने भक्तजनहरुका लागि आवश्यक शौचालय खानेपानी जस्ता आधारभुत आवश्यकता सम्मको बारेमा सुविधा दिन नसकिनु यहा खडा भएका घोडाघोडी जनजागरण मञ्च, घोडाघोडी ताल तथा सँस्कृति पर्यटन बोर्ड जस्ता संस्थाहरुबाट उल्लेख्य सुधारका उपायलाई लागु गर्न नसक्नु भएको प्रणालीगत विविधतालाई हटाई व्यवस्थित जात्रा पर्वका क्रियाकलाप सञ्चालन नगरिनु जस्तो चुनौती खड्किदो छ ।

### ४.६.३ जनजातीय संस्कृतिको संरक्षणमा रहेका चुनौती

यस घोडाघोडी ताल क्षेत्रमा रहेका विभिन्न जनजातीको संस्कारलाई मध्यनजर गर्दा विशेष अरु भन्दा पृथक थारु जातिको संस्कृति, संस्कारलाई घोडाघोडी ताल क्षेत्रमा पर्यटनको आकर्षण मानिन्छ । यस्तो महत्वपूर्ण थारु संस्कारमा जोगाइराख्न थुप्रै चुनौती थपिएका छन् ।

थारु संस्कारमा रहेको विवाह प्रथालाई हेर्दा केटा केटीको तर्फबाट कुरा मिलेपछि १६ वटा सुपारी साटासाट गरि विवाहको टुङ्गो लगाउने, साझमा बेहुँली अन्माउदा विषको कचौरा राख्ने जस्ता भिन्न संस्कृति लोग हुदै जानु, थारु पुरुषहरुको धोती, कमिज, भेगुवा जस्ता भेषभुषालाई निरन्तरता दिन नसक्नु, महिलाहरु कानमा ठूला ठूला प्वाल पारेर कणफूल लगाउने, गोदमा खोपाएर शरिरमा नाम लेख्ने जस्ता पहिरनलाई संरक्षण गर्नु चुनौती देखिन्छ । त्यस्तै चाडपर्वमा (शनिबार) माघी पर्व होली पर्व जस्ता महत्वपूर्ण रङ्गिला पर्वलाई परम्परागत  अपमान भनाई आधुनिक धारमा मनाउने चलनको पूर्व पहिल्यकै अवस्थामा मनाउन सचेत गराउनु जस्ता थुप्रै संस्कार संस्कृतिमा चुनौती थपिएका हुन् ।

## ४.७ चुनौती समाधानका उपाय

चुनौतीको उपयोग गर्न सके यो अवसरमा बदलिन सकिँछ । यस घोडाघोडी ताल क्षेत्रमा साँस्कृतिक पर्यटनहरुमा भएका चुनौतीलाई समाधान गर्न निम्न उपाय गर्न सकिन्छ ।

### ४.७.१ स्थानिय सरकारबाट चुनौति समाधानका लागि अपनाउनुपर्ने उपाय

स्थानिय सरकारले साँस्कृतिक पर्यटनको प्रवर्द्दनका लागि चाहिने अमूल्य सम्पत्ति जस्तै मठमन्दिर, स्मारकहरु संरक्षण गर्नका लागि उपयुक्त नीतिनियम बनाउने । जात्रापर्व एवम् संस्काहरुको प्रवर्द्दनका हेतु स्थानियबासीलाई उत्प्रेरित गर्ने । थारु जातिमा रहेको साँस्कृतिक विविधताको सबलिकरणका लागि

उनीहरुको प्रर्दशनका लागि स्टेजहरु, भेषभुषा गरगहनाको उचित प्रवन्ध गर्ने । पर्यटकहरुको मनोविज्ञानको विचारगरी उनीहरुको मनोरञ्जनका कार्यक्रमको बढुवामा ध्यान दिने । यस क्षेत्रको साँस्कृतिक पर्यटनको प्रवर्द्नका लागि प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गर्ने । यस ताल क्षेत्रको साँस्कृति पर्यटन प्रवर्द्नका लागि चाहिने वित्तिय श्रोत, मानवीय श्रोतको व्यवस्थाका लागि प्रदेश सरकार सँग पहल गर्ने । यस क्षेत्रको पर्यटनका गतिविधिलाई सार्थक बनाउन व्यवस्था भएका घोडाघाडी जनजागरण मञ्च र घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड, २०७४ का कार्यक्रमको समय समयमा अनुगमन र मुल्याङ्कन गर्ने प्रावधान बनाउनुपर्ने । स्थानिय सरकारका जनप्रतिनीधीले हातेमालो गरी पर्यटकीय गतिविधीका कुराहरुमा प्रचारप्रसारलाई बढुवा दिने । व्यवस्थापकीय पक्षलाई महत्वपूर्ण स्थान दिई यहाँ टिकट, खानपान, बसाईका लागि होटल लज, रेस्टुरा एवम् शौचालयको राम्रो प्रवन्ध गर्नुपर्ने देखिन्छ । सम्पूर्ण सरोकारवाला पक्षसँग अन्तरनिकाय समन्वय गरी पर्यटकीय गतिविधिलाई प्रवर्द्न गर्दै लैजानुपर्ने देखिन्छ ।

### ४.७.२ प्रदेश सरकारबाट चुनौती समाधानका लागि अपनाउनु पर्ने उपाय

यस सुदुरपश्चिम प्रदेश सरकारबाट यस घोडाघोडी ताल क्षेत्र धार्मिक साँस्कृति पवित्र स्थलको प्रवर्द्धनका लागि स्थानिय सरकारलाई आवश्यक वित्तिय स्रोतको जोहो गरिदिनुपर्छ । साँस्कृति पर्यटनका लागि चाहिने अत्यावश्यक वस्तु तथा सेवा (होटल, लज, खानपान, शौचलय) को लागि जनशक्ति, वित्तिय प्रवन्ध आवश्यक निर्देशन उपलब्ध गराउनुपर्छ । स्थानिय सरकारका जनप्रतिनीधी र प्रदेश सरकारका प्रतिनिधी विच यस क्षेत्रको साँस्कृतिक पयर्टनको प्रवर्द्धनका लागि सहाकार्य साझेदारीको भावना निर्माण हुनपर्छ । दुवै सरकार मिलेर संघीय संरक्षण सहयोगको लागि अपिल गर्नुपर्छ । संघीय सरकारलाई यस क्षेत्रको महत्वपूर्ण सम्पदाको बारेमा सुसुचित गराउनुपर्छ । भएका साँस्कृतिक सम्पदाको प्रवलीकरणका लागि चाहिने सामाग्रीको जोखो मिलाउनुपर्दछ । समय समयमा प्रदेश सरकारबाट सम्बन्धित प्रतिनीधी पठाई अनुगमन नियमन गर्न लगाउनुपर्छ । प्रदेश सरकारमा भएको पर्यटन मन्त्रालयले यस क्षेत्रको उत्थानका लागि निशिच्त मापदण्ड तय गरी गृहयोजना बनाउनुपर्छ ।

### ४.७.३ संघीय सरकारबाट चुनौती समाधानका लागि अवलम्बन गर्नुपर्ने उपाय

केन्द्रिय सरकारले यस ताल क्षेत्रको साँस्कृतिक पर्यटनको प्रवर्द्धनका लागि उचित निती निर्णय एव. मागदर्शन तयार गर्नुपर्ने हुन्छ । घोडाघोडी ताल क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि अवलम्बन गरेको कार्यक्रमको समय समयमा जाँच बुझ गर्नुपर्छ । तिनै तहका सरकारमा राजनैतिक प्रतिबद्धता कायम हुनुपर्छ । यस घोडाघोडी ताल क्षेत्रका जनजीवनको उत्थानका लागि लाभको समन्यायिक वितरणको व्यवस्था गरिनुपर्दछ । सँस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रीले समय समयमा यस ठाउको भ्रमण गरी प्रदेश सरकार र स्थानिय सरकारका सरोकारवालालाई उचित मार्गदर्शन गर्न प्रतिवद्धता जाहेर गर्नुपर्छ यस ताल क्षेत्रको राष्ट्रिय स्तरबाट प्रचार प्रसारको माध्यम हो । प्रबन्ध मिलाउनुपर्छ । विनियोजन

बजेटमा दृष्टिगत गर्दै बजेटको पारदर्शी उपयोगको लागि उचित अवलोकन केन्द्रिय सरकारले गर्नुपर्ने देखिन्छ । सँस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले तय गरेका नीती तथा कार्यक्रमलाई यस क्षेत्रका लागि लाभको अवसर उपलब्ध गराउनुपर्दछ । अन्तर्राष्ट्रिय पर्यटन बजारमा यस ताल क्षेत्रको समेत प्रतिनिधित्व हुने रणनीती बनाउनु सक्नुपर्छ । यहाँ स्थानिय जनजातीमा रहेका भएका सँस्कृतिक क्रियाकलापको प्रवर्द्धनका लागि उचित दण्ड पुरस्कारको उपाय अपनाउन सक्नुपर्छ ।

# अध्याय पाँच

## उपसंहार

### ५.१ सारांश

२७२६ हेक्टर क्षेत्रफमा फैलिएको यस घोडाघोडी ताल क्षेत्र प्राकृतिक र साँस्कतिक दुवै हिसाबले सम्पन्न ठाउँ हो । सन २०१३ Aug 13 मा रामसार सूचिमा सूचिकृत सम्पदा हो । जुन ठाउमा प्राकृतिक, धार्मिक, साँस्कृतिक सम्पदाहरु बाट सुसुजित ताल क्षेत्र पर्यटकीय हिसाबले अत्यन्तै सम्भावना बोकेको छ । यहाँ प्राकृतिक विविधताको संगम त्यस्तै साँस्कृतिक सम्पदाको धरोहर क्षेत्र भएतापनि स्थानिय स्तर देखि केन्द्रिय स्तर सम्मको वेवास्ता छर्लङ्ग देखिन्छ । यस क्षेत्रमा सरोकारवाला पक्षले न्यून सहभागिता जस्ता पक्षले थुप्रै चुनौती थपेको छ । यही विषयवस्तुलाई स्थानिय स्तरबाटै उठान गरि केहि समस्याहरु समाधानर्थ हेतु यो शोधपत्र तयार गरेको छु । पहिले भएका अध्ययन अनुसन्धानहरुलाई हेर्दा अन्य तालहरुको खोज अनुसन्धान (जस्तै  विसहजारी ताल, कुभिण्डे दह, जगदिशपुर ताल आदि) को थुप्रै भएको तर यस कैलाली जिल्लामा पर्ने तराई क्षेत्र को साँस्कृतिक पर्यटन सम्भावना एव चुनौतीका विविध पक्षहरुको अध्ययन गर्ने उद्देश्यका साथ मैले यो सोध तयार गरेको छु ।

मैले यस घोडाघोडी ताल क्षेत्रमा साँस्कृतिक पर्यटनको सम्भावना एंव चुनौती शिर्षकमा खोज अनुसन्धान गरी त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास सँस्कृति तथा पुरातत्व केन्द्रिय विभाजन बुझाएको हुँ । यस घोडाघोडी ताल क्षेत्रमा रहेको विभिन्न समस्याहरु मध्ये निम्न समास्याको बारेमा सम्बोधन गरेकोछु ।

१) स्थानिय सँस्कृतिको उत्थान गर्न सकिएको छैन ।

२) थारु समुदायमा पाइने साँस्कृतिक विविधतताको संरक्षण गर्न नसकिनु ।

३) भएका साँस्कृतिक भेषभुषा लगायतका क्रियाकलाप को प्रर्दशनमा यहाँका युवायुवातीहरुमा पाइने लजास्पद भावना रहनु ।

४) दिगो साँस्कृतिक पर्यटन योजनाको कमी रहेको छ ।

५) यस क्षेत्रसँग सम्बन्धित सरोकारवाला पक्षबिच समन्वयको अभाव छ ।

६) मौलिक पहिचान बोकेका गहना, भेषभुषाको अभाव खसकिदो छ ।

७) आफना साँस्कृति मूल्य मान्यतालाई भुलेर आधुनिक सँस्कृतिमा रमाउने परिपाटी छ ।

८) धार्मिक स्थलको जिर्णोधर भएका छैन ।

यस शोधपत्रमा प्रस्तुत गरिएका विभिन्न उद्देश्य अनुसार घोडाघोडी क्षेत्रमा साँस्कृतिक पर्यटनको अवास्थाको विश्लेषण गरेकोछु जस अनुसार यहाँ थुप्रै मठ मन्दिर मूर्तिहरु, कलात्मक वस्तु, चाडपार्व, जात्राहरुको सबलीकरण गर्दै गरिएको पाइयो। जस्तै घोडाघोडी बाबाको मन्दिर, राधा कृष्ण मन्दिर नागेश्वर मन्दिर, राम मन्दिर महोन्याल मन्दिर लक्ष्मी मन्दिर दुर्गा मन्दिर त्यस्तै हनुमान शालिकको निर्माण भएका र जिर्णोद्धार सम्म गर्ने गरिन्छ । साँस्कृतिक भाषाको उत्थान हेतु वि.स. २०५७ साल देखि सनातन धर्म सँस्कृति वेद विद्या आश्रमले पठनपाठन शुद्ध गरि यहाँ सम्म पुगेको छ। प्राकृतिक र साँस्कृतिक पर्यटन विकास र विस्तारका लागि बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड २०७४ को व्यवस्था छ ।

त्यस्तै घोडाघोडी ताल क्षेत्रमा साँस्कृति पर्यटन सम्भावनाका क्षेत्रहरुको विश्लेषण गरेको छ । जस अनुसार अहिले केहि हद सम्म स्थानिय सरकारको प्राथामिकताको क्षेत्रमा यस घोडाघोडी काललाई राखिएको छ । त्यस्तै २००६ Aug 13 मा रामसार सूचिमा सुचिकृत यस ताल क्षेत्रमा प्राकृतिक वनजंगल ५२.५० प्रतिशत विश्वकै दुर्लभ प्रजातिका अजिंगर, सालक, कछुवा, खरायो प्राकृतिक चिडियाखाना लगायत सम्भावित चिजवस्तु पाइयो । त्यस्तै स्थानिय थारु जातिको ल्वाङ्गी पुजा, महाशिवरात्री, थारु संस्कृति चरा अवलोकन केन्द्र साहसिक पदयात्रा (चुरे) हुनु । यसरी माथि उल्लिखत उद्देश्य केहि हद सम्म पुरा भएको पाइन्छ ।

यस शोधपत्रको उद्देश्य पूरा गर्नका हेतु अवलोकन र अन्तवार्ता तथा विभिन्न बुकलेट, पत्रपत्रिका गरी प्राथामिक स्रोत र द्धितिय स्रोतको अवलम्बन गरेकोछु ।

समग्रमा यस अध्ययनबाट घोडाघोडी ताल क्षेत्रमा साँस्कृतिक पर्यटनको सम्भावना पत्ता लगाउँदै थुप्रै चुनौती समस्या समेत अध्ययन अवलोकनबाट प्रष्ट हुन्छ जसलाई माथि उल्लेखितका अलाव तल निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) यस तालको भौगोलिक अवस्था, यसको निर्माण भएको धार्मिक ईतिहास (देवि भागवतको अध्याय १८-२२० मा लक्ष्मी घोडाप्रति आशक्ती र विष्णुबाट सरापित भई यस क्षेत्रमा घोडीका रूपमा आई भक्ति गरिएकोले यस तालको नाम घोडाघोडी जस्ता थुप्रै किंवदन्ती जसको अध्ययन अनुसन्धानका लागी उपयुक्त र स्वच्छ धार्मिक क्षेत्र बन्ने कुरामा दुई मत छैन ।

(२) थारु आदिवासी र यिनको सांस्कृतिक पक्ष यिनिहरुको भेषभुषा, जात्रा पर्व, लुवाईखुवाई फरकपनाले जुन पर्यटनलाइ उत्सुकता प्रदानमा सघाउ पुऱ्याउने छ ।

(३) यस तालक्षेत्रमा रहेको थुप्रै मनिदरहरु जस्तै शिव (घोडाघोडी), दुर्गा, नागेश्वर, राधाकृष्ण लगायत थुप्रै) र यिनको सुन्दर कलात्मक शैली र जनविश्वास जोडिएको कारण धार्मिक क्रियाकलापको उपयुक्त स्थल मानिने छ ।

(४) मानिसको हत्केला आकारको तालको दृष्य र यहाँ रहेका विश्वका लोपोन्मुख भ्याउ, विरुवा जसले पर्यटनलाई आकर्षित गर्न सक्ने कुरा अध्यनबाट थाहा हुन्छ ।

(५) विविध प्रजातिका वनस्पती ४५० भन्दा बढी (असना, साल, सिसौ, कर्मा, कुसुम, पियार, सिमल, वेल आदि) जसको अवलोकन र अनुसन्धानका लागी आकर्षक केन्द्र वन्ने देखिन्छ ।

(६) मुख्य समस्यामा थुप्रै सञ्चारकोअभाव, सुरक्षा तालिम, दक्ष जनशक्तिको अभाव, यातायात, होटल, रेष्ट्राहरु पर्यटन हेतु नभएका देखिन्छ ।

(७) दिगो सांसकृतिक पर्यटन योजनाको कमी र Local resourcesर यातायातको पर्यटनमुखी नभएको देखिन्छ ।

(८) travel को समस्या खडकिलो छ ।

(९) घोडाघोडी ताल क्षेत्र जडिवुटीको लागी, जैविक विविधताबाट सम्पन्न तर राम्रो नीती र राम्रो योजनाको अभाव भएको जनगुनासो पाईन्छ ।

(१०) बाह्रमासे सांसकृतिक पर्यटन आइरहने यस ताल क्षेत्रमा जसको लागी स्थानीय यातायातका साधनको व्यवस्था हुन सकेको छैन ।

(११) पर्यटनको अकर्षणका लागी पर्यटनका जनगुनासो सुन्ने नागरिक वडापत्रको अभाव जसको लागी उचित गुनासो सम्बन्धन हुन आवश्यक देखिन्छ ।

(१२) भएका सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्दै प्रचार प्रसारको माध्यम वढाउनु पर्ने देखिन्छ ।

(१३) घोडाघोडी मञ्चका सकिय सदस्य डि.आर चौधरीका अनुसार यहाँ आउने पर्यटकको उद्धेश्यमा करिब ६०% सांस्कृतिक समपदाको अवलोकन, १५% अनुसन्धानका लागी र २५% प्राकृतिक मनोरममा घुलमिल छन् ।

(१४) यहाँ सांस्कृतिक जात्रा, पर्व (शिरात्री, ल्वाङ्गी पुजा, महोन्याल जात्रा) लाई स्थानिय सरकारबाट उत्थान र संरक्षण गरिने हुदा गरिने हुँदा यो सम्भावानाको आकर्षण केन्द्र बनेको देखिन्छ ।

(१५) जनविश्वास गासिएको यस क्षेत्रमा मनोकामना पुरा गर्ने हेतु अन्य टाढाटाढा जिल्लाबाट आउने हुँदा उपयुक्त धार्मिक स्थलको नामले चिनिने छ ।

(१६) थारु जातिको माटाका घोडा, हात्ती, मयुर साखिया नाँचले थारु समुदायका मानिस लगायत अन्य जातिको भिडभाड जसले सांस्कृतिक पक्षलाई वलियो बनाउने कुरा थाहा पाईन्छ ।

यसरी हेर्दा घोडाघोडी ताल क्षेत्रमा रहेका लोकल होटल, रेष्टुरा, यातायातका साधानहरुको विकास विस्तार गर्नुपर्ने, दक्ष जनशक्तीको व्यवस्थ ागर्ने प्रचार प्सारलाई प्राथमिकतामा राखिनुपर्ने देखिन्छ ।

यस्तो गर्न सकेमा मञ्चका अनुसार वार्षिक ५ लाखको हाराहारमि पर्यटकहरुको संख्या वढाउनका लागी तालमा डुङ्गा सञ्चालनको कार्य विस्तार गरिने, हात्तीमा तालको भ्रमण गर्ने, हात्ती प्रजनन केन्द्र स्थापना गर्ने स्रोतले जनाएको छ, थारु संग्रहालय, चरा संरक्षण कार्यक्रम छिटै संचालनमा आउने घोडाघोडी सांस्कृतिक मञ्चले लिएको जुन सोच लक्ष्य बाट सांस्कृतिक र पर्यावरणीय पर्यटनको आकर्षणको केन्द्रविन्दु हुने कुरा यस घोडाघोडी ताल क्षेत्र देखिन्छ ।

## ५.२. निष्कर्ष

घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको संम्भावना शिर्षकमा रहेको मेरो शोधपत्रका अनुसार अनुसन्धानको निष्कर्ष निम्नानुसार रहेका छन्:

१) घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको अवस्थालाई हर्ने हो भने सकरात्मक र नकारात्मक दुबै भेटन सकिन्छ ।

सकारात्मक बिषयबस्तु चाही यस ताल परिसर भित्र रहेको थुप्रै मठमन्दिर, मुर्तिहरु, बिभिन्न सुन्दर शैलिका घोडाघोडी बाबाको मन्दिर, दुर्गा मन्दिर, राधा मन्दिर, नागेश्वर मन्दिर, राम मन्दिर, महोन्याल मन्दिर लगायतका मन्दिरले सुसोजित पाईन्छ । त्यस्तै हनुमान शालिक, बिष्णुगद्धी, हवनकुण्ड देखि थारु सम्पूदायका चर्यानित्य, मयुर नित्य, सखिया नाचँ जस्ता सांस्कृतिक बिशेषताले भरिपुर्ण छ । अन्य जातजातिका लोकनित्य, रहनसहन, लवाईदवाई, बिभिन्न चाडपर्ब, दशै तिहार, फागु पर्ब, माघि लगायत आआफ्नै सांस्कृतिक कियाकलापले लपटिएको पाईन्छ ।

सांस्कृति भाषाको उत्थानका हेतु सांस्कृतिक भाषाको पाठशाला, बिभिन्न किवंदन्तीको थलोका रूपमा परिचित छ । यसरी घोडाघोडी मञ्चका अनुसार २०७५।०७६ मा बिगतको बर्षको तुलनामा २९७ जना बढि आन्तरिक र ११५ जना बढि बाह्यपर्यटक आएका जुन बिगत भन्दा बढ्दो गतिमा छ । त्यस्तै नकारात्मक बिषयमा भने यहाँ माथि उल्लेखित थुप्रै पर्यटनका लागी आकषर्ण गर्ने कियाकलाप बस्तुहरु भएतापनि यिनिहरुको जिर्णोद्धार समयमा नभएको पाईन्छ । यिनिहरुको प्रचारप्रसारको कमि, सांस्कृतिक पर्यटनको बसाईसराईका लागी बिभिन्न होटल, लज, रेष्टुरा, यातायाताका साधनको कमी पाईन्छ । चर्पि, पर्यटन सम्बन्धि भवनहरुमा अपेक्षित चाहेको अनुसार नभएको यहाँ आउने पर्यटनको गुनासो पाईन्छ ।

२) घोडाघोडी ताल क्षेत्रको पर्यटनको संम्भावनाका क्षेत्रलाई बिश्लेषण गर्नुपर्दा यस शोधमा थुप्रै स्थान, बिषयको चर्चा गरिएको छ । यस क्षेत्र पर्यटन र सांस्कृतिक पर्यटन दुबैका लागि संगम स्थल मानिन्छ । यस ताल सन् २००३ मा रामसार सुचिमा सुचिकृत भएको सत्यता, सुन्दर आर्कषक, रमणिय स्थल बृहत घोडाघोडी ताल तथा पर्यटन बिकास बोर्ड, २०७४,पृ-२ का अनुसार बनजंगल ५२.५ %, ताल क्षेत्र ६.१%, हरिहासँ, मगर गोही, बन धान, बिश्वकै दुर्लभ प्रजातिका अजिंगर, सालक, कछुवा, खरायो जसले ठुलो जैबिक महत्व बोकेको पाईन्छन । त्यस्तै यस क्षेत्र धार्मिक स्थलको रूपमा पनि प्रसिद्ध छ । स्थानिय थारुहरुले ल्वाँगी पुजा गर्ने तथा महाशिवरात्री, माघी संक्रान्ति मनाउने पर्बका कारणले पनि बिशिष्ट क्षेत्र मानिन्छ । घोडाघोडी नगरपालिका र बृहत घोडाघोडी ताल तथा पर्यटन बिकास बोर्डको बुकलेट बि.सं

२०७४ का अनुसार यस ताल क्षेत्रका संम्भावनाका बिषयबस्तुमा पर्यटन पछि अभयारण्य, प्राकृतिक चिडिया खाना रहेका छन । त्यस्तै थारु संस्कृति चरा अवलोकन क्षेत्र, साहसिक पदयात्रा (चुरे), जंगल पदयात्रा घोडाघोडी देखी चुरे भावर प्रदेश सम्म यसका महत्वपूर्ण पर्यटकीय संम्भावनाका क्षेत्र रहेका कुरा थाहा हुन्छ ।

यद्यपि यि माथि उल्लेखित पर्यटकीय क्षेत्रमा हुने बनअतिक्रमण, आगलागी, चोरी सिकार, भुक्ष्य, अव्यवस्थित बिकास निमार्ण जस्ता क्रियाकलापको बढदो समस्या पनि देखिन्छ । यस्ता क्रियाकलापको समयमै न्यूनिकरण गर्नु यस ताल क्षेत्रको आवश्यकता रहेको छ र यस क्षेत्रको रूपमा बिकास गनेपर्ने देखिन्छ ।

३) सांस्कृतिक पर्यटन बिकासका मुख्य समस्या एवं चुनौतीलाई हेर्ने हो भने यहाँ पाईने स्थानिय संस्कृतिको उत्थान गर्न सकिएको छैन । थारु समुदायमन पाईएका सांस्कृतिक बिबिधताको संरक्षण गर्न नसकिनु, भएका सांस्कृतिक क्रियाकलापको प्रदर्शन गर्नमा अहिलेका युवायुवतिहरुमा पाईने लजास्पद भावना, संरक्षणका लागी स्थानिय सरकार बाट नदेखिएको चासो र सरोकार पक्ष सगं समन्वयको अभाब जस्ता थुप्रै बिषयहरु पर्दछन् ।

सांस्कृतिक क्रियाकलापका लागी चाहिने ठाउँको अभाब, मौलिक पहिचान बोकेका गरगहना, भेषभुषा को अभाब खडकिनु, आफ्ने संस्कृतिक मुल्यमान्यता लाई बिर्सिएर आधुनिक संस्कृतिमा रमाउने परिपाटी देखिनु, भएका मठ मन्दिर, धार्मिक स्थलहरुको जिर्णोद्धार नभएको पाईन्छ । धार्मिक स्थल र क्षेत्रको बिकास र सहकार्यमा सरोकारपक्षको छलफल र अर्न्तक्रियाको अभाब पाईन्छ थुप्रै समस्या रहेको देखिन्छ् ।

### ५.३. सुझाव

उल्लिखित अध्ययनबाट पत्ता लगाएको आधारमा तल उलिलखित सुझावहरुबाट यस घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको विकास र विस्तार हुनेछ ।

(१) घोडाघोडी ताल क्षेत्रमा आधारभूत पर्यटन सेवा रोड राम्रो, हस्पिटालीटी, सफा पिउने पानिको आपूर्ति, नियमित विद्युत सेवा, सुचना केन्द्र, प्रचारप्रसारको माध्यम, सुरक्षाका उपाय आदिको विकास, विस्तार र व्यवस्था गर्नुपर्ने अनिवार्य देखिन्छ ।

(२) प्राकृतिक सांस्कृतिक महत्व रहेको घोडाघोडी ताल क्षेत्रको वरिपरी रहेका विभिन्न मन्दिर, हवनकुण्ड, आश्रय स्थल विभिन्न कारणले पुराना र जिर्ण भएकाले उचित सम्भार गर्नुपर्ने देखिन्छ ।

(३) यस ताल क्षेत्र वरिपरी रहेका होटल, रेष्टुराका सेवालाई छिटो, छरीतो र गुणस्तरीय बनाई पर्यटनको आवश्यकतालाई पूर्ति गर्नुपर्ने देखिन्छ ।

(४) उचित फोहोरमैला व्यवस्थानका लागि यस क्षेत्रको ठाउँठाउँमा फोहोर राख्ने भाँडो र सुचना गरिनुपर्छ । (Polluterpays principleअपनाउने)

(५) सकेसम्म भएका यातायातका साधानहरुलाई सुधार गर्दै आवश्यकताअनुसार थप यातायातका सेवाको प्रबन्ध गराउनुपर्छ ।

(६) थारु समुदायका वासिन्दाको संस्कृति जगेर्ना गर्दै आफ्नो चालचलन संसकारको बढुवा दिने किसिमको चेतना विकास गर्ने ।

(७) यहाँ भएका सांस्कृतिक सम्पदाहरुको प्रचारप्रसारका माध्यमबाट स्थानिय राष्ट्रिय हुदै अन्र्तराष्ट्रियस्तर सम्मको पहुँच बनाउने ।

(८) यहाँ भएका धार्मीक स्थल, मठमन्दिरको सुचना दिने, सूचना बोर्ड, बुकलेट राखी घुम्न आउने भक्तजनहरुलाई सहज वातावरण सृजना गर्ने ।

(९) स्थानीय सरकारले सकेसम्म कार्यन्वयन योग्य नीति यस क्षेत्रका लागी बनाई पालना गर्न शसक्त हुने ।

(१०) ताल र भएका सम्पदा र वनाउनुपर्ने सम्पदाका लागी आएको बजेटको पारदर्शी रूपमा  प्रयोग को व्यवस्था गर्नुपर्ने ।

(११) शुलक, दस्तुर सेवालाई वैज्ञानिक तवरले सञ्चालन गर्ने ।

(१२) पर्यटन सेवालाई प्रभावकारी बनाउन उचित, दक्ष जनशक्ती व्यवस्थापन गर्न तालिमको प्रबन्ध मिलाउने ।

(१३) स्थानीय स्तरको सहभागीतामा भएका मठमन्दिरको कुण्ड लगायत सांस्कृतिक सम्पदाको संरक्षण सम्वर्द्धन गर्नुपर्ने देखिन्छ ।

(१४) पुराना मठ मन्दिर, आश्रयस्थल, विसौनी, प्रवलीकरण गर्नुपर्ने देखियो ।

(१५) धार्मीक अनुष्ठान, पुजा, जात्रा पर्वलाई उचित व्यवस्थापन Promote गर्दै भक्तजनहरुलाई सरल र सहज सेवा उपलब्ध गराउने ।

(१६) संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयलाई स्थानीय स्तरका सरकार तथा यस तालको संरक्षणका लागि घोडाघोडी संरक्षण तथा जागरण मञ्चले समन्वय, सहयोगका लागी पहल उठाउने ।

यस अध्ययनले घोडाघोडी ताल क्षेत्रमा सांस्कृतिक पर्यटनको सम्भावनालाई देखाउँछ । यो ताल क्षेत्र उकदमै अलौकिक दृश्य भएको सुन्दर आकर्षक मन्दिरहरु, हवनकुण्ड, आश्रयस्थल, विविध प्रजातिका चरा, वन्यजन्तु र वनस्पति, थारु जातिको मौलिक संसकृति, विभिन्न भाषा, भेषभुषा, रहनसहनले भरिएको क्षेत्र, सभ्य शिष्ट संस्कारिक व्यवहार भएका स्थायीबासि, विभिन्न जात्रा, पर्व, मेला र धार्मिक अनुष्ठानहरु दिनहुँ जस्तो हुने कारणबाट यो घोडाघोडी तालक्षेत्र के कसरी सांस्कृतिक पर्यटन विकासको कारण बन्छ भन्ने कुराको विश्लेषण गर्न सकिन्छ । यो क्षेत्रमा आउने भविष्यमा पर्यापर्यटनको शिर्षकमा

खोज अनुसन्धानका लागि उपयुक्त पनि ठहरिनेछ र पर्यटनको संम्भावनाको क्षेत्र बन्न सक्छ भन्ने कुरामा अध्यन गरिएको छ ।

निष्कर्षमा, यस ताल क्षेत्रमा सांसकृतिक पर्यटन विकासका लागि केही समस्या देख्यौँ जसले तिब्रदरमा सांस्कृतिक पर्यटनको विस्तारमा बाधा पुऱ्याउनेछ तसर्थ, यस किसिमका समस्या समाधानका लागी स्थानीय सरकार देखी संघिय सरकारले उचित नीतिको निर्माण गरी यसमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

## परिशिष्ट :१

## अर्न्तवार्ताको उत्तरदाताको विवरण

| क्र.सं. | नाम थर | उमेर | परिचय | अर्न्तवार्ता मिति वि.सं. |
|---|---|---|---|---|
| १. | श्रि जगत प्रसाद उपाध्याय | ३२ | घोडाघोडी मन्दिरका साधु | २०७६।०४।०५ |
| २. | श्रि दिपेन्द्र शाही | ५९ | घोडाघोडी क्षेत्र संरक्षण मञ्च का अध्यक्ष | २०७६।०३।२७ |
| ३. | श्रि मन्नु चौधरी | ३२ | स्थायी बासिन्दा घोडाघोडी नगरपालिका ८ दिपनगर कैलाली | २०७६।०४।०८ |
| ४. | श्रि दयाराम चौधरी (डि. आर चौधरी) | ४५ | घोडाघोडी पर्यटन विकास बोर्ड का अध्यक्ष | २०७६।०४।१५ |
| ५. | श्रि डिल्लीराज जोशी | ७२ | भद्रोन्याल मन्दिरका पूजारी | २०७६।०४।११ र १८ गते |
| ६. | श्रि भख्खन चौधरी | ३० | स्थायी बासिन्दा घोडाघोडी नगरपालिका | २०७६।०४।१६ |
| ७. | श्रि डम्बर चौधरी | ४० | घोडाघोडी युवा क्लबका अध्यक्ष | २०७६।०९।३० |

# सन्दर्भ सामाग्री


**English:**

Kafle, G. (2005). *Avifaunal Survey and Vegetation Analysis Focusing on Threatened and Near-Threatened Species of Ghodaghodi Lake of Nepal.* Retrived from www.researchgate.net

Kafle, G. & Karki, J. B. (2007).*Flora and Fauna of Ghodaghodi Lake Area.* Retrived from www.researchgate.net

Khanal, S. (2010).Change Assessment of forest cover in Ghodhaghodi lake area in Kailali district of Nepal. *Banko Jankari,* Vol. 19, No. 2.

Kharel, S. (2072 B.S.) *Rural Tourism in Nepal*,Kathmandu: Quest Publication.

Ministry of Culture, Tourism & Civil Aviation (2018).*Nepal Tourism Statistics 2017*. Available at:www.tourism.gov.np

Ministry of Culture, Tourism and Civil Aviation (2014).*Tourism Employment Survey 2014*. Access in,www.tourism.gov.np

Pradhan, S. (2013).*Types of Tourism.* Available at: http://www.buzzle.com.

Pradhanang, S.B. (2009). *The New Village Tourist Destination of Nepal*. New Delhi: Adroit publishers.

Satyal, Y. (2002). *Tourism in Nepal.* Delhi: Adroit publishers.

Seyed S. M. et al, (2016). Defining Cultural Tourism.*International Conference on Civil, Architecture and Sustainable Development (CASD-2016)* Dec. 1-2, 2016 London(UK).https://doi.org/10.15242/IICBE.DIR1216411.

Ugurlu, T. (2010).*Definition of Tourist /Who is Tourist, What is the Comprehensive Definition of Tourist?* Available at: http://www.tugberkugurlu.com

Upadyaya, P. (2008).*Reading in Rural Tourism*, Kathmandu: Sunlight Publication and Student's Books.

World Travel & Tourism Council, (2017).*Travel & Tourism Economic Impact 2017*. Access in www.wttc.org

**नेपाली :**

खतिवडा, सोम प्रसाद, (२०७४), *नेपालमा सांस्कृतिक पर्यटन,* काठमाडौँ: एम. के. पब्लिकेसन र बितरक ।

पराजुली, कुलचन्द्र र रेग्मी विष्णुहरी, (२०७६), *प्रशासनिक अभिरुचि परीक्षण सञ्जीवनी,* काठमाडौं: प्रज्ञान प्रकाशन प्रा. लि. ।

पान्डे, विशाल, (२०७६), घोडाघोडी मन्दिर परिसर सरसफाई । Retrived on 2019 March 4 from www.himalpostghodaghodi.com

मसाल, केबी, (२०७४), घोडाघोडी ताल पर्यटनको गन्तव्य । Retrived on 2017 Oct 28 from www.raptisamachar.com

मिश्र, प्रकाश (२०७६), अतिक्रमणको जोखिममा घोडाघोडी ताल । Retrived on2019 August 27 from www.hamrakura.com

संस्कृति, पर्यटन तथानागरिक उडड्यनमन्त्रालय (२०६५), *पर्यटन नीति २०६५,*www.tourism.gov.np

परिशिष -२

सान्दर्भिक तस्वीरहरु



चित्र नं. १ घोडाघोडी ताल



चित्र नं. २ घोडाघोडी बाबाको मन्दिर



चित्र नं. ३ दुर्गा मन्दिर



चित्र नं. ४ गणेश मन्दिर



चित्र नं. ५ नागेश्वर मन्दिर



चित्र नं. ६ महोन्याल मन्दिर




**चित्र नं. ७राधाकृष्ण मन्दिर**





**चित्र नं. ८ हवनकुण्ड**



चित्र नं. ९ विष्णुगढी



चित्र नं. १० हनुमानमूर्ती



**चित्र नं. ११ राम मन्दिर**